# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



नेपालको लुम्बिनी बनमा राजकुमार सिद्धार्थ (भविष्यको शाक्यमुनि बुद्ध) माता मायादेवीको कोखबाट बैशाख पूर्णिमाकै दिन जन्मनु भएको दृश्य ।

वर्षः ४२, अङ्कः २

बु.सं. २५६८, स्वाँया पुन्हि

# धम्महल, धर्मकीर्ति विहारय् जुगू न्हिच्छियंकं अभिधर्म पाठया किपा:



धर्मदेशना यानाबिज्यास्य श्रद्धेय धम्मवती गुरुमां




धम्मसङ्गणी पाठ याना बिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं धम्मवती, अग्गञाणी, दानवती व सुवण्णवती




विभङ्ग पाठ याना बिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं कुसुम व इन्दावती




धातुकथा पाठ याना बिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं त्यागवती, अरियञाणी व पवरञाणी




पुग्गलपञ्ञति पाठ याना बिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं केशावती व खेमावती



कथावत्थु पाठ याना बिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं वीर्यवती व बुद्ध पालि




यमक पाठ याना बिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं सुमना व उपनन्दा




पट्ठान पाठ याना बिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं वीर्यवती व अमता

प्रकाशक र विशेष सल्लाहकार

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

सम्पादक

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

सम्पादन सहयोगी

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

व्यवस्थापकहरू

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

कार्यालय

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८
नेपाल सम्बत् ११४४
इस्वी सम्बत् २०२४
बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

## 2568 BAISAKH FULL MOON DAY

## २५६८ औं वैशाख पूर्णिमा

**23rd MAY 2024**


| वर्ष- ४२ | अङ्क- २ | स्वांया पुन्हि | जेठ २०८१ |
|---|---|---|---|





**निधीनं व पवत्तारं – यं पस्से वज्जदस्सिनं।**
**निग्गह्यवादिं मेधाविं – तादिसं पण्डितं भजे।**
**तादिसं भजमानस्स – सेय्यो होति न पापियो।**

**थ:गु दोष क्यनाबीम्ह व्यक्तियात, गाडेयानात:गु धन क्यनाब्यूम्ह कल्याणमित्र धका: भापीमा: । पण्डितपिसं थ:त न्वाना: न्वाना: स्यनेकने याइम्हनाप सतसंगत याई । अज्या:पिं व्यक्तिपिं नाप सतसंगत या:म्ह व्यक्तिया अभिवृद्धि हे ज्वी। हानी ज्वी मखु।**

**आफ्नो दोष देखाइदिने व्यक्तिलाई गाडिएको धन देखाइदिने मित्र भन्ने ठान्नु पर्छ । ज्ञानीहरू आफूलाई हप्काउँदै सिकाउने व्यक्तिको सत्संगत गर्न छोड्दैनन् । त्यस्ता व्यक्तिको सत्संगत गर्नाले आफ्नो उन्नति नै हुनेछ। हानी हुने छैन।**

**If you see a man who shows you what is to be avoided, who administers reproofs, and is entelligent, follow that wise man as you would one who reveals hidden treasures; It will be better, not worse, for him who follows him**

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- २५६८ औं बुद्ध पूर्णिमा कसरी मनाउने ? | – | ३ |
| ३) | आवरण चित्र परिचय 'जन्म' | – | ४ |
| ४) | बुद्धत्व प्राप्ति | – | ५ |
| ५) | पञ्चस्कन्ध | – नातीकाजी महर्जन | ९ |
| ६) | स्वार्थी बन्नु हुँदैन | – भिक्षुणी धम्मवती | १० |
| ७) | भिंगु पलाः न्ह्याके | – भरतराज चित्रकार | ११ |
| ८) | स्नेही छोरी "नाग जाति" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | १२ |
| ९) | जिगु जिगु धा धां | – बुद्ध हिरा ताम्राकार | १७ |
| १०) | रूप नन्दा | – शुभवती | १८ |
| ११) | मल वर्ग | – सत्यमोहन जोशी | २२ |
| १२) | भिक्षुणी प्रजापति गौतमीको गुणानुस्मरणमा समर्पित श्रद्धेय धम्मवती गुरुमां | – लोचनतारा तुलाधर | २३ |
| १३) | मिलिन्द - प्रश्नमा अनुमान वर्ग | – शिशिल चित्रकार | २६ |
| १४) | म भएँ ऋषिणी | – माधुरी शाक्य | २९ |
| १५) | आफ्नो अधिनमा छैन केही | – विद्याकुमारी बज्राचार्य | ३० |
| १६) | वैशाख पूर्णिमाको महत्व | – सुभद्रा स्थापित | ३० |
| १७) | धर्म शब्दको अर्थः एक अध्ययन-३ | – कुसलञाणी गुरुमां | ३१ |
| १८) | तृष्णा मार खः | – प्रेमलक्ष्मी तुलाधर | ३८ |
| १९) | Strengthening Peace and Happiness for Human Society | - Ven. Kondanya | ४० |
| २०) | The significant role of Mudita and Upekkha in unifying Buddhists in 21st Century | - Deva Kaji shakya | ४४ |
| २१) | Who is the Buddha ? | - K. Sri Dhammananda | ४७ |
| २२) | Pillars of the Dharma | - Lekh Ratna Shakya | ४८ |
| २३) | धर्मकीर्ति समाचार | – | ४९ |

## ▪ सम्पादकीय ▪

# २५६८ औं बैशाख पूर्णिमा कसरी मनाउने ?

यसपालि हामी २५६८ औं बैशाख पूर्णिमा महोत्सव मनाउँदैछौं । बैशाख पूर्णिमाले शाक्यमुनि बुद्धको अमूल्य गुणहरूलाई स्मरण गराउँछ । उहाँले दिनुभएका अमूल्य शिक्षा एवं ज्ञानहरूलाई स्मरण गराउँछ ।

भगवान् बुद्धले हामीलाई भौतिक एवं मानसिक सुख प्राप्त गर्नका लागि थुप्रै ज्ञानहरू सिकाउनु भएको छ । उहाँले भन्नुहुन्छ –

दुःख मन पर्दैन भने दुःख हुने काम नै नगर्नु । दुःख नहुने काम गर्नको लागि सर्वप्रथम आफ्नो बानी व्यवहार असल पार्नुपर्‍यो । समाजमा, परिवारमा विश्वास पात्र बन्न सक्ने शुद्ध चेतना हुनुपर्‍यो । अर्को शब्दमा भन्ने हो भने आफ्नो चित्त शुद्ध हुनुपर्‍यो । कलुषित एवं छलकपटी दुषित चित्त भएको व्यक्तिको मन कहिले पनि शान्त र सुखी हुन सक्दैन । त्यसैले भौतिक सुखको मात्र आशामा भुल्नु भन्दा दुःखबाट मुक्त हुने लक्षलाई हामीले अगाडि सार्नु राम्रो हुनेछ । धूर्त बन्दै बढी आशावादी भई आशक्तिपना र लोभीपनाले दुःखलाई निमन्त्रणा गरिरहन्छ ।

एकपटक एक सज्जन व्यक्ति भगवान् बुद्ध समक्ष गई यसरी प्रश्न गरेछ –

"भो भगवान् ! भित्र पनि समस्या र जञ्जालले घेरेको छ, बाहिर पनि समस्या र जञ्जालहरूको जटामा अल्झिएका छौं । यी समस्याहरू कसले सुल्झाउन सक्छ ? यसको उत्तर दिनुहुँदै भगवान् बुद्ध भन्नुहुन्छ –

"जुन व्यक्ति शीलवान् हुन्छ, असल बानी व्यवहार सहितको नैतिकवान् हुन्छ, जो प्रज्ञावान् र विवेक बुद्धिले परिपूर्ण हुन्छ, जसले खराब काम गर्नको लागि लाज र भयको महशूस गर्छ, जसले शील आचरण र प्रज्ञाको अभ्यास गरी चित्त शुद्ध पार्छ, उसले मात्र यी समस्याहरू सुल्झाउन सक्नेछ ।"

भगवान् बुद्धले माथि उल्लेखित ज्ञान बर्द्धक कुराहरूमा आचरण शुद्धि र प्रज्ञा विना दुःखबाट मुक्त हुन नसकिने कुरा प्रष्टाउनु भएको छ । यस शिक्षाको आधारमा हामीले भन्न सक्छौं - हाम्रो जीवनमा आइपर्ने दुःख र समस्याहरूको कारण नै हामीमा रहेका लोभीपना र आशक्तिपना परिपूर्ति गर्नको लागि प्रयोग गरिने खराब आचरणहरू सहितको दुषित मनोभाव युक्त कार्य हो । अर्को शब्दमा भन्ने हो भने दुषित चित्त सहितको कार्य हो ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ –

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं एतं बुद्धानुशासनं**

अर्थात् सबै प्रकारका खराब एवं दुषित नियतको अधिनमा रही खराब कार्यहरू नगर्नु, असल एवं परोपकारी कार्य गर्नु र आफ्नो चित्त शुद्ध गर्नु । सम्पूर्ण बुद्धहरूले दिनुहुने ज्ञान नै यही हो ।

यसरी खराब कार्य नगरी असल कार्यमात्र गरेर मात्र पनि नपुग्ने रहेछ । सबभन्दा प्रमुख कुरा त आफ्नो चित्तलाई सधैं स्मृतिपूर्वक जाँची शुद्ध पार्ने अभ्यास गरिरहनु पर्ने रहेछ । रागले रञ्जित द्वेषले दुषित र मोहले मोहित रहुञ्जेल हाम्रो चित्त दुषित बनि नै रहन्छ । यसरी दुषित रहेको चित्तले स्वार्थको वसमा गई खराब कुरा गर्ने र खराब कार्य गर्न मात्र उत्प्रेरित गरिरहन्छ । जुन कार्यले हामीलाई नकारात्मक फल मात्र प्राप्त भइरहन्छ ।

त्यसैले हामीले आफ्नो चित्तलाई दुषित बनाउने दुषित चेतसिकहरूबाट टाढा राख्ने अभ्यास गर्नको लागि शील, समाधि र प्रज्ञाको खुड्किलो चढ्दै बुद्ध शिक्षालाई व्यवहारमा उतारौं । यसरी नै बैशाख पूर्णिमा मनाऔं ।

आवरण चित्र परिचय

# जन्म

– आचार्य सत्यनारायण गोयन्का
अनुवादः वीर्यवती

गर्भवती भएको दश महिना पूरा भइसकेपछि महामाया देबीले आफ्नो माइती देवदह जाने इच्छा व्यक्त गरिन्। महाराजा शुध्दोदनले उनको इच्छा पूरा गर्नको लागि स्वीकृति प्रदान गरे। महारानी महामाया देबीलाई बिदा दिनको लागि महाराजा शुध्दोदन स्वयं आठ वटा श्वेत घोडाहरूले तानिएका आरामदायी रथमा महारानीका साथ बसी आधा योजन सम्म पुऱ्याउन गएका थिए। त्यहाँ पुगी महारानीलाई पालकीमा बसाई आफू स्वयं कपिलबस्तु फर्के। महारानीका साथ अनेक मन्त्रीहरू र दाश दाशीहरू पनि गएका थिए।

देवदह पुग्नु अगाडि बाटोमा सुन्दर फूलहरूले सजिएको लुम्बिनी स्थित शालवन पनि रहेको थियो। त्यहाँ पुगेपछि महारानी मायादेबीलाई पालकीबाट ओर्लिएर उक्त रमणिय बनको नैसर्गिक आनन्द अनुभव गर्ने इच्छा जाग्यो। आफ्नो ईच्छापूर्ति गर्न उनी फूलहरूले झपक्क ढाकिएको उक्त वृक्षको हाँगा दाँया हातले समातेर जब आफूतर्फ खिँचिन्, तब उनीलाई प्रशव वेदना हुन थाल्यो। तब सेवक सेविकाहरूले पालले घेरेर उक्त स्थानलाई सुरक्षित एवम् अलग्ग पारे। सबै दासीहरू सुत्केरी महारानी महामायादेबीको सेवा कार्यमा जुट्न थाले। केही समय पश्चात् महारानीका गर्भबाट (एक सुन्दर) शिशुको जन्म भयो।

जन्मिसकेपछि बालकले यसरी घोषणा गरे –

१) **अग्गोहमस्मिं लोकस्स** - म लोकमा अग्र छु।

२) **जेट्ठोहमस्मिं लोकस्स** - म लोकमा जेष्ठ छु।

३) **सेट्ठोहमस्मिं लोकस्स** - म लोकमा श्रेष्ठ छु।

यो सत्य वचन थियो। किनभने त्यस समय कुनैपनि लोकमा दश पारमिता, पूरा गर्ने अन्य कोही पनि थिएन। त्यसकारण उहाँ प्राणीहरू मध्ये अग्र, जेष्ठ र श्रेष्ठ हुनुहुन्थ्यो।

उहाँले फेरि यसरी घोषणा गर्नुभयो–

४) **अयमन्तिमा जाति** - यो मेरो अन्तिम जन्म हो।

५) **नन्थिदानि पुनब्भवोति** - अब मेरो अर्को जन्म हुनेछैन।

यो पनि सत्य घोषणा नै थियो।

***(यो घटना वैशाख पूर्णिमाको दिन घटिएको थियो। – सं.)***


लुम्बिनी


बोधगया


सारनाथ


कुशीनगर





# बुद्धत्व प्राप्ति

✍ सत्यनारायण गोयन्का

(सयाजी ऊ बा खिनद्वारा बुद्ध शिक्षा के हो भन्ने विषयमा तीन दिनसम्म लगातार दिनु भएको धर्म उपदेशको एउटा अंश यहाँ दिइएको छ। यो उपदेश उहाँले २३ दिसम्वर, १९५१ मा म्यानमारमा दिनुभएको थियो ।)

आजभन्दा २५४० वर्ष पहिला वैशाख पूर्णिमाको रातमा तपस्वी राजकुमार अहिलेको बुद्धगयाको निजिकै उरुबेला बनमा निरञ्जना नदीको किनारामा पुगेका थिए । त्यहाँ बोधि बृक्षको फेदमा पलेटी कसेर बसे । र उहाँले यस्तो दृढ प्रतिज्ञा गर्नुभयो कि जबसम्म आफूलाई परमार्थ सत्य अथवा सम्यक सम्बोधि प्राप्त हुँदैन तबसम्म त्यसै आसनमा निश्चल भएर बस्नेछु, यस प्रयासमा चाहे आफ्नो प्राण जावोस् तर उनी चल्ने छैन ।

सत्यको अनुसन्धान गर्नको लागि चित्त एकाग्र गर्नु अति आवश्यक थियो । एकाग्रचित्त बनाउनको लागि तपस्वी सिद्धार्थ राजकुमारले खुब प्रयत्न गरे । चित्त एकाग्र हुँदै गयो । तपस्वीले आफ्नो मनोबल मजबूत बनायो । तर सँधै सजिलै एकाग्र हुने चित्त आज अलि चञ्चल थियो । उनले प्रयास गर्दै रहे कि उच्च श्रेणीको चित्तवृत्तिहरू र निम्न श्रेणीको चित्तवृत्तिहरूको संघर्ष भइरहेको थियो । यसैको कारण चित्त एकाग्र हुनको लागि बार-बार बाधाहरू अघि देखापरिरहेका थिए । यी बिघ्नकारी शक्तिहरूको बाधा यति तीब्र थियो कि त्यसलाई पार लगाउन कठिन भइरहेको थियो, यो उनको नयाँ अनुभव थियो । यसभन्दा अघि यस्तो कहिल्यै भएको थिएन । सायद बुद्धत्त्व प्राप्तिको लागि यो अन्तिम संग्राम थियो त्यसैले यस्तो भईरहेको हुनसक्छ । आफ्ना सम्पूर्ण दुष्प्रवृत्ति र समस्त विरोधी शक्तिहरूलाई समेटिएर दुष्ट मार आफैं युद्ध गर्न आएको जस्तो थियो । तर तपस्वीले आफ्नो हिम्मत हारेनन् । विस्तारै-विस्तारै ती विघ्न बाधाहरूसंग डटेर सामना गर्दै रहे । आखिरमा अनेक जन्मदेखि संचित गरेको कुशल कर्म यस्तो समयमा सहायताको लागि आउनु आवश्यक नै थियो । उनले पूर्वजन्ममा दशपारमिताको महान व्रत जुन परिपूर्ण गरेको थियो, यस कार्यका साक्षी रहेका सबै देव ब्रह्माहरूलाई उनले आह्वान गरे र वर्तमान क्षणमा जुन संग्राम चलिरहेको थियो, त्यसमा विजयी हुनको लागि उनको सहयोगको कामना गरे । यस्तो आह्वान गर्ने वित्तिकै आफूले अर्जित गरेको पारमिताका साथ साथै देव ब्रह्माको परम परिशुद्ध अतीन्द्रिय मानसिक शक्तिको सहयोगले चमत्कारी प्रभाव पैदा गऱ्यो । ती घनीभूत दुष्ट शक्तिहरू जुन अघि छिचोल्न गाऱ्हो भइरहेको थियो, अब छिन्न-भिन्न हुन थाल्यो, मानसिक नियन्त्रण दृढ हुन थाल्यो र सम्पूर्ण बाधाहरू सदाको लागि विलीन हुन थाल्यो । जब सारा बाधाहरू हट्दै गए, तब राजकुमारले चित्तको एकाग्रता अझ बढाए, फलस्वरुप मन परम विशुद्ध, प्रशान्त र सुस्थिर हुन पुग्यो । अब विस्तारै भित्रको प्रज्ञा उर्लेर माथि आउन थाल्यो । यस अवस्थामा ती सारा प्रश्नका समाधान स्वतः हुन थाल्यो । तपश्वीले गम्भीर पूर्वक अन्तरदृष्टि द्वारा आत्म निरीक्षण गर्दै गए । प्रकृतिको वास्तविकता निरीक्षण गर्दै गए र उनले अनुभव गर्दै गए कि यो ठोस जस्तो देखिने शरीर वास्तवमा निस्सार रहेछ । यो त केवल असंख्य-असंख्य परमाणुका पुञ्ज मात्र रहेछ, कलापहरूका पुञ्ज मात्र रहेछ । ती कलापहरू पनि यति सूक्ष्म कि वर्षाकालमा रथमा टाँसिएको धूलो सुकेर उड्दा देखिने कणको पनि पचासौं हजार सानो भाग मात्र । यसलाई पनि अधिक ध्यान दिएर हेर्दा त यी परमाणुहरू पनि बगीरहने रहेछ, फेरिरहने रहेछ, ती नित्य स्थिर नहुने रहेछ । यस्तै मनको स्वभाव पनि यस्तै रहेछ । त्यो पनि अत्यन्त अस्थिर छ, सतत परिवर्तनशील छ, प्रतिक्षण उत्पन्न भइरहने र बिनाश भईरहने स्वभावको छ । मन समस्त मानसिक शक्तिहरूको प्रतिक हो । यी मानसिक

शक्तिहरू पनि निरन्तर प्रवाहमान छन् र यो प्रवाह अनादि कालदेखि अविच्छिन्न रूपमा चल्दै आइरहेको छ ।

अब सिद्धार्थले बुझ्दै गए, आफ्नो ज्ञान चच्क्षुद्वारा आत्म निरीक्षण गर्दै थाहा पाए कि यो शरीर त सार हीन रहेछ । तीक्ष्ण समाधिद्वारा अणु-अणुलाई हेर्दै गए, कलापहरूलाई परीक्षण गर्दै गए, त्यसको अनित्य स्वभावलाई ध्यान दिए तब थाहा पाए कि ती शून्य हुँदै गए, तिनको कुनै अस्तित्व नै रहेनछ । ती त केवल स्वभाव मात्र रहेछन् । केवल "पञ्ञति" अथवा प्रज्ञप्ति मात्र रहेछ । यस प्रकार यस प्रज्ञप्ति सत्यलाई अतिक्रमण गरेपछि परमार्थ सत्य प्राप्त गरे, त्यसको सही स्वभावलाई थाहा पाए ।

यसरी जब आफ्नो शरीरको भित्र नाम र रूपको, चित्त र शरीर धाराको निरन्तर प्रवाहमानलाई देखे तब दुःखको साक्षात्कार गरे । यति हुने बित्तिकै भित्रको अहम् भाव टुक्रा हुँदै शून्य हुन थाले  तब दुःख निरोधको अवस्थामा पुगे । त्यहाँ पुगेपछि आत्मभाव अलिकति पनि रहेन; आत्म प्रतिको आसक्ति पूर्णरुपमा समाप्त भयो । तब थाहापाए कि यो शरीर र चित्त दुवै निस्सार रहेछ, खोक्रो रहेछ । यी दुबै मिलेर रहनु एउटा प्रवाह मात्र रहेछ, बाहिरबाट हेर्दा यस्तो ढिको देखिने यी दुवै वास्तवमा परिवर्तनशील रहेछ । कार्य र कारणको नियममा बाँधिएको रहेछ । प्रतीत्य - समुत्पाद अर्थात् कुनै कारण भएकोले नै उत्पत्ति भइरहेको रहेछ । यसको अनुभव हुने बित्तिकै सत्यको साक्षात्कार भयो । तब बोधिसत्त्वमा बुद्धत्त्वको अनन्त गुण जाग्रत हुन पुग्यो र बैशाख पूर्णिमाको त्यो रात बित्नुभन्दा अघि, पूर्वबाट सूर्यको किरण देखिनु अघि नै बुद्धत्त्वको ज्ञान हासिल भयो । अब राजकुमार सिद्धार्थले साँच्चै सम्यक सम्बोधि प्राप्त गरे र सम्यक सम्बुद्ध बने । प्रकाशमान ! सर्वज्ञ ! जागृत यस्तो कि सारा संसार सुतिरहेका थिए, सपना देखिरहेका थिए; प्रकाशमान यस्तो कि सारा संसार अंधकारमा भट्किरहेका थिए, यताबाट उता ठक्कर खाँदै थिए । सर्वज्ञ यस्तो जस्को तुलनामा सारा मानिसहरू केवल अविद्याको मात्रै जानकारी राख्दथे ।

सम्यक सम्बोधि प्राप्त भएपछि ४९ औं दिनसम्म उहाँ मौन रहनु भयो । पहिलो सात दिनसम्म बोधि बृक्षको मुनि रहेर र अन्य सात-सात दिन त्यहीं विभिन्न स्थानमा रहेर विमुक्ति सुख-निर्वाण  सुखको आनन्द लिंदै रहे । परमार्थ धर्मको सूक्ष्म भन्दा सूक्ष्म विषयमा चिन्तन मनन गर्दै रहे । यसरी चिन्तन-मनन गर्दै उहाँले पट्ठान (हेतु फलवाद) का नियमहरूको तथा चित्त र चैतसिक (चित्तवृत्तिहरू) को सूक्ष्मातिसूक्ष्म पारस्परिक सम्बन्धहरूको विशेष रूपले अध्ययन गरे तब उनको शरीरबाट छः प्रकारका उज्ज्वल किरणहरू बाहिर निस्के र ती किरणहरू विस्तारै मुखमण्डलमा केन्द्रित हुँदै प्रभामण्डलको रूपमा स्थिर भए । भगवानले यी सात हप्ता भोजन नगरिकन बिताए । ती दिनहरूमा भगवानको शरीर साधारण मानवको जस्तो स्थूल नभई सूक्ष्म मानसिक स्तरमा रहेको थियो । सूक्ष्म लोकका प्राणीहरू देव तथा ब्रह्मा आदिलाई आफ्नो पोषणको लागि हामीले झैं ठोस खाना खानु आवश्यक हुँदैन । उनीहरूको भोजन ध्यानको प्रीति, सुखबाट नै हुनेछ, जुन अन्य पोषण भन्दा श्रेष्ठ हुन्छ । भगवान बुद्ध पनि सात हप्तासम्म यसै पोषण तत्त्व सेवन गरेर बाँच्नु भयो । किनकि त्यससमय स्थूल शरीरको सत्ता सूक्ष्म मानसिक स्तरमा रहेको थियो । यस सम्बन्धमा मैले जुन असन्धान गरेको थिएँ त्यस अनुसार म पूर्ण विश्वस्त छु कि यति उच्च मानसिक र बौद्धिक धरातलमा पुग्दा भगवान बुद्धको लागि यो असम्भव थिएन ।

सात हप्तासम्मको लामो समय पछि पचासौं दिनमा बिहान भगवान् ध्यानबाट उठ्नुभयो तब उहाँलाई खानाको आवश्यकता महसूस भयो । सात हप्तासम्म लगातार खान नखाएको हुनाले एकदम कमजोर र ब्याकुल भयो भन्ने कदापि होइन तर सूक्ष्म मानसिक अवस्थाबाट फर्केर ठोस शरीरको अवस्थामा आउँदा साधारण भोक जाग्नु स्वाभाविक नै थियो ।

यसै समय बर्मा देशका दुईजना ब्यापारी आफ्ना सरसामानका टोली सहित उरुबेलाको वनबाट गईरहेका थिए । त्यसै समय कोही सुभचिन्तकले उनीहरूलाई भगवान भर्खरै ध्यानबाट उठ्नु भएको छ उहाँलाई सत्कार पूर्वक अघि गएर महापुण्य लाभित हुन प्रेरित गरे । यी दुवै ब्यापारी तपस्सु र भल्लिक भगवान्को सामू पुगे, भगवान् छः रंगी किरणको प्रभामण्डलद्वारा सुशोभित भएर रहनु भएको थियो । उहाँको यस्तो स्वरुप देखेर दुवै जना ब्यापारी श्रद्धाले विभोर भए । दुवैले भगवान्लाई दण्डवत प्रणाम गरे र आफूसँग ल्याएको चामल र महको स्वादिष्ट भोजन चढाए । भगवान् बुद्धको यो पहिलो भोजन थियो ।

भगवान्ले दुबैलाई श्रद्धालु गृहस्थ उपासक स्वीकार गर्नुभयो । बिदा हुने समयमा उनीहरूले भगवान्सँग स्मरणको लागि केही चिन्ह मागे । ता कि उनीहरूले आफ्नो देश फर्केर त्यसको पूजा अर्चना गर्न सकून् । भगवान्ले उनीहरूको चाहना अनुसार आफ्नो टाउकोको आठवटा केश उखालेर दिनुभयो । ती दुई ब्यापारीले ती केशलाई आफ्नो देशको रंगुनमा श्वेडगोँ स्तूपमा स्थापित गरे ।

यसप्रकार रंगूनका यी दुई ब्यापारीले भगवानको प्रथम उपासक हुने सौभाग्य प्राप्त गरे तर उनीहरूको दुर्भाग्य कि उनीहरू केवल उपासक मात्र भए । उनीहरूले बुद्धलाई प्राप्त धर्मको बारेमा जान्ने थोरै प्रयास पनि गरेनन् । धर्मको अभ्यास विना जन्म, जरा र मृत्युको दुःखबाट कसरी बच्न सकिन्छ र ? हो शुरुमा श्रद्धा हुनु अनिवार्य छ तर मुख्य काम त बुद्धको शिक्षालाई अभ्यास गर्न सकेमात्र आफू दुःखबाट मुक्त हुन सकिन्छ । त्यसैले उहाँले भन्नुभएको छ–

**"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।"**

काम (तपश्या) त तिमी आफैं गर्नुपर्छ तथागतले त केवल मार्ग निर्देश मात्रै गर्न सक्दछ ।

---

जुन सम्यक सम्बोधि प्राप्त गरेर सिद्धार्थ भगवान बन्नुभयो, वास्तवमा त्यो सम्यक सम्बोधि के थियो ? त्यो बुद्ध ज्ञान के थियो, कस्तो थियो– जुन प्राप्त गरेर मानव अध्यात्म दर्शनलाई नयाँ दिशा प्रदर्शन गऱ्यो ।

बोधि प्राप्त हुँदा भगवानले देख्नु भयो– यो अविद्या हो 'म' र 'मेरो' छ भन्ने जुन झूठो आत्मवादी भाव हामीमा छ त्यो नै अज्ञान हो । यसैको कारण संस्कार बन्दछ र जहाँ संस्कार हुन्छ त्यहाँ चैतन्य हुन्छ । यही चैतन्यको कारण चित्त र शरीरको संयोगद्वारा जीवनको धारा प्रवाहित हुन्छ । जहाँ शरीर र चित्तको संयोग हुन्छ त्यहाँ आँखा, कान, नाक, जिब्रो, छाला र मन यी ६ – इन्द्रियहरू र त्यसका ६ वटा विषय रुप, शब्द, गन्ध, रस, स्पर्श र मन हुन्छ । जब यी ६ इन्द्रियहरू आ-आफ्नो विषयसंग स्पर्श हुन्छ तब त्यसको अनुभव हुन्छ । यसै अनुभूतिको कारण विषय प्रति आसक्ति उत्पन्न हुन्छ । यही तृष्णा बृद्धि हुँदै हुँदै तीब्र लालचीको रुप धारण गर्दछ । यसैको पूर्तिको लागि भित्र-भित्र मानसिक, कायिक र वाचिक कर्म गर्दछ, त्यही नै भव-कर्मको कारण बन्दछ । यसै भव-कर्म द्वारा जन्म हुन्छ । जन्म भएपछि बूढो हुनु, रोगी हुनु र मृत्यु हुनु निश्चित भयो । यसप्रकार अविद्या र तृष्णाको कारण दुःखको पहाड बन्दछ ।

तब भगवानले देख्नुभयो कि यो दुःख हो र दुःख उत्पन्न हुनुका कारण यी नै हुन् । यहाँ डराउनु पर्दैन किनभने यस दुःखबाट निस्किन पनि सकिन्छ । दुःखबाट निस्किने बाटो छ, उपाय छ । यही उपाय आर्य अष्टांगिक मार्ग हो । यो आर्य अष्टांगिक मार्ग भनेको के हो ?

यस आठ अंग भएको मार्गलाई तीन भागमा विभाजित गर्न सकिन्छ । पहिलो शील-खण्ड हो । यस अन्तरगत **सम्मावाचा, सम्मा कम्मन्तो र सम्माआजिवो** आउँदछ । शील भनेको सदाचारमय जीवन हो । शरीर र वाणीद्वारा कुनै किसिमको दुराचरण नगर्नु नै शील हो । दोस्रो खण्ड समाधि हो । यस अन्तरगत **सम्मावायामो, सम्मासति र सम्मासमाधि** आउँदछ । अर्थात् निरन्तर प्रयासद्वारा चञ्चल चित्तलाई कुनै एउटा आलम्बनमा केन्द्रित गरेर मनलाई स्थिर र शान्त बनाउनु, चित्त एकाग्र हुनु नै समाधि हो । तेस्रो प्रज्ञाको खण्ड हो । यसको अन्तरगत **सम्मासंकप्पो र सम्मादिट्ठि** आउँदछ । यो ज्ञानको खण्ड हो । ठीक संकल्प गरेर विपश्यना साधनाको अभ्यास गऱ्यो भने प्रज्ञा जाग्रत हुन्छ । भित्रको आँखा खुल्दछ । साधक सचेत हुन्छ, जागरुक हुन्छ र सत्यको साक्षात्कार गर्दछ । सत्यलाई नजिकबाट निरीक्षण गर्दछ, विश्लेषण गर्दछ । शरीर र चित्तको निरीक्षण-विश्लेषण गर्दछ । प्रकृतिको सत्य स्वभावको निरीक्षण-विश्लेषण गर्दछ । विपश्यनाको अभ्यासद्वारा स्वतः अनुभव हुन थाल्दछ कि यो इन्द्रिय जगतको सारा क्षेत्र प्रतिक्षण परिवर्तनशील छ, अनित्य छ । बाहिरबाट हेर्दा सुखदायी जस्तो भएपनि वास्तवमा दुःखमय नै छ । ती सबै सार रहित छ । म अथवा मेरो भन्ने यहाँ केही पनि छैन, यो अनात्म छ । यसप्रकार यस साढे तीन हातको शरीर भित्र इन्द्रिय जगतको अनुभूति गर्दै-गर्दै वितृष्ण र अनासक्त हुन्छ, अविद्याको अन्धकारमय पर्दा फाट्दछ र इन्द्रियातीत अवस्था प्राप्त हुन्छ । यही निर्वाण हो, यो नित्य छ, शाश्वत छ र यही परम सुख हो । यसको साक्षात्कार द्वारा नै दुःख निरोध हुन्छ । यही मार्ग हो । यही मार्गको फल हो ।

चित्तमा तृष्णा छ भने दुःखको श्रृजना हुन्छ, यो

कुरा स्पष्ट छ । त्यस्तै चित्त तृष्णा रहित छ भने दुःख निरोध हुन्छ । त्यसैले दुःखबाट मुक्त हुनको लागि चित्तलाई तृष्णा रहित बनाई निर्मल बनाउनु पर्छ, किनकि मन नै प्रधान हो, मन नै प्रमुख हो । दुःख प्रजनन र दुःख-निर्मूल गर्ने काममा मनको विषेश ठाऊँ छ । दुःखरुपी रोगको निदान भईसकेको छ भने बाहिरी रोगको उपचार गर्नु आवश्यक छैन, त्यो ब्यर्थ हुन्छ । रोगको मूख्य जरामा नै प्रहार गर्नु पर्ने हुन्छ । मनलाई पक्रेर त्यसलाई नै बदल्नु पर्छ, मनलाई नै सुधार्नु पर्छ । बाहिरी कर्मकाण्ड द्वारा मनलाई सुधार्ने काम कदापि हुन सक्दैन । न कुनै देवता अथवा ब्रह्माको कृपादृष्टि अथवा वरदानबाट नै सम्भव हुन्छ । यसको लागि त आफैले अभ्यास गर्नु पर्दछ । अथवा यस्तो विधि अपनाउनु पर्छ जस्को सम्बन्ध सीधा मनसंग हुन्छ । यही विद्या नै विपश्यना हो । यही नै धर्म-सिद्धान्तको ब्यावहारिक पक्ष हो । त्यसैले भगवानले यसलाई बल पूर्वक भन्नु भएको छ । यही ब्यावहारिक पक्षले नै सद्धर्मको "सांदृष्टिक" अर्थात् स्वतःआफैले प्रत्यक्ष देख्न सक्ने बनाउँछ । यसबाट तुरुन्त "अकालिक" फल प्राप्त हुन्छ । साधक आफैले यसै जन्ममा यसै शरीर भित्र विमुक्तिको रस चाख्दछ । यसको कुनै बाहिरी शक्ति अथवा वरदानले होइन, आफ्नैः सत्प्रयत्नद्वारा सत्यको साक्षात्कार गर्दछ ।

हाम्रो प्रगति र पतनको कारण हामी स्वयं हो । वन्धन र मोक्षको कारण पनि हामी स्वयं हो । यस समय हामी जे-जस्तो छौं, ती आफ्नो पूर्व कर्मको परिणामको थूप्रो मात्र हौं । भविष्यमा जे-जस्तो बन्नेछौं, आफ्नै कर्मको कारण बन्दछौं । अहिलेको कर्म र भविष्यको गति बनाउने काममा हाम्रो आफ्नो अधिकार छ । हामी आफैले गाँठो बनाउँछौं र त्यसलाई आफैले फुकाउनु पर्छ । यो काम कोही अरुले आएर गरिदिंदैन ।

पैंतीस वर्षको अवस्थामा सम्यक सम्बोधि प्राप्त गरेर पछिका पैंतालीस वर्षसम्म भगवानले यसै "सांदृष्टिक" र "अकालिक" धर्मको शिक्षा दिनुभयो । लाखौं, करोडौं मानिसहरूको मिथ्या-दृष्टि हट्यो, खोक्रो रुढिवादी र परम्पराको पोल खोल्यो, निस्सार मान्यताहरूको जरा उखेलियो र मानिस भित्र रहेको असीम सामर्थ्यतालाई उजागर गरिदियो । जसको कारण उनीहरू आफ्नो खुट्टामा आफैं उभिन सक्ने भयो, नबुझेर-नजानेर बोकिरहेको बैसाखी फाल्न सक्ने भयो । तीर्थमा नुहाउनु, ब्रत लिनु, अनेक वेश-भूषा लगाउनु, पूजा-पाठ गर्नु, प्रार्थना-प्रशंसा गर्नु, अनुनय-विनय भाकल गर्नु जस्ता कर्मकाण्डलाई आफ्नो मुक्तिको माध्यम ठानेर बसेका बहिर्मुखी मानिसहरूलाई उहाँले अन्तर्मुखी बनाउनु भयो । चित्तलाई विरज-विमल बनाएर सीधा सही मार्गमा हिँड्न सक्ने एउटा यस्तो सरल तरीका बताउनु भयो जसबाट मनुष्य आफ्नो उद्धार आफै गर्न सक्ने भयो, आफ्नो मुक्तिदाता आफै बन्न सक्यो । यसरी कुनै बाह्य शक्तिमा आधारित नभई, बाह्य मान्यतामा भर नपरी मानिस स्वयं आफ्नो मार्गमा अग्रसर हुनसक्ने बल प्रदान गर्नु भयो । आत्म-निर्भरता र आत्म-विश्वास प्रदान गर्नुभयो, आत्मशरण र धर्मशरणको अनन्यता प्रदान गर्नुभयो ।

मानव जगतको यो अमूल्य दिक्षा प्रदान गर्दै आफ्नो जीवनको ८० वर्ष पूरा गरेर २५१२ (आज भन्दा २५६२) वर्ष पूर्व आजको दिनमा भगवान बुद्ध परिनिवृत्त हुनुभयो ।

---

भगवान् बुद्धको तीन विशेष घटनाहरू जुटेको पावन दिवस वैशाख पूर्णिमा । भगवान्को जन्म जयन्ती, बोधि ज्ञान प्राप्त गरेको दिन-बोधि जयन्ती र परिनिर्वाण जयन्ती । जयन्ती भनेको विजय हो । विजय-जीत वास्तवमा बोधिको हो । बोधि जयन्तीमा जन्म जयन्ती र परिनिर्वाण जयन्तीको मूल अर्थ समेटिएको छ ।

सम्यक सम्बोधि उत्पन्न भएकोले नै मार माथि विजय प्राप्त भयो । पाप माथिको विजय, अधर्म माथिको विजय, समस्त बन्धनहरू माथिको विजय प्राप्त भयो । यो यस्तो विजय हो जसले जन्म र मृत्युको जयन्तीलाई सफल र सार्थक बनायो । सम्यक सम्बोधिको कारणले नै यो जन्म अन्तिम जन्म बन्यो, यो मृत्यु अन्तिम मृत्यु बन्यो । **अयं अन्तिम जाति नत्थिदानि पुनब्भवोति** । यही अन्तिम जन्म हो । अब पुनर्जन्म हुनेछैन । पुनर्जन्म हुँदैन भने पुनर्मुत्यु पनि हुने छैन । यो जन्म र मृत्यु दुवै माथि विजय प्राप्त गरेको दिन हो ।

यस महापुरुषको यो महान विजय अन्य धेरै मानिसहरूका लागि विजयको कारण बन्न गयो । धेरैको मंगल-कल्याणको कारण बन्न गयो, स्वस्ति-मुक्तिको साधन बन्न गयो । धेरै कष्टहरूको सामना गरेर यस महामानवले भारतको यो हराइसकेको मुक्तिदायिनी धर्म

गंगालाई फेरि खोजी निकाल्नु भयो । उहाँले केवल आफ्नो मुक्ति मात्र गर्नु भएन अन्य अनेक मानिसहरूको मुक्तिको लागि पनि मार्ग प्रसस्ति गर्नुभयो । अत्यन्त करुणा पूर्ण हृदयले आफ्नो जीवन भर मानिसहरूलाई यो विद्या बाँडिरहनु भयो । मानिसहरूका लागि अमृतको ढोका खोलिदिनु भयो । यसप्रकार करीब पच्चीससय वर्ष पूर्व जुन धर्मगंगा बग्यो त्यो एक पीढीबाट अर्को पीढी हुँदै हुँदै करोडौं मानिसहरूको कल्याणको कारण बन्न पुग्यो र कहीं न कहीं परम परिशुद्ध रूपमा यसको प्रवाह लगातार चलिरह्यो । केही समयको लागि यो हरायो पनि, बिचमा केही अबुझ मानिसहरू द्वारा यस पद्धतिमा मिसावट गरेर यस मार्गलाई दूषित गऱ्यो र विकृत पनि भयो । तर एउटा मसिनो धारा शुरू देखि सताब्दी औं सम्म शुद्ध रूपमा कायम भईरह्यो । यसरी कायम रहेकोले नै आज हामीलाई प्राप्त भएको छ । हाम्रो कल्याणको, हाम्रो मंगलको, हाम्रो स्वस्तिमुक्तिको कारण बनेको छ ।

विपश्यी साधक यस शुद्ध धर्मगंगामा डुबुल्की लगाएको छ भने अवश्य पनि त्यस महापुरुषको प्रति असीम श्रद्धा र कृतज्ञताको भावले भरपूर हुन्छ । श्रद्धा र कृतज्ञता धर्मको अविभाज्य अंग हो । श्रद्धा बोधिको अंग हो । श्रद्धा बीऊ हो, जसको कारणले नै बोधिको श्रृजन हुन्छ र धर्मको फल दिन्छ । कृतज्ञता प्राण रुपी औषधि हो, जसको कारणले धर्म बलवान हुन्छ । यदि श्रद्धा र कृतज्ञता रहेन भने धर्मको बिरुवा मुर्झाउने छ । श्रद्धा र कृतज्ञता जाग्नु धर्म जाग्नु हो । समझदार साधक सजग रहन्छ र आफ्नो विवेक हराउँदैन । श्रद्धालाई अन्ध-श्रद्धा हुन दिँदैन । कृतज्ञतालाई अन्ध कृतज्ञता बन्न दिँदैन । तब नै धर्म बलवान हुन्छ, फलदायी हुन्छ ।

अन्यथा जब श्रद्धा अन्धश्रद्धा बन्दछ, कृतज्ञता अन्धकृतज्ञता बन्दछ, धर्म हराउँदै जान्छ, सम्प्रदाय बलवान हुन थाल्छ । सम्प्रदाय बलवान बन्यो भने मानव धर्मलाई पनि सम्प्रदायिक आँखाले नै हेर्न थाल्छ । धर्मको यथाभूत शुद्ध स्वरूपलाई हेर्न नै पाउँदैन । सम्प्रदाय बलवान भयो भने, कुनै प्रत्यक्ष अनुभव नभईकन नै कुनै एउटा दार्शनिक मान्यता भूत झैं टाउकोमा चढ्न थाल्छ र धर्मलाई पनि त्यस मान्यताको रंगीन चश्मा लगाएर हेर्न थाल्छ । अतः धर्मको यथाभूत शुद्ध स्वरूपलाई देख्न नै पाउँदैन । सम्प्रदाय बलवान हुन जान्छ र निष्प्राण कर्मकाण्ड प्रधान हुनथाल्छ, रूढि प्रधान हुन जान्छ । धर्म धारण गर्ने गौण हुन जान्छ ।

त्यसैले साधकहरू ! आऊ, आजको यस पावन दिवसमा एकातिर श्रद्धा र कृतज्ञतालाई बलवान बनाऔं, जसबाट धर्म हरा-भरा बनीरहोस् अर्कोतिर विवेक जगाई राखौं । श्रद्धा र कृतज्ञतालाई अन्धो बन्न नदिऊँ । जसबाट धर्म साम्प्रदायिकताको खाडलमा खसेर डुब्न नपाऊन् । श्रद्धा र कृतज्ञतालाई निर्मल बनाईराखौं, जसबाट बोधि पुष्ट होउन्, अज्ञान क्षीण होउन्, विद्याको प्रकाश प्रज्वलित होस् र अविद्याको अन्धकार हटोस् । यसैमा हाम्रो मंगल छ, साँच्चैको कल्याण निहीत छ, स्वस्तिमुक्ति समाएको छ ।

*सभार- 'विपश्यना' बुद्ध वर्ष २५६३*
*वि.सं. २०७६ बैशाख, वर्ष ३६, अङ्क १*

# पञ्चस्कन्ध



✍ **नातीकाजी महर्जन**
*पूच्व यल*

रूप, वेदना, सञ्ञा, संस्कार र विञ्ञाण
यी पाँचवटा तत्वहरू पञ्चस्कन्ध जान
गरिरहेका छन् हरेक व्यक्तिले पाँचतत्वहरू धारण
प्राणीहरूले धारण गरिरहेका शारीरिक रूप छ अनित्य
अनुभव गर्ने मनको शक्ति "वेदना" छ अनित्य
चिन्ने शक्ति मनको "सञ्ञा" छ अनित्य
मनले च्यापिराखेको वानी "संस्कार" छ अनित्य
मनको चेतना "विञ्ञाण" पनि छ अनित्य
अनित्य भएकोले नै पञ्चस्कन्धमा दुःख छ
अनित्य र दुःख गाभिएको पञ्चस्कन्ध अनात्म छ
अनात्म भएकोले नै यो हाम्रो अधिन बाहिर छ
त्यसैले संसारको स्वभाव नै अनित्य, दुःख र अनात्म छ ।
यस स्वभावबाट मुक्ति पाउन बुद्ध शिक्षा अभ्यास गरौं
दान, शील र ध्यान गर्ने अभ्यास गरौं
शील, समाधि र प्रज्ञाको खुड्किला चढौं
यसरी नै हामीले २५६८ औं वैशाख पूर्णिमा मनाऔं ।



# स्वार्थी बन्नु हुँदैन

✍ भिक्षुणी धम्मवती

मानिसहरू बढि स्वार्थी बन्नु हुँदैन । स्वार्थ पूरा गर्न खोजेमा एकातिरबाट नाफा भए जस्तो देखिए तापनि अर्को तर्फबाट नाश हुने गरी बस्नुपर्ने हुन्छ । त्यसैले स्वार्थ पूरा गर्नमा मात्र पनि लाग्नु हुँदैन । आफ्नो मात्र स्वार्थ पूरा गर्न खोजेमा के हुन्छ भन्ने कुरा बुझाउन पहिले घटिसकेको एक घटना प्रस्तुत गर्दछु ।

एकादेशमा एकजना धनाढ्य साहु थियो । उसका दुईजना छोराहरू थिए । उसका छोराहरू दुईजना दुई प्रकारका स्वभावका थिए । जेठो छोरो दयावान् र धर्मात्मा थियो कान्छो छोरो भने निर्दयी र स्वार्थी थियो । छोराहरू दुईजना दुई स्वभावका हुनाले बाबु चाहिंलाई आफू मरिसके पछि आफ्नो धन सम्पत्ति एकजनाले मात्र हडपेर छल गरेर लेला भन्ने पीर र चिन्ता थियो । त्यसैले जे चीज किने पनि दुई छोराहरूलाई भनेर दुई दुईवटा किन्ने गर्थ्यो । पछि स्वार्थी स्वभावका कान्छो छोरोले आफूलाई राम्रो चाहिन्छ भन्दैं लिन नपाउने र बढि लिन नपाउने गरी सकेसम्म मिलाएर आमा बुबा दुबै परलोक भए । छोराहरू दुईजना मात्र बाँकी भए ।

आमाबुबा परलोक भइसकेपछि जेठो छोरोले आफ्नो स्वार्थी भाईलाई चित्त बुझाउन सकेन । त्यसैले दाजुले भाईलाई भन्यो "भाई तिमीलाई मैले चित्त बुझाउन सकिन । म अलग्ग बस्छु, स्वार्थीहरूलाई जति दिए पनि चित्त बुझ्दैन । मलाई पनि परिवार पाल्नु छ ।" यति भनी जेठो अलग्ग बसे । भएको धन सम्पत्ति, घर, जग्गा आदि पनि सबै बाँडे । गाउँ गाउँमा दिई राखेको ऋणको पैसा मात्र बाँकी रह्यो । त्यसैले हामी दुबै मिलेर एकपटक बुबाले ऋणमा दिईराखेको पैसा लिन जाऔं तिर्न सक्नेहरूले सकेसम्म साँवा समेत दिएर ल्याउने छन् नसक्नेहरूले ब्याज मात्र भएपनि तिर्नेछन् । अनि उठाउन बाँकि जम्मै बाँडेर आउँला । तिम्रो भागमा परेको तिमी नै लिन जाउ र मेरो भागको मै लिन जान्छु अहिले एकपटकलाई हामी संगै जाऔं भनेर दाजुभाई दुबै हिंडे गाउँ गाउँमा डुलेर पैसा उठाई दाजुचाहिँको रुमालमा पोको पारे । घर पुगेपछि बाँडेर लिउँला भनेर दाजुचाहिँ ढुक्क बसे । बाटामा खानलाई भनेर गाउँमा बस्ने नाता कुटुम्बरहरूले उनीहरूलाई खाना पनि दिएर पठाए । अनि दुबै दाजुभाई एउटा नदीको किनारमा पुगे । उनीहरूको घर जान डुंगामा बसेर नदी तर्नुपर्ने रहेछ । डुंगा थिएन । डुंगा नल्याएसम्म खाना खान सिध्याऔं भनेर खानाको पोको फुकालेर दुबैले खाए । तर भाईचाहिँले खाना निल्नै सकेन । उसको मनमा एउटै चिन्ता थियो - "कसरी त्यो दाजुले ल्याएको धनको पोको आफू एक्लैको हातमा पार्न सकिएला । दाजुले दिंदा त आधी आधी मात्र दिनेछ । धन सबै आफ्नो भागमा पार्नको लागि उपाय सोचेर बसे । त्यही मात्र चिन्ता लिई बसे ।

त्यसैले उसले "मलाई भोक छैन दाजु" भन्दै यताउता केही पाइन्छ कि भनेर खोज्न गयो । त्यहाँ एकातिर माटाको घ्याम्पो फुटेको मिल्काइ राखेको देखेर सोच्न थाल्यो- "अब चाहिँ बेस हुनेभयो ।" त्यो घ्याम्पोको टुक्राहरूलाई पैसा जस्तै चक्का चक्का बनाई ती सबै पैसा पोको पारेको रुमाल जस्तै देखिने अर्को रुमालमा पोको पार्‍यो । त्यो पोको पनि पैसाको पोको जत्रो पार्‍यो अनि त्यो पोको आफ्नो लुगा भित्र छोपेर ल्यायो । दाजुचाहिँले केही चाल पाएन ।

दाजु चाहिँले आफूले खान चाहेको जति खाना सिध्याएर बाँकी कसलाई दिउँ भनेर खोज्दा त्यहाँ माग्नेहरू कोही नदेखेकोले नदीमा रहेका माछाहरूलाई खुवाए । अनि आशिका पनि गर्नथाल्यो- "यो माछाहरूलाई खाना खुवाएको पुण्य यहाँ नजिकै बस्ने देवताहरू प्रमुख सबै मानिसहरूलाई प्राप्त होस् ।" यति सोचेर पुण्यानुमोदन गर्‍यो । पछि डुङ्गा ल्यायो दाजुभाई दुबै डुंगामा बसेर नदी तर्न थाल्यो । नदी तर्दातर्दै दाजुलाई निन्द्रा लागेछ भाईलाई

भने कहिले आफूसंग भएको घ्याम्पोको टुक्राहरूको पोको बिस्तारै निकालेर पैसाको पोकोसंग बदल्न पाइएला भन्ने चिन्ताले गर्दा निन्द्रा लागेन । दाजु सुतिराखेको बेला घ्याम्पोको टुक्राहरूको पोको बिस्तारै निकालेर पैसाको पोको संगै राखिदियो । तर दाजु ब्यूँझिने पो हो कि भन्ने डरले दाजुको अनुहार हेरी हेरी पैसाको पोको भनेर लिएको त उही आफूले राखेको घ्याम्पोको टुक्राहरूको पोको नै लिएर आफ्नो लुगाको पोको भित्र हाल्यो । टुक्राटाक्रीको पोको दाजुको संगै छ । दाजुले हेर्दा घ्याम्पोको टुक्राहरू मात्र देख्योभने मलाई शंका गरेर मेरो लुगाको पोको खोलेर हेर्नेछ । त्यसैले यो टुक्राटाक्रीको पोको पानीमा खसालीदिनु पऱ्यो भनी डुङ्गा अलि ढल्केको बेला त्यो पोको पानीमा खसालि दियो अनि उ चिच्चाएर दाजुलाई उठाउँदै भन्यो- “हेर्नुस न दाई ! पैसाको पोको त पानीमा खस्यो ।” दाजुले पानीमा हेर्दा पैसाको पोको देख्यो । तैपनि पानीमा ओर्लिएर पोको लिन जान सक्ने होइन । अनि भाईचाहिँलाई भन्यो-

“भाई त्यो पैसा हाम्रो रहेन र खस्यो । जे हुनु भयो । मनमा पीर नलेऊ ।” भनेर धैर्य गरेर आश्वासन दिइराख्यो ।

भाईचाहिँले बाहिरबाट मात्रै चित्त दुखेको जस्तो अनुहार निन्याउरो पारिराख्यो । मनभित्र चाहिँ दाजुलाई छलेर पैसाको पोको हात पारिसकें भन्दै ढुक्क भई बसिराख्यो ।

दुबै आ-आफ्नो घर पुग्यो । भाईचाहिँ दाजुलाई छलेर पैसाको पोको हातमा पारें भनी हर्षित भएर आफ्नी श्रीमतीलाई भन्यो- “यो धनको पोको हिफाजत गरेर राख्नु” भनेर पोको सुम्पिदियो ।

पैसाको पोको गनेर लिने श्रीमती चाहिँको मन स्थिर भएन । कति पैसा रहेछ, सबै पैसा गनेर मात्र भित्र थन्काउनु पर्ला भनी पोको फुकालेर हेर्दा त पैसाको पोको भनेर दिएको त घ्याम्पोको टुक्राहरूको पोको पो रहेछ । अनि हत्तर पत्तर आफ्नो श्रीमानको समक्ष गई भनिन्- “मलाई दिनुभएको पोको त पैसाको पोको कहाँ हो र ? त्यसमा त घ्याम्पोको टुक्राहरू पो रहेछ ।”

दाजुलाई छलुँ भन्दा-भन्दै आफै ठगियो । यो कुरा दाजुलाई सुनाउनु पनि भएन । उसको मनमा झन डाह भइराख्यो ।

त्यसैले यो कथाले भनिरहेको छ “स्वार्थी बन्नु हुँदैन । स्वार्थी बनेर एकातिरबाट लाभ गर्न खोज्दा, अर्कोतर्फबाट उल्टो आफूलाई नोक्सान गराएर बस्नु पर्ने हुँदो रहेछ ।” ■

# भिंगु पलाः न्ह्याके

✍ **भरतराज चित्रकार**
त्यःर तँलाछी

मनू जुयाः नं वाः मचाःपिं
कुकर्म याय्‌त लिफः मस्वइपिं
कर्पिन्त क्वत्यलाः दुःख बियाः
थः जक सदां लय्‌ताइपिं
छु मयाःसा दुःख मजुई
छु याःसा सुख ज्वी थःत
पाप व पुण्य छुं हे मथुयाः
दुःख सियाः जीवन हनेन्ह्याःपिं
च्याःगु मि सिबे नं पुइयोः
मभिंगु कर्म याय्‌वं नुगः
मती लूथें छुद्र व कटु वचं छ्यलाः
सकसितं नुगः स्याके योपिं
गथे मसीकाः मथ्वीकाः च्वनेमाल
लोगी जुयाः स्वाय् मालाच्वंगु
ग्यानापुगु ल्वचं कय्‌काः सदां
कष्ट नयाः न्हि फुकेमाःगु
अल्याख जुनी जन्म ज्वी धुन
मनू जुयाः हानं छकः जन्म जुल
दुःखं मुक्त ज्वीगुलिं पलाः न्ह्याकेत
बुद्धं स्यनाबिज्याःगु “विपश्यना” अभ्यास याय्‌माल ।





भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १७. नाग जाति

*लेखक-* **वर्मी भिक्षु र वे थवं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

दिउँसोको खानापछिको यात्रामा धम्मवती जति अगाडि बढ्दै गई अगाडि बढ्दै जाने उत्साह र उमङ्ग उसमा उत्तिकै बढ्दै गयो । किनभने बाटोको दायाँ-बायाँ देखिएका काटेर ढालिएका रूखहरूको अस्तित्वले अब मानिसको बस्ती नजिकिँदै छ भन्ने कुरो उसलाई बोध गराएको थियो । तैपनि अति उत्सुकतावस उसले आफ्नो अवधारणा सही हो होइन थाहा पाउन स्थविरसँग सोधी । स्थविरले त्यस विषय माहुतेको नाइकेसित प्रश्न गरी थाहा पाइसकेपछि धम्मवतीलाई यसरी जवाफ दिनुभयो– "हो, अहिले हामी नाग जातिका मानिसहरूको बस्ति नजिक आइपुगेका छौं । अब केही समयपछि हामी उनीहरूका वस्तीको छेउछाउबाट हिंडिरहेका हुनेछौं । आज रातीको बास पनि हामी नाग जातिकै कुनै एउटा गाउँमा बस्ने छौं ।"

"यी नाग जातिका मानिसहरू पनि बर्मी नै हुन् ?"

"हुन्, नाग जातिका मानिसहरू बर्मी नै हुन् । तर बाह्य संसारसित केही सम्बन्ध नराखिकन आफ्नै समूहमा मात्र सीमित भइ यहाँका यी पहाडी जंगलमा मात्र रहिरहने गरेकाले यी नाग जातिका मानिसहरू अरू बर्मीहरू सरह विकसित छैनन् । तर भित्री मनोवृत्ति यिनीहरूको पनि निर्मल नै छ । अहिले बर्मा देश विदेशी पञ्जाबाट स्वतन्त्र भएको छ । केही वर्षहरू पछि यिनीहरू पनि उन्नतिको शिखरमा उक्लने छन् । अहिले नै यहाँ बुद्ध-धर्मका प्रचारकहरू आइसकेका छन् भन्ने कुरो सुनेको छु ।"

"किन ? यिनीहरू बौद्ध होइनन् ? बौद्ध राष्ट्र बर्मामा सबैजना बौद्ध छन् भनेको सुनेको थिएँ ।"

"यी नाग जातिका मानिसहरू पनि वंशानुगतले मूलभूत रूपमा बौद्ध नै थिए । तर सधैं जंगल भित्र मात्र रहने गरेका र बौद्ध शिक्षा पद्धतिलाई परम्परागत रूपमा सही तरिकाले नअपनाएकाले यिनीहरू कालान्तरमा आएर देव देवीहरूको अन्धविश्वासमा जकडिएका छन् । यसरी बौद्ध शिक्षा पद्धतिबाट बञ्चित भएका यिनीहरू मध्ये केहीलाई पछि ब्रिटिश शासन कालमा क्रिश्चियन धर्मका प्रचारकहरूले क्रिश्चियन पनि बनाएका छन् ।"

बौद्ध भन्दा भन्दै अबौद्ध कर्मकाण्डमा लागिरहेका नेपालीहरूको समूहबाट परिशुद्ध बुद्ध-धर्म पढ्ने उद्देश्यले अनेक दुःख कष्ट सहेर बर्मातिर हिंडिरहेकी धम्मवतीको मनमा स्थविरका उक्त कुराहरूले एउटा गहिरो कुरोको छाप राख्यो । त्यो कुरो के थियो भने असल कुरो जानेर मात्र पुग्दो रहेनछ । आफूले जानेको असल कुरोलाई आफ्नो समाजका सबै सदस्यहरूलाई सही रूपमा सम्झाएर त्यसलाई सामूहिक रूपमा व्यवहारमा उतार्ने निश्चित सामाजिक पद्धति कायम गर्न पनि सक्नुपर्दो रहेछ । अन्यथा कुनै बेला राम्रो काममा लागिसकेको समुदाय वा व्यक्ति पनि पछि गएर अनायास नै नराम्रो काममा जकडिन जाँदो रहेछ । यसरी अवबोध गर्न पुगेकी धम्मवतीले कुशीनगरमा महास्थविर चन्द्रमणीबाट सुनेको उत्तर प्रदेशिय बौद्धहरू कसरी थेरवादबाट महायानी, महायानीबाट बज्रयानी र बज्रयानीबाट तन्त्रमन्त्रवादी भएर गए भन्ने उपदेशलाई एक पल्ट फेरि स्मरण गर्न पुगी ।

यसरी गम खाइरहेकी धम्मवतीको कल्पनाको त्यान्द्रो स्थविरको निम्न शब्दले टुट्यो – "उ, त्यहाँ हेर त ! त्यो पहाडको टुप्पोतिरबाट धुँवा निस्किरहेको छ । त्यहाँ नाग जातिको कुनै बस्ती हुनुपर्छ । हेर, त्यहाँ केही घरहरू पनि छन् ।"

स्थविरले औंल्याएको दिशातिर हेर्दा धम्मवतीले त्यहाँ केही घरहरू देखी । तीन दिन जंगलै जंगलको यात्रा पछि बल्ल यसरी घरहरू देख्न पाउँदा धम्मवतीको मनमा एक प्रकारको सुखानुभूति भयो ।

तीन दिन दुई रातसम्म मानिसको छाँया पनि नभएको दुर्गम पहाड र जंगलमा बिताएर आएको जो कसैलाई पनि मानिसको बस्तीमा आइपुग्दा खुसी लाग्नु स्वाभाविकै हो । महिनौदेखि बर्मामा पुग्ने प्रबल इच्छा बोकेकी धम्मवतीलाई बर्मी बस्तीमा पुग्नु एउटा झन बढी खुसीको कुरो त हुने नै भयो । उसको मन बस्तीभित्र पसेर त्यहाँका मानिसहरूको अनुहार हेर्न आतुर भयो । तर त्यसबेला अझै बास बस्ने समय भइनसकेकाले माहुतेको नाइके अघि बढ्दै गयो । यसरी अघि बढ्दै गएका ती सबै जना यात्रुहरूलाई बाटोको दायाँ बायाँ देखिने नाग जातिका विभिन्न बस्तीहरू बस्तीमा रहेका मानिसहरू र पाल्तु जनावरहरूको स्वरले निरन्तर अघि बढ्दै जाने हौसला दिंदै रह्यो । उनीहरू बडो उत्साह पूर्वक अघि बढ्दै गए ।

लगातार घण्टौंसम्म अघि बढ्दै गएर घाम अस्ताए पछि उनीहरू मूल बाटो छोडेर एउटा बस्तीतिर लागे । त्यस बस्तीका नाग नाइकेसित स्यान नाइकेको विशेष जानपहिचान रहेछ । त्यसैले उनीहरूलाई एउटा उपयुक्त प्रकारको बास बस्ने घरको व्यवस्था गरियो । त्यसरी बास बस्ने झुप्रोको मर्मत गर्ने या झुप्रो बनाउने झंझटका साथै सुकेको दाउरा खोज्ने र धुनी जगाउने आदि झन्झट उठाउन नपरेकाले खाना बनाउने माहुते बाहेक अन्य माहुतेहरू सबै नाग नाइकेसित कुराकानी गर्नमा ब्यस्त भए । उनीहरूको कुराकानी नबुझने धम्मवती त्यस बस्तीका गल्लीहरूमा घुम्न निस्की ।

नाग जातीका मानिसहरूले त्यसताकाको जाडो याममा पनि लुगाको नाममा गुप्ताङ्ग छोप्ने लंगुती बाहेक अन्य केही पनि लुगा लगाएका थिएनन् । स्त्रीहरूको आङ्गमा पनि घुँडासम्म आउने एक प्रकारको घरबुनुवा कछार बाहेक अरू लुगा थिएन । आइमाई तथा केटीहरूले आ-आफ्ना छाती छोप्न छातीभरि विभिन्न किसिमका मालाहरू लगाएका थिए । त्यसरी नाममात्रका लुगा लगाउनमा अभ्यस्त त्यहाँका आइमाई तथा केटीहरूले आफ्नो सम्पूर्ण जिउमा पहेँलो रंगको लुगा लगाएर कपाल खौरेकी धम्मवतीलाई साच्है नै अनौथो मानेर हेरे । कतिपय स-साना बाल-बालिकाहरू त खूब रमाइलो मानी उसको पछि पछि पनि लाग्न थाले ।

धम्मवतीलाई अनौठो मानेर हेर्नेहरूमा एउटी तरुनी केटीले धम्मवती पनि एउटी केटी नै हो भन्ने कुरो थम्याई । उसले धम्मवतीसित कुरागर्ने हिम्मत पनि गरी । त्यसरी आफूसँग कुरा गर्न आउने केटीलाई धम्मवतीले पनि हाँस्दै सहृदयता पूर्वक हावभाव गरेर जवाफ दिई । त्यो देखेर अरू पनि एक दुई जना केटीहरू धम्मवतीसित हावभावको इसारामा कुरा गर्न आए । त्यसरी निकैबेरसम्म धम्मवती ती केटीहरूका बीचमा रमाइरही । केहीबेरपछि एक जना माहुते आएर बोलाउन आएपछि मात्र धम्मवती बासस्थानमा फर्की ।

बासस्थानमा फर्केर आएपछि स्थविर धम्मावुध मार्फत धम्मवतीले के थाहा पाई भने नाग जातिका मानिसहरूको बस्तीमा एक्कासी पस्नु खतरापूर्ण छ । किनभने प्रायः जसो नाग जातिका मानिसहरू बाहिरिया मानिसहरूलाई आउन नदिने मनोवृत्तिका हुँदा रहेछन् । यस्तो कुरो थाहा नगरिकन एक्कासी आफ्नो बस्तीमा पस्ने बाहिरिया मानिसलाई नाग जातिका मानिसहरूले आक्रमण गरेर मार्ने सम्म पनि गर्दा रहेछन् । संजोगले अहिले उनीहरू बास बसेका बस्तीका नाग जातिका मानिसहरू अन्य नाग जातिका मानिसहरू भन्दा अलि खुल्ला हृदयका भएकाले मात्र उनीहरूले धम्मवतीलाई सहृदय स्वागत गरेका थिए ।

बेलुकीको खाना पछि, झमक्क साँझ परेर अन्धकार छिप्दा नछिप्दै थुप्रै नाग जातिका बुढाबुढी, तरुणा-तरुणी र केटा-केटीहरू धम्मवती र माहुतेहरू बास बसेको घरबाट धेरै टाढा नपर्ने एउटा खुल्लामैदानमा जमघट हुन थाले । त्यस जमघटमा त्यस बस्तीका मानिसहरूका अलावा वरपरका अन्य कतिपय बस्तीका मानिसहरू पनि जम्मा भएका थिए । त्यस्तो ठूलो जमघट देखेर र उनीहरूको हो-हल्ला सुनेर माहुतेका नाइकेले नाग जातिका नाइकेसित कुरा के हो भनेर सोध्यो । तब नाग नाइकेले स्यान नाइकेलाई त्यो दिन नाग जातिका मानिसहरूको एउटा विशेष चाडको दिन भएकाले एउटा नाचगान हुन गइरहेको छ भन्ने कुरो सुनायो । इच्छुक भएमा उनीहरू पनि पाहुनाको रूपमा त्यस नाचगान हेर्न जान सक्छ भन्ने कुरो पनि उसले सम्झायो । त्यसैले स्थविर र धम्मवती लगायत सबै माहुतेहरू त्यस हूलको एक छेउमा उभेर त्यस विशेष पर्वको उपलक्ष्यमा हुन लागेको नाचगान हेर्न गए ।

प्रत्येक प्राकृतिक घटना कुनै न कुनै देव-देवीको कृपाले हुन्छ भन्ने अन्धविश्वास नागजातिका मानिसहरूमा रहेछ । कुनै बाली लगाइसकेपछि त्यसरी लगाएको बाली राम्ररी फस्टाओस् भनेर देव-देवीलाई मनाउन र प्रत्येक बाली राम्ररी फस्टाएपछि त्यसरी बाली फस्टाएकोमा देव-देवीलाई धन्यवाद दिन उनीहरू नाचगान गर्दा रहेछन् । त्यस दिनको नाच चाहीं हिउँदे बाली फस्टाओस् भनेर देव-देवीलाई मनाउनाको लागि हुन गइरहेको थियो ।

नागहरूको नाचमा आफ्नै प्रकारको विशेषता थियो । नाच हुने मैदानमा थुप्रै दाउराहरूको एउटा निकै ठूलो रास थुपारिएको थियो । त्यो दाउराको रासमा आगो सल्काएर धुनी दनदनाएपछि त्यही धुनीको प्रकाशमा नाच सुरु गरियो । नाच्ने केटाहरू र केटीहरू प्रायः सबै एउटै कद र उचाइका थिए । नाच्ने केटाहरूको नाङ्गो आङ्गभरी विभिन्न रङ्गका बुट्टाहरू लेखिएका थिए । उनीहरूको टाउकोमा रङ्ग-बिरङ्गका प्वाँखहरू सजाएको मुकुट जस्तो आभुषण थियो । उनीहरूको हातमा भाला, तरवार आदि हतियार थियो । नाच्ने केटीहरूले घुँडासम्म आउने रङ्ग-बिरङ्गका धागोले बुनेको कछार जस्तो जामा मात्र लगाएका थिए । उनीहरूको माथिल्लो आङ्ग अनेक प्रकारका मालाहरूका साथै थुप्रै फूलका मालाहरूले सजाइएको थियो । उनीहरूले चुल्था बाँधेर चुल्थाभरी फूलहरू कोचेका थिए । त्यसरी सजिएर आएका केटा-केटीहरू सबैजना त्यस दनदनाइरहेको आगोको चारैतिर गोलाकार हुने गरी लाइनमा मिलेर नाच्न लागे । उनीहरूको नाच कुनै बाजाको तालमा होइन नाच्नेहरूकै मुखबाट निस्केको विभिन्न किसिमको आवाजको तालमा नाचिएको थियो । अधिकांश नाच सामुहिक थिए भने कहिले काहीं एक्ले-दुक्लै पनि नाचेका थिए । बाजा गाना बिनाको त्यो नाचमा आफ्नै प्रकारको आकर्षण थियो । धम्मवती लगायत सबै माहुतेहरूलाई पनि त्यो नाच अन्तसम्मै हेरिरहुँ लागेको थियो । तर नाच राती अबेरसम्म पनि नटुङ्गिएकाले तीन दिनको यात्राले थाकेका ती यात्रुहरू नाच हेरिरहने रहर त्यागेर बासस्थानमा फर्कन बाध्य भए ।

भोलिपल्ट बिहान धम्मवतीले पुनः माहुतेहरूसित आफ्नो यात्रा प्रारम्भ गरी । तर अघि बढ्दै जाँदा जंगल झन झन घना हुँदै आयो । अब त चाँडै नै बर्माको शहर-बजार आइपुग्ने होला भनी आफूले गरेको आशामा तुषारापात भएको देखेर धम्मवतीले स्यान नाइकेसित आफूहरू कहिले कहाँ पुगिने हो भन्ने कुरो सोधी । अलि अलि हिन्दी बोल्न सक्ने स्यान नाइकेले अर्को दुई रात पुनः अनकन्तार जंगलमा बास बसेपछि तेस्रो रातको बास मिचिना नामको एउटा सीमान्त शहरमा हुने कुराको जानकारी दियो ।

स्यान नाइकेको कुरा सुनेर चाँडै बर्माको शहर-बजारमा पुग्ने धम्मवतीको उत्साह शिथिल भयो । अनायास नै उसको मुखबाट एउटा लामो सुस्केरा निस्क्यो । तर अगाडि बढ्नु बाहेक अर्को उपाय थिएन । ऊ यन्त्रवत रूपमा माहुतेहरूको पछि पछि लाग्दै गई ।

अनेकानेक दुःख-कष्टहरू झेलेर, थुप्रै जंगलहरू पार गरी कैयौं पहाड-पर्वतहरू उक्ली-ओर्ली, पुनः दुई दिन दुई रातको समय मानव रहित इलाकामा बिताएपछि, यात्रारम्भको छैठौं दिन बिहानको यात्रा प्रारम्भ हुँदा स्थविर धम्मावुधले स्यान नाइकेसित त्यो दिन साँझसम्ममा मिचिना शहरमा बास बस्न जान पुगिन्छ कि पुगिंदैन भनेर सोध्नुभयो । स्यान नाइकेले सजिलै पुगिने छ भन्ने निश्चित जवाफ दियो ।

यात्रा प्रारम्भ भएको एक घण्टाजति पछि माहुतेहरू मध्ये एक जनाले उनीहरू हिंडिरहेको बाटोबाट केही पर, एक ठाउँमा हात्तीहरूको एक झुण्ड हिंडिएको निशानी देख्यो । उसले खुसी भएर अरू माहुतेहरूलाई पनि त्यतातिर औंल्याएर देखायो । सबै माहुतेहरू स्थविर र धम्मवतीलाई बिर्सेर अनायास नै त्यो निशानी भएतिर दगुरे । स्थविर र धम्मवती पनि त्यतैतिर जान बाध्य भए ।

त्यस ठाउँमा झाडी र बुटाबुटीहरू नराम्रोसित कुल्चिएका र भाँचिएका थिए । त्यहाँ ठूला-साना धेरै प्रकारका हात्तीका पाइलाका चिन्हरू देखिए । माहुतेहरू सबै निकै दिलचस्पी दिएर ती पाइलाका चिन्हहरूको अध्ययन गर्नमा व्यस्त भए । केहीबेर आपसमा छलफल गरिसकेपछि दुईजना माहुतेहरूलाई स्थविर र धम्मवतीको साथमा त्यहीं छोडेर बाँकी छः जना माहुतेहरू सबै ती पाइलाका चिन्हहरू पछ्याउँदै अगाडि बढ्न थाले । झण्डै घण्टाभरपछि मात्र उनीहरू फर्के । त्यसरी फर्केका माहुतेहरू सबै धेरै खुसी देखिन्थे । उनीहरू फर्केपछि सबै माहुतेहरू निकैबेरसम्म आपसमा छलफल गर्नमा व्यस्त रहे ।

जंगली हात्ती पक्डेर तालिम दिइसकेपछि तालिमी हात्तीहरू बेचेर जीविका गर्ने ती माहुतेहरूका लागि त्यो छलफल कम महत्वको थिएन । अतः स्थविर र धम्मवती मूक दर्शक बनिरहे । आपसमा त्यसरी छलफल गर्नमा ब्यस्त माहुतेहरू सबै निकै उत्साहित र आनन्दित देखिएका थिए । केहीबेरपछि नाइके चाहींले पुनः यात्रारम्भ गर्न अह्राएपछि मात्र अरू माहुतेहरू आ-आफ्ना पोको-पत्तरो उठाएर अघि बढ्न थाले ।

अबको यात्रामा मार्ग दर्शक स्यान नाइके नभइकन एक जना अर्कै माहुते भएको थियो । किनभने अहिले स्यान नाइकेको मुख्य काम मार्ग दर्शक हुनु नभइकन हात्तीको त्यो झुण्डबाट केही हात्तीहरू कसरी समात्ने भन्ने सम्बन्धमा अरू माहुतेहरूसित छलफल गर्नु थियो । सबै भन्दा अगाडि मार्ग दर्शक माहुते थियो । त्यसको पछाडि स्थविर र स्थविरको पछाडि धम्मवती थियो । धम्मवतीको पछाडि लाम लागेर आएका अरू माहुतेहरू अझै पनि आपसमा विचार विमर्श गर्नमा नै व्यस्त थिए । त्यसैले आपसमा छलफल गर्दै हिंडिरहेका माहुतेहरू अनायास पछाडि छुट्दै गइरहेका थिए । तर मार्ग दर्शक माहुतेले त्यस कुरोको चाल पाएको थिएन । ऊ एउटा गीत गुनगुनाउँदै प्रफुल्लित उल्लासले आफ्नै सुरमा अगाडि बढ्दै थियो ।

स्थविर र धम्मवतीलाई माहुतेहरूको छलफलसित होइन अगाडि बढ्नुसित मात्र सरोकार थियो । त्यसैले उनीहरू पनि आफ्नै सुरमा मार्ग दर्शक माहुतेको पाइलामा पाइला मिलाएर अघि बढिरहे । त्यसरी घण्टौ अघि बढिसके पछि पछाडि छुटेका माहुतेहरू मध्ये एक जनाले चिच्च्याएर बोलाएको सुनियो । आफ्नै सुरमा अगाडि बढिरहेकाहरूले पछाडि फर्केर हेरे । त्यो चिच्च्याएर बोलाउने स्यान नाइके थियो । त्यो झण्डै तीनसय मिटर जति पछाडि थियो । अरू माहुतेहरू त झन देख्दै नदेखिने गरी पछाडि छुटिसकेका थिए । त्यसरी चिच्च्याएर बोलाउने नाइकेले उनीहरूलाई पछाडि फर्कने हाते इशारा गऱ्यो । उसको इशारा अनुसार पछाडि फर्कनेहरूले करिब दश मिनेट जतिको बाटो फर्केपछि मात्र पछाडि छुटेका बाँकी माहुतेहरूको समूहसम्म पुगियो ।

कुरा के परेको थियो भने मार्ग दर्शक माहुतेले बाटो बिराएर गलत दिशातिर बढ्न थालेको थियो । त्यसैले उसलाई फिर्ता बोलाएको थियो । त्यसरी पछाडि फर्केर सबैजना एक थलोमा जम्मा भएपछि आपसमा छलफल गरेर पुनः सही बाटो पहिल्याउने भरमगदूर प्रयत्न गरियो । तर बाटो नभएको, वरपर रहेका पहाड-पर्वत आदि अनेक चिन्हो र दिशाबोधको आधारमा मात्र, अगाडि बढ्नु पर्ने त्यस अनकन्तार जंगलमा एकपल्ट बाटो बिराएपछि फेरि सही बाटो पहिल्याउनु कुनै सरल काम थिएन । सही दिशा र बाटोको खोजविनमा यत्रतत्र भौतारिंदा भौतारिंदै बिहानको एघार नाघेर गएछ । त्यसैले सही बाटो पहिल्याउन छोडेर भए पनि अपरान्ह पछि केही नखाने शील पालना गरेका स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई ख्वाउने काममा लाग्नु हतार भयो । तर माहुतेहरूसित खानेकुरोको नाममा केही पनि बाँकी थिएन । त्यस दिन त्यस बेलासम्ममा मिचिना शहर जाने मोटरको बाटो भेटिने गाउँमा पुग्ने हिसाबले आसामबाट खानेकुरा बोकेर ल्याएको र सोही हिसाब अनुसार मिचिना पुग्ने एकीन पनि भएको हुनाले भएभरको खानेकुरा अघिल्लो दिन राती र त्यस दिन बिहान नै खाइसिध्याइ सकेको थियो । त्यसैले माहुतेहरू सही बाटोको खोजमा लाग्न छोडेर जंगली कन्दमूल खोज्नमा लाग्न बाध्य भए ।

विभिन्न दिशामा कन्दमूल खोज्न गएका माहुतेहरू आधा घण्टा जति पछि फर्के । सबैले खोजेर ल्याएका खानेकुराहरू र मारेर ल्याएका शिकार बटुल्दा दुई थरिका कन्दमूलहरू, तीन काइँयो जंगली केरा, एउटा खरायो र दुईवटा ढुकुर भयो । स्थविर र धम्मवतीलाई कन्दमूल र जंगली केरा उसिनेर खुवाइयो र माहुतेहरूले खरायो र ढुकुरको मासु पोलेर खाए । खानपिन पछि फेरि सही बाटो पहिल्याउने कार्य सुरु भयो । तर घण्टौं प्रयास गर्दा पनि सही दिशा ठम्याउन सकेन । अन्तमा केही नलागेपछि त्यसरी अलमलिरहनु भन्दा सही बाटो चिनिलिनु नसकुन्जेल पहिले आएको बाटो गरी पछाडि फर्कनु नै बेस हुने निधो गरियो ।

दुई घण्टा जतिको बाटो फर्केर गई पहिले हात्तीको पदचिन्ह भेटिएको ठाउँमा पुग्नलागेपछि मात्र सही दिशा र बाटो पहिल्याउन सकियो । यसरी झण्डै पाँच छः घण्टाको हिंडाइ खेर गयो ।

सही बाटो भेटाएर पुनः यात्रारम्भ गर्दा दिउँसोको तीन बजिसकेको थियो । मिचीना शहर तिर जाने मोटरको

बाटो भेटिने गाउँसम्म पुग्न जति छिटो हिँडे पनि अर्को चार घण्टा जति लाग्ने भएकाले माहुतेको नाइकेले सकभर छिटो हिँड्ने अथक प्रयास गऱ्यो । तर घण्टौंसम्म सही बाटो पहिल्याउन जताततै भौंतारिएका माहुतेहरू साऱ्है थाकिसकेका थिए । केही समय हिँडेर आम मानिसले प्रयोगमा ल्याउने गरेको चलनचल्तिको बाटो भेटेपछि माहुतेहरू सबै पाइलो सार्नमा नै असमर्थ भए । तर बिच बाटोमा सुस्ताउँदै बिस्तार बिस्तार अघि बढ्ने गरेमा बासबस्ने गाउँमा पुग्ने बेलासम्ममा रात धेरै छिपिसकेको हुने पक्का थियो । यसो गर्नाले दुई प्रकारको खतराको सामना गर्नु पर्ने हुन्थ्यो । पहिलो खतरा रात परेपछि त्यस बाटोमा हिंस्रक जनावरको भय हुने थियो । दोश्रो खतरा – त्यसबेला उनीहरू हिँडिरहेको बाटो र त्यहाँ भन्दा अगाडिको बाटोमा खतरनाक प्रकारका झिंगाहरू र लामखुट्टेहरू थुप्रै थिए । त्यो बाटोमा बिस्तारै हिँड्दा या सुस्ताइ रहँदा ती झिंगा र लामखुट्टेको टोकाइबाट बच्न असम्भव हुने थियो । सही बाटोको खोजमा यत्रतत्र भौतारिनु परेकाले साऱ्है गलेका माहुतेहरू यी दुई खतराको सामना गर्न पर्ने भएतापनि सुस्ताउँदै अघि बढ्नमा बाध्य भइसकेका थिए । तर अरूहरू सही बाटोको खोज र खानेकुराको खोजमा हिँडेको बेलामा केही सुस्ताउने मौका पाएका स्थविर र धम्मवती अझै त्यति थाकिसकेका थिएनन् । उनीहरू अरूलाई नपर्खिकन अहिले भेटिएको चलन चल्तिको बाटोमा सरासर अघि बढ्दै गएमा रात छिपिसक्नु भन्दा पहिले नै बासबस्ने गाउँमा सुरक्षितसाथ पुग्न सक्ने थिए । त्यसैले यी सब कुरो राम्ररी सम्झाएर माहुतेको नाइकेले स्थविर र धम्मवतीलाई अरूहरूलाई नपर्खिकन जति सक्यो त्यति छिटो बास बस्ने गाउँतिर अघिबढ्न अनुरोध गऱ्यो । माहुते नाइकेको उक्त अनुरोध जायज भएकाले स्थविरले धम्मवतीलाई साथमा लिएर जति सक्यो त्यति छिटो अघि बढ्न हिम्मत गर्नुभयो ।

अगाडिको बाटो माहुतेको नाइकेले भने झैं कतै केही अलमलिनु नपर्ने, चलन चल्तिमा आइरराखेको बाटो नै थियो । तर अझै पनि जंगल भित्रकै बाटो भएकाले बाटोमा आउने जाने अरू कुनै पनि यात्रुहरू भेटिएको थिएन । सुनसान बाटोमा स्थविर सकभर छिटो छिटो अघि बढ्दै जानुभयो । धम्मवती पनि उहाँको पछि पछि बढ्दै गई । यसरी जाँदा जाँदै साँझ छिप्दै गयो । नभन्दै झमक्क साँझ पनि परीहाल्यो । तर पनि माहुतेको नाइकेद्वारा निर्देशित बासबस्ने गाउँ देखिएन । न त कुनै अर्को गाउँ नै भेटियो । यो देखेर बिहानभर गलत बाटोमा भौतारिनु परेकाले चेतिसकेकी धम्मवतीले स्थविर धम्मावुधलाई यसरी भनी– “भन्ते साँझ छिपेर रात पनि परिसकेको छ । तर पनि बासस्थान पुगिएको छैन । के हामीले फेरि पनि बाटो त भुलेनौं ? ... ... बिहानको उज्यालोमा बाटो भुल्दा त त्यत्रो हण्डर खाइयो । अहिले बाटो भूल्यौं भने त पक्कै पनि हिंस्रक जनावरहरूको शिकार होइने छौं । त्यसैले कि फर्कौं, कि यहीं बसेर माहुतेहरूलाई पर्खौं”

“मिचीना जाने सडक नजिकिएकाले अब त ठाउँ ठाउँमा गाउँघरहरू भेटिएला भन्ने विचारले माहुते नाइकेको कुरा सुनेर अगाडि आउने हिम्मत गरेको थिएँ । तर अझै कुनै पनि गाउँ भेटिएको छैन । बाटो अझै धेरै नै बाँकि छ जस्तो छ । तर लगातार अगाडि बढ्दै जानु बाहेक अब अर्को केही पनि उपाय छैन । त्यसैले हिम्मत नहारिकन सरासर अगाडि बढ्दै जाउँ । किनभने बाटो भुल्ने कुनै पनि सम्भावना छैन । बाटो पक्कै पनि यही हुनुपर्छ ।” – यति भनेर स्थविर आफूले बाटो बिराएको छैन भन्ने आत्म विश्वासको भरमा फटाफट अघि बढ्दै जानुभयो ।

स्थविरमा आत्म विश्वास भएपनि धम्मवतीको मनमा अनेक प्रकारको डर-त्रास झाँगिसकेको थियो । शारीरिक थकानका साथै मानसिक थकाइले गर्दा ऊ पछाडि छुटेका माहुतेहरू भन्दा धेरै गुणा असमर्थ भई । तर माहुतेहरूले झैं स्थविरलाई – “तपाईं सक्ने अगाडि बढ्दै जानुहोस् म थाकेको बिस्तारै पछाडि आउँदै गर्नेछु” – भन्नु भएन उसले । सकेर या नसकेर पनि स्थविरको पाइलोमा पाइलो मिलाउँदै अघि बढ्नमा ऊ विवश थिई ।

रात छिपिसकेपछि, जबरजस्ती आफै आफूलाई घिसार्दै गइरहेकी धम्मवतीले स्थविरको निम्न उल्लासपूर्ण स्वर सुनी– “आखिर हामीले एउटा गाउँ भेटाएरै छाड्यौं । अब तिमीले आफ्नो डगमगाएको साहस बढाउन सक्नेछौ ।”

स्थविरको उक्त उल्लासपूर्ण स्वरले धम्मवतीको ज्यानमा ज्यान आयो । उसले टाउको उठाएर स्थविरतिर हेरी । स्थविर ऊ भन्दा १०० फीट जति अगाडि

गइरहनु भएको थियो। स्थविर भन्दा अगाडि १० मिनेट जतिको हिंडाइको दूरीमा पर्ने एक ठाउँमा, आगो बालिराखेको देखियो। त्यसरी आगो बालिएको देखिएपछि धम्मवतीको जीउमा ज्यान आयो। ऊ खुशीले प्रफुल्लित भएर उत्साह पूर्वक अगाडि बढ्न थाली।

केही बेरमा उनीहरू त्यो आगो बालिएको ठाउँमा पुगे। पाँच छः ओटा घरहरू भएको त्यो सानो गाउँ नै माहुतेहरूद्वारा निर्देशित मिचीना जाने मूल सडकको छेउमा अवस्थित गाउँ थियो। त्यसैले आफ्ना सहयात्रीहरूको पर्खाइमा स्थविर धम्मावुध र शीलवती धम्मवती एक ठाउँमा सुस्ताउन बसे। झण्डै दुई-अढाई घण्टासम्म त्यसरी सुस्ताउन बसेका उनीहरूले आफ्ना सहयात्री माहुतेहरू सकुशल आइपुगोस् भनेर शुभचिन्तना गरिसक्दा मात्र ती माहुतेहरू त्यस ठाउँमा आइपुगे। माहुतेहरू आइपुगेपछि उनीहरूको चिनजानको एउटा घरमा बास बस्ने व्यवस्था गऱ्यो। त्यसबेला स्थविर र धम्मवतीले सबै माहुतेहरूको आङ्गभरि थुप्रै स-साना घाउहरू देखे। त्यस बारे सोधपुछ गर्दा के थाहापाइयो भने ती घाउहरू दिउँसो लामखुट्टे र झिंगाहरू धेरै भएको ठाउँमा सुस्ताउँदै सुस्ताउँदै आउन परेकाले त्यहाँका लामखुट्टे र झिंगाहरूको टोकाइबाट भएका घाउहरू थिए। सो थाहा पाएपछि स्थविर र धम्मवती दुबै जनाले आफुहरूलाई त्यस प्रकारको टोकाइबाट बचाउन उपयुक्त सुझाव दिएकोमा माहुतेको नाइकेलाई मनमनै लाख धन्यवाद दिए।

*(क्रमशः अर्को अङ्कमा)*

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

**(दिवंगत बुबा विष्णु बहादुर मानन्धर र दिवंगत आमा राममाया मानन्धरको पुण्य स्मृतिमा)**

**दाता रामकुमारी मानन्धर सपरिवार, मरु, चिलाछ्यैं, काठमाडौंबाट रु. १०००/-**

## जिगु जिगु धा धां

✍ **बुद्ध हिरा ताम्राकार**

जिगु जिगु धा धां वनेमानि छन्हु तोताः
जिगु छ्यैं, जिगु बुँ, जिगु व्यापार,
जिगु परिवार, इष्टमित्र फुक्कं तोता वनेमानि।
जहान परिवार, नाता कुटुम्ब फुक्कसित ख्वय्काः
थम्हं यानागु पुण्य व पापया फल ज्वनाः
वल फुक्कं ल्हाः म्हूचिनाः वनी ल्हाः चकंकाः
योगु शरीर फुक्क छ्वय्काः
सुनानं मयंकू मुकातःगु सम्पत्ति
माया ममतां चिनातल चाःहिका तल जन्मरणय्
थुकिं मुक्त ज्वीगु लागि बुद्ध शिक्षा
दान, शील, ध्यान यानावं च्वने
शील समाधि व प्रज्ञाया त्वाथः गय्गु याय्।
थुकथं थःगु जीवन धन्य याय्।

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०८१ वैशाख | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | १ गते शनिबार, संक्रान्ति | क्षान्तिवती | क्षान्तिवती |
| २ | ४ गते मंगलबार, अष्टमी | वण्णवती | वण्णवती |
| ३ | ११ गते मंगलबार, ल्हुति पुन्हि | खेमावती | धम्मवती |
| ४ | १९ गते बुधवार, अष्टमी | दानवती | दानवती |
| ५ | २६ गते बुधबार, औंशी (आमाको मुख हेर्ने) | खेमावती | खेमावती |



# रूपनन्दा

✍ शुभवती गुरुमां

'मेरो प्रिय नन्दले मलाई छोडेर गयो । त्यो पनि बिवाहको दिन मै । गएको होइन लगेको हो मेरो नन्दलाई । गौतम बुद्धले आफ्नो पात्र समाउन लगाई संगसंगै लगेको हो । लगेको मात्र होइन, प्रवजित नै गरिदियो मेरो नन्दलाई । अब नन्द फर्कंदैन । अब नन्द फर्कंदैन ।'

यसरी बिलाप गर्दै रूपनन्दा बेहोस भई भुईंमा ग्वार्ल्याम्म लडिन् । आत्तिँदै उनकी आमा कराइन्, 'लौ न के भयो मेरी छोरीलाई !' आमाले उन्लाई सजिलो गरी ओछ्यानमा पल्टाइदिइन् । पंखाले हम्काइदिइन् ।साथीले मुहारमा पानी छर्कीदिइन् । रूपनन्दाले विस्तारै आँखा खोलिन् । राम्ररी होस आएपछि आमालाई अंगालेर 'मेरो नन्दलाई फर्काइदिनुस् आमा । मेरो श्वास हो मेरो नन्द । श्वास नै नभएपछि म कसरी बाँचुंला र !' भन्दै क्वाँ क्वाँ रुन थाली । छोरीको वेदनाले आमाको हृदय पनि पग्लियो । छोरीलाई अंगाली आमा पनि सुकसुकाइन् । छोरीको टाउकोमा हात फेर्दै भनिन्, 'नरोउ छोरी । धैर्य गर । तिमीले विस्तारै कुरा बुझ्नेछौ । हामीले लुकाइराखेको एउटा कुरा तिमीलाई भन्नु छ । तिमी नरोउ छोरी । तिमी रुनुपर्ने कुनै कारण छैन । नन्द प्रव्रजित भएको तिम्रो लागि पनि राम्रो भयो, नन्दको लागि पनि राम्रो भयो ।'

आमाको कुरा सुनी रूपनन्दाले आश्चर्य मानी आमाको अनुहार ट्वाल्ल परेर हेरिन् एकछिन । फेरि रूँदै भनिन्, 'मेरो जीवन नै ब्यर्थ हुँदा पनि किन मेरो लागि राम्रो भयो भन्नुभयो आमा ? लुकाउनु पर्ने कुरा नै के छ र ? अहिले सम्म मलाई किन नभन्नुभएको नि आमा ? मलाई अहिले नै भन्नुस्, अहिले नै भन्नुस् ।'

रूपनन्दा हिक्क हिक्क गर्दै रोईरहिन् । छोरीको दुःख अन्त गर्ने एउटै उपाय त्यही उसलाई अहिले सम्म नभनेको कुरा भन्नु मात्र बाँकी रहेजस्तो लाग्यो उनकी आमालाई ।

'लौ सुन छोरी । तिमीले मन सम्हाल्न सक्दिनौ कि भनी अहिलेसम्म तिमीलाई नभनेको कुरा ।' रूपनन्दाकी आमाले गम्भीर हुँदै भन्न थालिन् । रूपनन्दा पनि रुन छाडी आमाको कुरा ध्यान दिएर सुन्नथालिन् ।

'तीन महिना जति पहिला हामीले तिमीलाई एउटा जन्तर लगाईदिएका थियौं नि, सम्झेकी छौ नि ! त्यो जन्तर चक्रदत्त ब्राह्मणले तिम्रो दशा छुटाउनका लागि बनाइदिएको । तिम्रो चिनोमा एउटा ठूलै दोष रहेछ । त्यो के भने, तिमीले बिवाह गर्‍यौ भने तिमी चाँडै नै बिधवा हुने कुरा चिनोमा देखिएपछि तिम्रो बुबालाई निक्कै चिन्ता लागेर राजगुरु चक्रदत्त ब्राह्मणसंग छलफल गर्नुभयो । राजगुरुले अरु ब्राह्मणहरूसंग पनि छलफल गरी दशा निवारणका लागि एउटा शान्तिकर्म गर्नुपर्ने निष्कर्ष निकाल्नुभयो ।'

कुरा सुनीरहेकी रूपनन्दाको जिउ सिरिङ्ग भयो । अनुहार मलीन भयो । आँखामा आँसु टिल्पिलाए । प्राण समानको नन्दको मुस्काइरहेको अनुहार उनको आँखा अगाडि घुम्नथाल्यो ।

'तिमीले चित्त दुखाउनु पर्दैन छोरी । यसरी दशा बिग्रनु तिम्रो दोष होइन छोरी । पूर्वजन्मको बिपाकले पछ्याएको मात्र हो । त्यसलाई हटाउन हामीले ब्राह्मणहरूबाट शान्तिकर्म, होम, जप आदि गराई वहाँहरूले बनाइदिएको जन्तर तिमीलाई लगाइदिएका हौं ।'

रूपनन्दा शान्त भइकन आमाको कुरा सुनीरहीन् ।

'तिमीलाई जनपद कल्याणी पदको लागि छनौट प्रक्रियामा सहभागी गराउन हामीलाई चित्त नबुझेको कारण पनि त्यही नै थियो । तिमी जस्ती रूपवती यो कपिलवस्तुमा अरु को नै छ र ! तिमीले उक्त छनौट प्रक्रियामा भाग लियौ भने तिमीले नै जित्ने कुरामा हामीलाई पूर्ण विश्वास थियो । अनि तिमीले तिम्रो मनको राजकुमार नन्दलाई वरमाला पहिराइ दिने कुरा पनि हामीलाई ज्ञात भएकै कुरा हो । जनपद कल्याणी

पदवी पाएकी सुन्दरीले जसलाई रोज्छिन् उनी स्वतः राज्यको उत्तराधिकारी हुने कुरा पनि देशको नियम बमोजिम निश्चित नै छ । तिम्रो चिनोको दोषले नन्द जस्तो राजकुमार हामी माझबाट गुमाउन नपरोस् भनी डराएका हामी । त्यति मात्र होइन, तिमीलाई आइपर्ने बियोगको दुःख हामीले कसरी हेरी बस्न सकौंला र !'

रूपनन्दाले बिचैमा कुरा काटेर बोली, 'अब म जनपद कल्याणी भइसकेपछि, मेरो बिवाह हुन केही क्षण मात्र बाकि हुँदा बुद्धले नन्दलाई किन लगेको नि आमा ? नन्दको पनि त मसंग बिछोडिनु परेकोले कति मन रोइरह्यो होला । मेरो नन्द मसंग नहुने हो भने म बाँच्न सक्दिन । मलाई मेरो नन्द ल्याइदिनुस् ।' उनी फेरि हिक्क हिक्क गर्दै रुन थालिन् ।

'होइन छोरी, उहाँ गौतम बुद्धले तिम्रो पनि, नन्दको पनि रक्षा गर्नुभएको हो । उहाँ सर्वज्ञ हुनुहन्छ । उहाँले सबैको हित हुने कार्य मात्र गर्नुहुन्छ । नन्दलाई सांसारिक बन्धनबाट मुक्त गर्न प्रव्रजित गर्नुभएको हो ।'

'होइन आमा, यो अन्याय हो । दुइ प्रेमीलाई छुट्याउनु पाप हो, कसरी राम्रो काम हुनसक्छ ?' प्रेम बियोगले बिक्षिप्त भएकी रूपनन्दाले आमाको कुरा स्वीकार्न सकिनन् ।

'त्यसो नभन छोरी । उहाँ सारा लोकलाई बाटो देखाउनु हुने पथ प्रदर्शक हुनुहुन्छ । दुखबाट मुक्त हुने मार्ग खोज्न राजदरबारको सुख, एश्वर्य त्याग गर्नुभएको हो । यशोधरा जस्ती सुन्दरी, सुशील स्त्री, भर्खर जन्मेको पुत्र राहुललाई छोडेर जानुभएको हो । अनेक दुःख, कष्ट सहेर बोधिज्ञान प्राप्त गरी हामी सबैलाई उक्त ज्ञान बाँडीदिन यहाँ पाल्नुभएको छ । तिमीलाई उहाँको धर्मदेशना सुन्न जाउँ; आऊ भन्दा उपदेश सुन्ने बेला भएको छैन भनी आउँदिनौ । आफ्नो रूपमा गर्व गर्दै त्यसैमा रुमल्ली रह्यौ तिमी । त्यसैले तिमीले मेरो कुरा बुझ्न सकिनौ । उहाँ गौतम बुद्धले सबै प्राणीहरूलाई करुणा राखी उद्धार गर्नुहुन्छ । नन्दलाई भिक्षु गर्नु पनि अवश्य उनको भलाईको लागि हुनुपर्छ । अबदेखि तिमी पनि उहाँ शास्ताको धर्मदेशना सुन्ने गर्नु । अनि तिमीले पनि बुझ्नेछौ उहाँले किन त्यसो गर्नुभएको भनी ।'

आमाको कुरा उनको कानमा अलिकति पनि पसेन; न त उनको हृदय नै शीतल भयो । दिनानुदिन नन्दको बियोगमा नदीबाट उछिट्टिएर बालुवामा परेको माछा जस्तै छट्पटाइ रहीन् उनी । उनको मुखारबिन्दबाट 'नन्द.... नन्द....' शब्द मात्र प्रतिध्वनित भइरह्यो । खाने, लाउने, सिङ्गारिने कुनै कुरामा पनि ध्यान रहेन । बैद्यद्वारा गरिएको उपचार पनि चुहिएको गाग्रीमा पानी थापेसरी कुनै प्रयोजन भएन । हुनु पनि कसरी ! आखिर उनको रोग त शारीरिक नभई मानसिक हो । दुब्लाउँदै गएको उनको रूप सुकेको बिरुवा जस्तो देखिन थाल्यो । सखीहरूले उनको वेदना हेरेर बस्न सकेनन् । उनको घाउमा मलम लगाउन सकिन्छ कि भन्ने आशामा साथीहरूले आपसमा छलफल गरी एउटा जुक्ति प्रयोग गरी हेर्ने निर्णय गरे ।

एकजना साथीले उनको मन राख्ने भावले विस्तारै भनिन्, 'रूपा, तिम्री आमाले तिमीलाई सम्पूर्ण कुरा भन्नुभएकै छैन । अझै एउटा कुरा लुकाउनु भएको छ, थाहा छ ?'

'आमाले किन कुरा लुकाउनु हुन्छ र ! लुकाउनु भएको कुरा त भनीसक्नु भयो नि । मेरो दशाको खड्को तारेको कुरा भन्नुभएको नि आमाले ।'

'त्यति मात्र होइन, अर्को पनि कुरा छ ।'

'अर्को के कुरा ? तिमीहरूलाई थाहा छ भने भन मलाई । चाँडै भनन ।' उनी कुरा सुन्न आतुर भइन् ।

साथीले कुराको माला बुन्न थाली, 'राजगुरु चक्रदत्त ब्राह्मण र अरु ब्राह्मणहरूको कुरा नि । वहाँहरूलाई दोष दिने इच्छा नभएकोले तिम्री आमाले तिमीलाई नभनेकी मात्र हो । कुरा के हो भने, ब्राह्मणहरूले तिम्रो चिनाको दोषबाट तिमीलाई मुक्त गर्न उपयुक्त नभएको शान्तिकर्म, होम, जप गर्न पुग्यौं भनेर आत्मालोचना गर्दै क्षमा माग्न आए रे । राजब्राह्मणहरूको मानमर्यादामा आँच आउला भनी यो कुरा गोप्य नै राखेका हुन् । साँच्चै भन्ने हो भने तिम्रो चिनाको दोष निवारण भएको छैन । त्यसैले प्यारी सखी रूपा, तिमीले कसैलाई दोष नदिनु । दोष तिम्रो चिनाको हो । नन्दलाई प्रव्रजित गरी शाक्यमुनी बुद्धले तिम्रो र नन्दको उपकार गर्नुभएको छ । यो कुरामा तिमी उहाँ बुद्धप्रति कृतज्ञ हुनुपर्छ । तिमीले शोक मनाउन छोडिदेउ ।'

केही क्षण रूपनन्दा टोलाएर बसिन् । साथीहरूको कुरालाई उनले विश्वास गरिन् । नन्दले यो संसार नै छोडेर जानुभन्दा गृहस्थी जीवन मात्र छोडेर जानु धेरै राम्रो भएको कुरा उनले महसूस गरिन् । बादललाई उघारेर चन्द्रमाले चिहाए जस्तै उनको अनुहार विस्तारै

उज्यालिन थाल्यो । खुशी मिश्रित आवाजमा भनिन्, ‘ ए.... त्यस्तो पो ! मेरै कारणबाट नन्दलाई मृत्यु भय रहेको रहेछ । उहाँ शाक्यमुनिले नन्दलाई भिक्षु बनाउनु भएको राम्रै भएछ त्यसोभए । उनलाई जीवन दान प्राप्त भयो । धन्य शाक्यमुनी बुद्ध, मेरो कोटी-कोटी नमस्कार !’ दुईहात जोडी शीर निहुऱ्याइन् । होश गुमाएको व्यक्ति होशमा आए जस्तो, हराएको बस्तु पाए जस्तो उनको हृदय कपास जस्तै हलुङ्गो हुँदैगयो ।

रूपनन्दा विस्तारै सामान्य हुँदै आइन् । तैपनि प्रेम वियोगले समयान्तरमा भावबिह्वल हुने क्रम जारी नै थियो । एकैछिनमा आफूलाई सम्हाल्दै नन्दकुमारलाई बुद्धले प्रव्रजित गर्नुभएर उद्धार गर्नुभएको सम्झेर खुशी पनि हुन्थिन् । उनका सखीहरू पनि अंध्यारोमा हानेको बाण निशानामा लागेकोले त्यत्तिकै खुशी थिए ।

रूपनन्दाको स्वभाव बिस्तारै बदलिंदै गयो । यशोधरा देवी, उनकी ठुली आमाकी छोरी, जसले कपिलवस्तुका राजकुमार सिद्धार्थसंग बिवाह गरी सिद्धार्थले गृहत्याग गरेको समयसम्म असीम माया प्रीति मात्र दिएकी होइनन्, पछि गएर त्यागको प्रतिमूर्ति भएर प्रस्तुत भइन् । समय समयमा उही यशोधरासंग भेट गरी धर्मशाकच्छा गर्ने भइन् रूपनन्दा । उनमा बिस्तारै लौकिक संसारप्रति बैराग उत्पन्न हुनथाल्यो । शाक्यमुनी बुद्ध कपिलवस्तु आउनुभएको समयमा उपदेश सुन्न नगएको कुरामा पश्चाताप भइरह्यो उनलाई ।

केही दिन पछि नै रुपनन्दाका पिता कालगतिले परलोक हुनुभयो । आमा भिक्षुणी संघमा प्रव्रजित हुनुभयो । उनी एक्लै भइन् । उनको रूप अझै पनि त्यतिकै सुन्दर थियो । राम्रो फूलमा भंवरा मडराए जस्तै उनलाई विवाहको प्रस्तावहरू नआएको पनि होइन । आफूले नन्दलाई पूजा गरेको प्रेमको फूल समेटेर फेरि अरुलाई चढाउने कुरा उनले बिचारसम्म गर्न सकिनन् । कहाँ नन्द बसेको छ उ पनि त्यहीं जाने, नन्दको दर्शन गर्ने इच्छा प्रबल हुँदैगयो उनमा । नन्द ज्ञान प्राप्त गरी अर्हत भइसक्नु भएको कुरा उनको कानमा परिसकेको थियो । अब नन्दले उनलाई प्रेमिकाको रूपमा हेर्ने छैनन् भन्ने कुराको हेक्का छ उनलाई । तैपनि आफू पनि प्रव्रजित भई नन्दको वरिपरि बसी ज्ञान लाभ गर्ने बिचार गरिन् ।

त्यो समयसम्म कपिलवस्तुका राजा शुद्धोदनको देहान्त भइसकेको थियो । रानी प्रजापति गौतमी ५०० शिष्याहरूसहित प्रव्रजित भई बुद्ध रहनुभएको कोशल राज्यको वैशाली महानगरमा भिक्षुणी आराम बनाई बसीराख्नु भएको थियो । रूपनन्दाले त्यहीं गई प्रव्रजित हुने निर्णय लिइन् । बुद्धशासनमा प्रव्रजित हुने इच्छा गरेका अरु २५ जना महिलाहरूका साथ रूपनन्दाले कोशल राज्यतिरको लामो यात्रा प्रारम्भ गरिन् । बनजंगल हुँदै, १५ दिन लगाउँदै जानुपर्ने कठिन यात्रा पछि वैशाली महानगर पुगी सिधै महाप्रजापति गौतमी रहनुभएको भिक्षुणी आराममा पुगिन् । केही दिनपछि सबैले प्रव्रज्या ग्रहण गरे । त्यसबेला शाक्यमुनी चारिकामा जानुभएकाले उहाँबाट धर्मदेशना सुन्न नपाए पनि प्रजापति गौतमीबाट धर्मको रसपान गर्नपाएकोमा सबै प्रफुल्लित देखिन्थे । भिक्षु नन्द स्थविरको मुहार हेर्ने उनको अभिलाषा पुरा हुनपाएको थिएन ।

केही दिनपछि गौतम बुद्ध आइपुग्नुभयो । उहाँले सभागारमा उपदेश दिनुहुने समाचार प्राप्त भएपछि सबै जना त्यहीं पुगे । त्यो दिन रूपनन्दाको मन फूलजस्तै हलुंगो थियो । एकछेउमा बसी बुद्धलाई वन्दना गरिन् । मैत्री र करुणा भावले भरिएको आभायुक्त उहाँको मुहार हेर्दै भावबिभोर हुँदै नतमस्तक भइन् केही क्षण । उनको आँखा शाक्यमुनीलाई पंखा हम्काइरहेकी अत्यन्त सुन्दरी १६ वर्षकी भर्खरकी यौवना माथि पर्नगयो । सँधै आफ्नो रूपको घमण्ड गर्ने उनी भिक्षुणी भइसकेपछि त्यस्तो भावना हराउँदै गएको थियो । तर उक्त अत्यन्त सुन्दरीलाई देख्दा आफ्नो अहम्ले शीर उठाउन लागेको उनले चाल पाइन् । उनले त्यस सुन्दरीलाई आंखा नझिम्काई हेरिरहिन् । उनको मनमा प्रश्न उब्जिरह्यो, ‘उनी मान्छे हुन् कि अप्सरा ?’

हेर्दाहेर्दै त्यस सुन्दरीको रूप बदलेर गयो । अब उ भर्खरकी यौवना जस्तो देखिइनन् । बीस बाइस बर्षकी तरुनी जस्तो देखिइन् । एकैछिनमा अधबैंसे आइमाइ जस्ती देखिइन् । उनको सुन्दरतामा कमी आउनथाल्यो । हेर्दाहेर्दै उनको रूप क्रमशः चालीस, पचास, साठी वर्षकी महिलाको रूपमा परिवर्तन हुँदै गयो । अनुहार चाउरिंदै गएको, कपाल फुल्दै आएको उनले प्रत्यक्ष हेरीरहेकी थिइ । संगसंगै उनको मनमा अनित्यबोध पनि हुँदै गइरहेको थियो । हेर्दाहेर्दै फेरि अस्सि, नब्बे वर्षकी कुप्री, दाँत सबै

झरेकी, सम्पूर्ण शरीरको छाला कागजलाई कच्याककुचुक पार्दा जस्तै चाउरी परेको, ऱ्याल चुहिरहेको, हात खुट्टा थरथर काँपिरहेको शक्तिहीन बुढी महिलाको रूपमा परिवर्तन भईन्। त्यस बुढी महिला सिधा बस्नसम्म नसकेर भुईमा लड्न पुगिन्। त्यहीं उनले प्राण त्याग गरिन्। हेर्दाहेर्दै त्यो मृत शरीर फुल्न थाल्यो, क्रमशः नीलो हुँदै आयो। कुहिएर ठाउँ-ठाउँबाट तरल पदार्थ बग्न थाले। दुर्गन्धले वातावरण दुषित भयो। यी सबैको प्रत्यक्ष द्रष्टा भिक्षुणी रूपनन्दाले अनित्य स्वभावलाई राम्ररी बुझिन्। त्यही समयमा उनको कानमा ध्वनि तरङ्गित भयो– 'रूपनन्दा, तिमीले जरा (वृद्धावस्था), ब्याधि (रोग)ले युक्त, अपवित्र, कुहिएर जाने, फोहर बग्ने यस शरीरलाई हेर। यो शरीर र तिम्रो शरीर त्यस्तै हो, केही फरक छैन। यस रूप निर्माण गरीराखेको धातु विभाजनको बारेमा विचार गर। यसको निसारत्वको बारेमा विचार गर। यस्तो शरीरको इच्छा नगर। लोकको बारेमा, संसारको बारेमा भएको तृष्णा क्षय गर्दै जाऊ। शान्त स्वभावको भई तृष्णाबाट मुक्त हुने कोशीस गर।'

भिक्षुणी रूपनन्दा तान्द्राबाट बिउँझे जस्तै झसंग भइन्। उनले त्यहाँ त्यस कुहिएकी महिलाको शरीर देखिन्। अनित्यता बोधले हृदयमा जरा गाड्दै गएको अवस्थामा उनले अन्तरदृष्टीले एक महिलाको शरीरको अनित्यतालाई अन्तरमनबाट महसूस गरेकी रहेछन्। उनले आँखा चिम्ली चिन्तना गरिन्। आगो लागेको घरबाट आफ्नो प्राण बचाउन दौडिंदै बाहिर निस्केको मानिस जस्तै उनको मन पनि तृष्णाको भवसागरबाट बाहिर निस्कन आतुर भइराखेको अनुभव गरिन् उनले। त्यही क्षण ध्यानमा लीन भई परमार्थ सत्यलाई आत्मसात गरिन्। उनको हृदयमा शान्ति ब्याप्त भयो। त्यही क्षणमा भिक्षुणी रूपनन्दा अर्हत् भइन्। उहाँ शास्ताको करुणा भावप्रति भित्री मन देखि कृतज्ञ भइन्।

चिन्तनाबाट बाहिरिंदै आँखा उघारेर हेर्दा शाक्यमुनी बुद्धले धर्म उपदेश समाप्त गरिसक्नु भएको थियो। अनि भिक्षु, भिक्षुणी, श्रद्धालु, उपासक, उपासिकाहरू सबै सभागारबाट बाहिर निस्कने क्रममा थियो। सभागार 'साधु ! साधु !! साधु !!!' को ध्वनिले गुञ्जायमान भइरहेको थियो।

भिक्षुणी रुपनन्दा 'अर्हत नन्दा'को नामले प्रख्यात भइन्। ■




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु पुण्य (कुशल कर्म) गर्दै जानु।

आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥ यही नै बुद्धको उपदेश हो।

**बिश्व मोटर ट्रेडर्स**

अनूर सुन्दर तुलाधर

सलिल सुन्दर तुलाधर

काठमाडौं, नेपाल।

मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७

e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस्।

धम्मपद



# मल वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

म्हासुनःगु सिमा हःथें आ छ ज्वी थन धुंकल,
यमदूत हनं छंथाय् न्ह्योनेसं वय्नं धुंकल,
अवश्यनं विनाशादिं ज्वीगु छंगु जुया च्वन
अयनं छंकेतु लँ खर्च छुं हे मदुनि सो थन ! ॥१॥

दय्कि तापु अकें आ छं, ज्याखं पण्डित, ज्वीगु सो
मल क्लेश विना जूसा, ज्वी आर्य भूमि प्राप्त सो ॥२॥

फ्वीनं धुंकल सो आयु, थ्येने धुंकल कालनं
बास मदुनि लँय् बीचे, लँ खर्च मदु छुं हनं ॥३॥

ता दय्कि याकनं मागु पण्डित जू परिश्रमं
मल क्लेश विना जूसा मुक्त ज्वी दुःख वन्धनं ॥४॥

बुलुं बुलुं मदय्का छ्व मेधावीं चित्तया मल
वहया मल वांछोथें सुचुक लुंकमिं फुक ॥५॥

नं प्यहांवोगु नंखि सो नंयातहे नया छ्वई
चंचल जूम्ह व्यक्तिं छ्वै थःगु कर्म स्व दुर्गती ॥६॥

मन्त्रं मयाय्गु आवृत्ति विद्याया थन खः मल
छें मल्त्वनेगु स्योंसांहे छेंया सदैव खः मल
शरीरे नित आलस्य ज्वोगु सौन्दर्यया मल
हनं असाबधानीहे पाः च्वनीह्मसिया मल ॥७॥

कूचाल मल खः स्त्रीया, कपटी ज्वीगु दानया
पाप खः बरु पापीया इह व परलोकया ॥८॥

हे भिक्षुपिं ! अविद्याहे मल मध्ये महा मल
अकें थ्व मल तोतालि ज्वीगु सो नित निर्मल ॥९॥

निर्लज्ज अफ्र शूराह्म कोथें लाकेगुली जुया
संकिलिष्टह्मनं जूसा म्वायेगु सुगम ज्वी उया ॥१०॥

कठिन खः जुया म्वायेगु लज्जाशील, पवित्रता
शुद्ध आजीविका याना अनालस्य हनं जुया ॥११॥

प्राणीघात सधां याह्म, ल्हाह्म असत्य बाक्यनं
कर्पिनेगु खुया काह्म, स्वै ज्वीह्म पर मिस्तनं
मद्यपान हनं याह्म पुरुषं थुगु लोकस
थःमंहे थःगु हा लेहे थन छ्वई थ्व निश्चय ॥१२,१३॥

असंयमीम्ह पापी ज्वी धका लुमंकि हे जन
मज्वीमा दुःख लोभं वं अधर्म छन्त सो धन ॥१४॥

श्रद्धां प्रशन्नतां दान लोकं बिई खुसी जुया
करपिनि नये त्योंसा असन्तोष सधां जुया
नमवासे च्वना चोंसा पुलु पुलु त्वलं स्वया
चान्हं न्हिनं गनं शान्ति दै मखु उह्म, व्यक्तिया ॥१५॥

'हा' हे लेंहे थना छोसां यदि उक्त स्वभावया
चान्हं न्हिनं दया शान्ति, समाधि प्राप्त ज्वी उया ॥१६॥

मदु राग सरी 'अग्नि' मदु द्वेष सरी 'ग्रह'
मदु मोह सरी 'जाल', मदु तृष्णा सरी 'नद' ॥१७॥

खंके अःपु सधां दोष मेपिनिगु उखें थुखे
खंके थाकु सधां दोष थःम्हं थःगु गथे गथे
परदोष व्ह्ला छ्वैगु ब्वेकालि हिमथें जनं
तोपुई थःगुजा दोष, पासाथें म्हितिम्हं हनं ॥१८॥

माला ज्वीम्ह कतः दोष थथे अथे धका सधां
व्यक्तिं आश्रव प्वोचीसो, क्षयमा मार्ग लोमनां ॥१९॥

रेखा मदु गथे आक्से, श्रमण मदु सो पिने
प्रपञ्चहीन सम्बुद्ध, मेपिं प्रपञ्चया दुने ॥२०॥

रेखा मदु गथे आक्से श्रमण दु सो पिने
मखु सो नित्य संल्कप मदु चंचलता जिके ! ॥२१॥

# भिक्षुणी प्रजापति गौतमीको गुणानुस्मरणमा समर्पित श्रद्धेय धम्मवती गुरुमां



✍ लोचनतारा तुलाधर



वि.सं २०८० सालको असार/साउनतिर बौद्ध जगतमा एउटा निमन्त्रणा कार्डको वितरण भइसकेको थियो । त्यो कुनै 'महा-परित्राण पाठ' अथवा 'कथिन उत्सवको निम्तो होइन । नेपाल भाषामा छापिएको कार्डको व्यहोरा यस्तो थियो–

'हामी सबै प्रव्रजित गुरुमांहरूको कर्मदाता माता श्री आदि भिक्षुणी प्रजापति गौतमी महिलाहरूलाई बुद्धशासनमा बाटो खोलिदिएर अस्सि (८०) वर्षको उमेरमा प्रव्रज्या हुनु भएको पवित्र दिनमा हामी सबै प्रव्रजित गुरुमाँहरू सहभागी भइ स-श्रद्धापूर्वक उत्सव मनाऔं' ।

स्थान : धर्मकीर्ति विहार, श्रीघः नःघ, यैं

समय : विहान ७ बजेदेखि ३ बजेसम्म

प्रार्थी :

संघका अध्यक्ष

धम्मवती गुरुमां, शासनधज धम्माचरिय,

अग्गमहागन्थवाचक पण्डित

भिक्षुणी प्रजापति गौतमीको गुणानुस्मरण गर्ने श्रद्धेय धम्मवती गुरुमांको परिकल्पना र योजना अनुसार वि. सं २०८० असोज १२ गते यैंया पुन्ही (मधु पुर्णिमा)को अवसरमा धर्मकीर्ति विहारमा नब्बे (९०) जना प्रव्रजित गुरुमांहरू निमन्त्रणा गरी समारोह भएको थियो । नेपालमा पहिलो पटक भएको यस समारोहमा प्रव्रजित गुरुमांहरूबाट "भिक्षुणी प्रातिमोक्ष पालि पाठ" भयो । भिक्षुणी विनयको केही अंश भिक्खुनी पातिमोक्ख पालि पाठ" पुस्तक छपाएर धम्मवती गुरुमांले नै वितरण गर्नु भएको थियो ।जुन कार्य नेपाली बौद्ध समाजमा अत्यन्त पृथक र नौलो थियो।

अन्तरर्राष्ट्रिय जगतमा हेर्ने हो भने उक्त दिन United Theravada Bhikhuni Sangha International, Bodhgaya, India ले 29 September, 2029, International bhikkhuni (Uposatha Day Full Moon day) भनेर मनायो । यस संस्थाले मधुपूर्णिमा (येयाः पुन्हि) को दिन International Bhikhuni Day बर्षेनी मनाउँछ । यस वर्ष Bhikhuni Sangha – Beacon of Growth and Harmony भन्ने थीममा अनलाइन जूम मार्फत विभिन्न देशका भिक्षुणीहरू र वरिष्ठ भिक्षुहरूको सहभागीतामा भिक्षुणीहरूको अनुभव, अध्ययन, चुनौती, भिक्षुणी संघको उत्थान आदि विषयमा छलफल कार्यक्रम गरेको थियो । नेपालमा भने यो चलन रहेको थिएन । धम्मवती गुरुमांको अगुवाईमा गौतमी प्रव्रज्या दिवस उत्सव मनाउने यस वर्षदेखि शुरुवात भयो । यो विषयमा श्रद्धेय धम्मवती गुरुमांको प्रयास कस्तो छ भन्ने यस लेखको उद्देश्य हो ।

हाम्रा गुरुवर श्रद्धेय धम्मवती गुरुमां जव वि.सं. २०२२ मा बर्मामा १४ वर्ष अध्ययन सकाएर जन्मभूमि नेपाल पदार्पण गर्नु भयो, त्यसबेलादेखि आजसम्म नारीहरूलाई शिक्षित बनाउने, उनीहरूको जीवनस्तर उत्थान गर्नुमा अहोरात्र सकृय हुनु भएको छ । आज महिलाहरूले भिक्षुणी प्रजापति गौतमीको गुणस्मरण गर्नै पर्छ भनेर 'यैंया पुन्हि' विशेष रूपमा मनाउने शुभकार्य प्रारम्भ गर्नु भयो । अन्तर्राष्ट्रिय बौद्ध जगतमा यो विशेष दिनको चर्चा भइरहेको समयमा हामी नेपालीहरूमाझ अति श्रद्धेय धम्मवती गरुमांबाट यो दिनको महिमा र

महत्व बुझ्ने अवसर प्राप्त भएको हो । चिन्न थाले । भिक्षुणी प्रजापति गौतमीको गुणलाई व्यापक गर्ने धम्मवती गुरुमांको प्रयास यो पहिलो भने होइन । कुरो वि.सं २०५१ हो । उसबेला बुद्ध जन्मभूमि लुम्बिनीमा विभिन्न देशहरूबाट आआफ्नै देशको ढाँचाबाट बौद्ध विहार, धर्मशाला आदि निर्माण गरिरहेका थिए । त्यही समय धम्मवती गुरुमांको अगुवाईमा लुम्बिनीमा "गौतमी विहार" निर्माण सम्पन्न भयो । भिक्षुणी महाप्रजापति गौतमीको नाउँ राखी विहार निर्माणमा नेतृत्त्व धम्मवती गुरुमां नै हुन् । त्यति मात्र कहाँ हो र विहार भित्र भगवान बुद्ध, बुद्ध माता महामाया देवी, प्रजापति गौतमी र सिद्धार्थ कुमारको मूर्ति पनि प्रति स्थापन गरियो । यी चार मूर्ति एकै ठाउँमा प्रतिस्थापन भएको विहार यही मात्र एक हो । यसरी यो मातृ शक्तिलाई सम्मान गरेको ज्वलन्त उदाहरण हो । त्यस समय लुम्बिनीमा विहार बनाउनका लागि जग्गा प्राप्तीको काम देखि निर्माण कार्य सम्पन्न नभए सम्म धम्मवती गुरुमांको नेतृत्वमा अहोरात्री काम थालनी भयो । लुम्बिनीमा पुष महिनाको शीत लहर र जेष्ठ महिनाको गर्मीको समेत वास्ता नगरी गुरुमां दृढचित्तले खटिनु भयो । उहाँको अगुवाईमा श्रद्धालु दाताहरूबाट आवश्यक अनुसार चन्दा प्राप्त भयो । उहाँको नेतृत्वको प्रभावकारिता यहाँबाट स्पष्ट हुन्छ । यसरी लुम्बिनीमा पूर्वतिरको मोनास्टिक जोनमा वि.सं. २०५१ सन् 1994 मा International Gautami Nun Temple (Lumbini) मा निर्माण सम्पन्न भयो । विहारको भित्री द्वारमा अर्धगोलाकार डिजाइनमा यसरी लेखेको छ "धर्मकीर्ति विहार काठमाडौं द्वारा निर्मित गौतमी भिक्षुणी विहार" । उक्त विहारमा स्थापना कालमा सिद्धार्थ कुमार, भगवान् बुद्ध, महामाया देवी, प्रजापति गौतमीको मूर्ति प्रतिस्थापन भएकोमा हाल अर्को मूर्ति एउटा थपिन गएको छ त्यो हो– "भिक्षुणी प्रजापति गौतमी" । पहिले महारानीहरूको भेषको मूर्ति महामाया र गौतमीको हो भने अहिले चीवरधारी भिक्षुणी प्रजापति गौतमीको । डेढ दुई वर्ष अगाडि देखि धम्मवती गुरुमांले भिक्षुणी प्रजापति गौतमीको गुणस्मरण गर्नका लागि मूर्ति निर्माण गर्न लगाइ प्रव्रजित गुरुमांहरूको आवासमा गौतमीको मूर्ति राख्न आह्वान गर्नु भयो । फलस्वरूप हाल धेरै जसो गुरुमांहरूको विहारमा यस मूर्ति स्थापना भइसके साथै केही उपासिकाहरूले पनि श्रद्धा गौरवपूर्वक आफ्नो पूजाकोठामा मूर्ति राख्न थाल्नु भएको छ ।

प्रजापति गौतमीको प्रव्रज्याको दिन जनमानसमा सूचित गर्नको लागि गुरुमांका अर्को अनौठो परिकल्पना यसरी छ– धर्मकीर्ति विहारले गोजी पात्रो प्रकाशन गरी रहेको लामो समय भइसकेको थियो । वि.सं. २०७८ को पात्रोदेखि गुरुमांले यँया पुन्हिको दिनमा अरु चाडपर्व जस्तै प्रजापति गौतमी प्रव्रज्या दिं भनेर सुचांकन गर्नथालियो । बुद्ध जीवनीको विशेष दिन सूचांकन गरी प्रकाशन भएको क्यालेन्डर अर्थात् पात्रो "धर्मकीर्ति गोजी पात्रो" पहिलो हो । यसमा अन्य विशेष दिनहरू जस्तै ज्याः पुन्ही (जेष्ठ पूर्णिमा) - महासमय सूत्र देशना, गुं पुन्ही (जनै पूर्णिमा - मैत्री सूत्र देशना, फागु पुन्ही (फागुन पूर्णिमा) - बुद्ध कपिलवस्तु गमन दिनहरू आदि गरी विभिन्न विशेष दिनहरू Mark गरेका छन् । यसरी धम्मवती गुरुमांको दूरदर्शी सोचले बुद्ध जीवनीको सामान्य ज्ञान जनमानसमा प्रवाह गर्न यस पात्रोले भूमिका खेलेको देखिन्छ ।

प्रजापति गौतमी सिद्धार्थ कुमारको सानीमा हुनु हुन्छ । सिद्धार्थ कुमारको जन्म पश्चात् ७ दिनमा जन्मदाता आमा महामाया देवीको देहान्त पछि उहाँले नै सिद्धार्थ कुमारलाई आफ्नो दूध खुवाएर हुर्काउनु भएको थियो । उहाँ उनन्तीस वर्षसम्म गृहस्थाश्रममा बस्दा गौतमीले आमाको माया दिनु भयो । बुद्धत्वलाभ पछि कपिलवस्तु गमनको समयमा उहाँले आफ्नै हातले कपास केलाइ फट्की, धागो काटी राजदरवार भित्र नै शिल्पकारहरू बोलाइ कपडा बुन्न लगाउनु भयो र चीवरवस्त्र तयार गरी भगवान् बुद्धलाई अनुपम चीवर वस्त्र दान गर्न न्यग्रोधाराम जानु भयो । त्यहाँ बुद्धले उक्त चीवर वस्त्र भिक्षु संघलाई दान गर्न लगाउनु भयो । भगवान बुद्धले गौतमीलाई यसरी भन्नुभयो– "गौतमी ! संघलाई देउ, संघमा दिंदा म पनि पूजित हुनेछु र संघ पनि । भिक्षु अमृतानन्द बुद्धकालीन श्राविका चरित भाग-१ बु.सं २५६३, वि.सं. २०७६) प्रजापती गौतमीको बुद्ध प्रतिको यस प्रकारको श्रद्धा बुद्ध जीवनीको एक महत्वपूर्ण घटनाको रुपमा लिइन्छ ।

बुद्ध शासनमा मोक्ष प्राप्तिको लागि निर्वाण प्राप्तीको लागि कुनै किसिमको लैङ्गिक भेदभाव छैन भन्ने कुरा स्पष्ट छ । समय समयमा व्यक्त हुने भगवान् बुद्धको

बचनबाट पनि बुद्धले नारीप्रति भेदभाव नगरेको कुरा छर्लङ्ग हुन्छ । भगवान् बुद्धलाई मारले 'परिनिर्वाणको' लागि याचना गरको समय उहाँ भन्नुहुन्छ– 'जबसम्म भिक्षु भिक्षुणी तथा उपासक-उपासिकाहरू समर्थ हुने छैनन् तब सम्म म परिनिर्वाण हुने छैन ।' उहाँको मान्यता अनुसार बुद्ध शासन चिरस्थायीको लागि भिक्षु भिक्षुणी, उपासक उपासिका चारै समूह रथको पांग्रा सरह सक्षम हुनु पर्छ । यसरी प्रजापति गौतमीले असंख्य नारीहरूलाई दुःखबाट मुक्ति गराई स्वतन्त्रतापूर्वक जीवन जिउनेकला सिकाउनु भयो । बौद्ध दर्शनमा स्वतन्त्रताको अर्थ निर्वाण, अर्हत, विराग, विमुक्ति हो । आफ्नो चित्तलाई राग, द्वेष, मोहरूपी क्लेश बन्धनबाट मुक्ति दिलाउने नै बुद्धको सिद्धान्त हो । यस्तो मुक्तिको मार्गमा हरेक मोडमा जागरुक भई अन्तमा निर्वाण साक्षात्कार गर्न सक्षम हुन्छन् । यो कुरा तत्कालीन समाजमा देखाउन महारानी प्रजापति गौतमी गृहत्याग गरी भिक्षुणी बनी ।

सिद्दार्थ कुमार बुद्ध हुनु भएको पाँच वर्ष पछि ९८ वर्षको शुद्धोदन महाराजा बुद्ध शासनमा प्रतिष्ठित भइ परिनिर्वाण हुनु भयो । यतिन्जेल रानी प्रजापति गौतमीमा वैराग्य भाव उत्पन्न भइसके । उनले गृहस्थाश्रम त्याग गरी प्रव्रज्या लिइ भिक्षुणी बन्ने सोच बनाइन् । तर भिक्षु संघ स्थापना भएको पाँच वर्ष बितिसक्दा, भिक्षुणी संघ भने स्थापना भएको थिएन । त्यतिवेला कुनै महिलाले पनि घरबार त्यागी प्रव्रजित हुनै आँट गरेकी थिइनन् । ८० वर्षीया प्रजापति गौतमी उनै नेतृ हुन् जसले कपिलवस्तुबाट वैशालीसम्म पैदल हिँडेर पाँच सय शाक्यकुमारीहरूसँग गएर भगवान् बुद्ध विहार हुनु भएको वैशालीमा पुगी उहाँ सहित पाँचसय नारीहरू विधि पूर्वक उपसम्पन्न भएर भिक्षुणी बनिन् । यस पावन दिन येँया पुन्ही (मधु पूर्णिमा) नै गौतमी प्रव्रज्या दिवस हो । तत्कालीन इतिहासमा महिलाहरूको यस कदम चुनौतीपूर्ण जित हो । त्यस पछि विभिन्न वर्ग, समुदायका महिलाहरू भिक्षुणी बनेर प्रज्ञालाभी भएर अत्यन्त उद्योगी भएर आफ्नै परिश्रमद्वारा विदुषी भइ संघ र समाजमा उदाहरणीय भइ अहतत्व प्राप्त गर्न सक्षम भए । यसरी गौतमीले क्रान्तीकारी कदम चाल्नु भयो र कठोर अध्ययन, अभ्यास, परिश्रमले अरहत्व प्राप्त गर्नु भयो । अनि उहाँले आफू क्लेश बन्धनबाट मुक्त भैसकेको अनुभव यसरी उद्गार प्रस्तुत गर्नु भयो– "मेरा सबै क्लेशहरू भस्म भइसकेका छन्, सबै भवतृष्णा नाश भइसकेका छन्, बन्धन चुडाली बस्ने नाग (हात्ती) जस्तै अनाश्रवी भई मेले विहार गरेकी छु । चार-प्रति सम्भिदा, आठ विमोक्ष, छ अभिज्ञानहरू समेत प्राप्त गरी मैले बुद्ध शासनलाई पूरा गरेको छु ।" (भिक्षु अमृतानन्द - बुद्धकालीन श्राविका चरित भाग-१, बु.सं. २५६३, वि.सं. २०७६) । भिक्षुणी गौतमीको क्षमता तत्कालिन समाजमा देखाउन भगवान बुद्ध स्वयंले आज्ञा हुनु भयो "आइमाइहरूले धर्म अवबोध गर्ने सम्बन्धमा शंका गर्ने, विमति देखाउने विरोधिहरूको शंका निवारण गर्न गौतमी ! तिमीले ऋद्धि प्रातिहार्य देखाऊ !" (भिक्षु अमृतानन्द " ऐजन) । बुद्धको आज्ञा अनुसार भिक्षुणी गौतमीले विशाल जनसमुदाय बीच ऋद्धि शक्ति प्रदर्शन गर्नु भयो । र शील, समाधि प्रज्ञाको अभ्यास गरी लोकुत्तर मार्गफल प्राप्तीको लागि नारी या पुरुष बीच कुनै भेदभाव छैन भन्ने प्रमाणित गर्नु भयो । यसरी निरन्तर ध्यान अभ्यास जारी गर्दै भिक्षुणी गौतमीले १२० वर्षको उमेरमा परम शान्त निर्वाण प्राप्त गर्नु भयो । आफ्नी माताको सम्मानमा भगवान् बुद्ध स्वयं शवयात्रामा सम्मिलित हुनु भयो ।

आज एक्काइसौं शताब्दिमा आएर नेपालमा जन्मिएको वीरांगना धम्मवती गुरुमांले उनै संघनायिका भिक्षुणी गौतमीको गुणअनुस्मरण गर्ने सिकाउनु भयो । स्मरणीय छ श्रद्धेय धम्मवती गुरुमांको निर्देशनमा निर्वाण मूर्ति, विहारका डा. धम्मविजया गुरुमा र डा. मोलिनी गुरुमांको सक्रियतामा सन् २०१७, ८ मार्चको अन्तराष्ट्रिय नारी दिवसको उपलक्ष्यमा 'बुद्ध र नारी स्वतन्त्रता' शीर्षक अन्तर्गत 'प्रजापति गौतमीको संघर्ष र देन' विषयक एक दिने गोष्ठी सम्पन्न भएको थियो । आज अन्तर्राष्ट्रिय जगतमा महिला सशक्तिकरणको आवाज उठिरहेको बेला नारीहरूले प्रज्ञा सहित, अहम् रहित आन्दोलन गरी समानाधिकार सम्पन्न समाज सिर्जना गर्ने त्यस कार्यशाला गोष्ठीको उद्देश्य थियो ।

यसरी श्रद्धेय धम्मवती गुरुमां जब देखि बर्माबाट उच्चतम उपाधि "सासनधज धम्माचरिय" हासिल गरेर नेपाल फर्कनु भयो त्यो समयदेखि नै उहाँले नेपाली समाजमा नारी जातिको प्राज्ञिक स्तर वृद्धि गर्नमा लाग्नु

*( क्रमशः पेज २८ मा हेर्नुहोला )*



# मिलिन्द - प्रश्नमा अनुमान वर्ग

✍ शिशिल चित्रकार

सार संक्षेप : त्रिपिटकका अन्य शिक्षा जस्तै यो मिलिन्द - प्रश्नका विभिन्न वर्गहरू मध्ये, अनुमान वर्गमात्र पनि आफैंमा बुद्ध शिक्षा प्रवाह गर्न प्रर्याप्त छैन ? कसरी मान्ने भन्ने जिज्ञासाबाट शुरु भएको छ ।

सम्राट अशोकद्धारा तेस्रो संगायन पश्चात् विश्वभरी नै धर्मदूत पठाएकै कारणबाट यवन (ग्रिस) तिर पनि धर्मदूत पुगेको हुन् । यसरी विश्वमा बुद्ध धर्मको प्रचार पश्चात् ग्रिकसम्म भएको, राजा मिलिन्द पनि पूर्वपारमी भएबाट धर्मको संयोगको रूपमा नागसेन भन्तेसंग 'धर्म साकच्छाको' अवसर मिलेको मान्न सकिन्छ । राजा मिलिन्दले अझ बाँकी जीवन राजपाट त्यागी भिक्षु जीवन बिताएको र अरहंत पनि भएको प्रसंग समेत हामी पाउन सक्छौं ।

मिलिन्द प्रश्न ग्रन्थको लेखनबाट आधुनिक कालमा बुद्ध धर्मको प्रचार प्रसारमा थप योगदान भएको छ । साथै बर्मामा भएको छैठौं संगायनले यो ग्रन्थलाई त्रिपिटकको खुद्धक निकाय अन्तर्गत सामेल गरेको पनि अझ विशेष स्मरणीय छन् ।

परिचय : बौद्ध जगत र क्षेत्रमा यो मिलिन्द प्रश्न ग्रन्थ निकै प्रख्यात छ । इ.पू. सयवर्ष, राजा मिलिन्द र नागसेन भन्ते बिचको छलफल, संवाद, प्रश्नोत्तरको रूपमा रहेको यो ग्रन्थले बुद्ध शासनको अभिवृद्धिमा गहकिलो योगदान दिएको छ ।

नागसेन भन्तेले बुद्ध पुर्खाहरूले नदेखेझैं राजाका पूर्वजहरू पनि नदेखेको आधारमा राजाको पूर्वज छैन भन्न सकिन्छ र ? भन्ने प्रश्नमा राजाले सकिंदैन, पूर्वज राजाहरूको विभिन्न वस्तुहरू आदि प्रमाणको रूपमा रहेको बताएका थिए । यसै गरी नागसेन भन्तेले बुद्धलाई नदेखे पनि बुद्धका विभिन्न उपदेशहरू नै बुद्धको अस्तित्वको प्रमाणिकताको रूपमा यो अनुमान वर्गमा दर्शाइएको छ । जसरी राजाको पूर्वजहरूले प्रयोग गरेका राजमुकुट, छत्र, पलङ्ग आदिहरूबाट राजाहरू भएको मान्न सकिन्छ, त्यसैगरी बुद्धले प्रयोग गरेका वस्तुहरू पति बताएको छ । यसमा शील, समाधि, प्रज्ञा सम्मको कुराहरूकै विभिन्न किसिमले चर्चा गरेको पाउन सक्छौं ।

अनुमान वर्गमा बुद्धका मूल मर्म सबै समेटिएको, साधारण वर्गले शब्दको मर्मले मात्र बुझ्न सकिंदैन । राजा मिलिन्द आफै अन्य मतावलीहरूसंग शास्त्रार्थ गरेर हराउन सक्षम थियो । राजा मिलिन्द पारमी पूरा भएकोले नै नागसेन भन्तेसंग छलफल तथा बुद्ध धर्ममा दिक्षित भई राजपाट त्याग गरेको मान्न सकिन्छ । यसमा भएका विवरणहरूबाट थप जानकारी तथा अध्ययन गर्न उत्पेरीत गराउन समेत पनि यो अनुमान वर्ग सफल भएको देखिन्छ ।

अ) भगवान् बुद्धका पसल : राजा मिलिन्दको जिज्ञासा शान्त गर्ने क्रममा नागसेन भन्तेले भगवान् बुद्धको विभिन्न सामग्रीहरूको पसल भएको बताउनु भयो । यस अन्तर्गत फलफूल पसल, जडीबुटी पसल, सुगन्ध पसल, औषधिको पसल, अमृत पसल, रत्नको पसल, सबै सामग्री भएको पसल आदि हुन् । वस्तुतः यी सामगीहरूको प्रयोग, उपयोग तथा उपदेश नै भगवान् बुद्धले प्रयोग गरेको वस्तु हुन् भनी देखाएको छ । अब केही पसलहरूको चर्चा तल उल्लेख गरे बमोजित छ ।

क) औषधि पसल : भगवान् बुद्धले औषधिरूपी ३७ बोधिपक्खिय दर्शन दिनु भयो । यिनीहरू निम्नानुसार रहेका छन् ।

१) चार स्मृति प्रस्थान   २) चार सम्यक प्रधान
३) चार ऋद्धिपाद   ४) पाँच इन्द्रिय
५) पाँच बल   ६) सात बोध्यङ्ग
७) आर्य अष्टाङ्गिक मार्ग

यो औषधिबाट भगवान् बुद्धले मिथ्या दृष्टि, मिथ्या कर्म, मिथ्या जीविका, मिथ्या व्यायाम, मिथ्या स्मृति र

मिथ्या समाधि, मिथ्या दृष्टि, विचिकच्छा, उद्धच्च, थिनमिद्ध, अहिरीक, अनोतप्प तथा क्लेहरूलाई वान्ता गराउनु भयो ।[१]

ख) जडीबुटी पसल : भगवा्न बुद्धले जडीबुटकिो रूपमा जुन दिनुभयो, त्यसबाट सबै देव मनुष्यहरूको क्लेश मुक्त गर्ने हुन्छ । ती जडीबुटी भनेको चार आर्यसत्य हुन् । दु:ख सत्य, दु:ख समुदय सत्य, दु:ख निरोध तथा दु:ख निरोध गर्ने मार्गको साक्षात्कार भएमा सबै खालको दु:खबाट मुक्त हुन्छ । यो चार आर्यसत्यको अवबोध हुनु भनेकै सम्यक दृष्टि हुनु वा प्रज्ञा हासिल गर्नु हो ।[२]

ग) अमृत पसल : भगवान् बुद्धले सबै लोकको कल्याणको लागि अमृत फैलाउनु भयो । यो अमृत भनेको कायगतास्मृति हो । यो कायगतास्मृति चारस्मृतिप्रस्थानले जन्म हुने, मृत्यु हुने, शोक परिदेव, दु:ख दोर्मनस्य हुनेलाई यो अमृतबाट मुक्त गरिदिन्छ । जसले यो कायगतास्मृति भावना गर्दछ उनीहरूले अमृत पिएको सरह हुन्छ ।[३]

आ) धर्मको नगर : भगवान् बुद्धको धर्मरूपी नगरमा विभिन्न प्रकारका व्यक्तिहरू रहन्छन् । यिनीहरू यस प्रकारका रहेको छन् । सूत्रधर (सूत्र जान्ने), वियनधर (विनय जान्ने), अभिधर्मी, धर्मकथिक, जातक भाणक, दीध भाणक (दीर्ध निकायको प्रसंग बताउने), मज्झिम भाणक (मज्झिम निकायको प्रसंग बताउने), शील सम्मन्न, समाधि सम्पन्न, विपश्यना भावना गर्ने, श्रोतापन्न, सकृदागामि, अनागामि, अर्हतहरू आदि ईत्यादि विभिन्न किसिमका व्यक्तिहरूको विविधता सहित धर्म पालन गरिरहेको चरीत्रहरूको वर्णन पाउन सक्छौं ।[४]

यो धर्म नगरमा विभिन्न किसिमका पसलहरूको वर्णनहरू पनि पाउन सक्छौं । यिनीहरू यस प्रकारका छन् ।

१) धर्म सेनापति २) परोहित
३) भण्डागारिका ४) नगर जोतिका
५) धर्म रक्षक ६) रूप दक्ष
७) फलफूल व्यापारी ८) सुगन्ध व्यापारी
९) धर्मको व्यापारी
१०) धर्मरूपी साहु महाजन आदि इत्यादि ।

अब यिनीहरू मध्ये केहीको संक्षिप्तमा उल्लेख गर्नु उचित होला ।

१) सुगन्ध व्यापारी : जुन भिक्षु शील रूपी सुगन्ध धारण गरेर अनेकौं गुण धारण गरेर क्लेशरूपी मललाई हटाएको हुन्छ, त्यस्तालाई भगवान्को धर्मनगरको सुगन्ध पसले भनिन्छ ।

२) धर्म रक्षक : जुन भिक्षु प्रथम प्रहर देखि अन्तिम प्रहरसम्म नसुतिकन उभेर, बसेर, हिंडेर भावना गरी दिन रात कटाउँछ, क्लेश हटाउन सदा प्रयत्नशील हुन्छ त्यस्तालाई धर्म रक्षक भन्छ ।

३) फलफूल व्यापारी : जुन भिक्षुले चारआर्यसत्य अवबोध गरीसकेको हुन्छ, जसले बुद्ध शासन राम्ररी बुझिसकेको हुन्छ, उनीहरूलाई फलफूल व्यापारी भन्छ ।

यसरी भगवान् बुद्धका शिक्षा, बुद्धका अनुयायीहरूको विभिन्न प्रकार आदि (धर्म नगरका वासिन्दा, व्यापारी) हरूको चर्चा यो अनुमान वर्गमा रहेको छ । फेरि एकपल्ट दोहर्याउन उचित नै होला, यो अनुमान वर्गमा त्रिपिटकका सबै शिक्षा नै समाहित भएको भन्न सकिने अवस्था छ ।

यसरी नागसेन भन्तेले राजा मिलिन्दलाई भगवान् बुद्ध कुनै अनुमानमा मात्र नभई विविध प्रकारको कारण सहित भगवान् बुद्ध रहनु बताए । अन्तमा राजा मिलिन्द पनि आफ्नो प्रश्नको उचित जवाफ प्राप्त भएबाट सन्तुष्ट भए ।

निष्कर्ष : मिलिन्द प्रश्न अनुमान वर्गमा बुद्धलाई खाली अनुमानको भरमा मानेको होइन । वहाँको अनमोल वचन, शिक्षा नै वास्तविक प्रमाण हुन भन्न देखाउन सफल छ । मिलिन्द प्रश्न अनुमान वर्गमा आएको शील, समाधि, ध्यान अभ्यास, भगवान् बुद्धका विभिन्न किसिमका पसलहरू, धर्मको नगरमा विभिन्न प्रकारका व्यक्तिहरू हुनु भनेर देखाएकोबाट चरीत्र भेद बुझ्न बुझाउन मात्र नभई अध्ययन कर्ताहरूलाई तत् सम्वन्धी सामग्रीहरूको थप खोजीनीति गर्न प्रेरणा समेत दिएको छ । अझ यस भन्दा बढी त बुद्ध शिक्षा केवल अध्ययनको विषयमात्र होइन, यो त व्यक्तिहरूको दैनिक जीवनमा अभ्यास गर्ने विषय हुन् भनी आम जिज्ञासुहरूलाई यसमा थप हौसला दिन समेत सफल छ । यस परिवेशमा धम्मपदको २७६ श्लोक राख्न सान्दर्भिक ठान्छु ।[५]

**तुम्हेहि किच्चं आतप्पं - अक्खातारो तथागता ।**
**पटिपन्ना पमोक्खन्ति - झायिनो मारबन्धना ॥**

अर्थ- तिमीहरू आफैले आ-आफ्नो काम गर्नु पर्दछ, तथागतले केवल मार्गमात्र देखाउनु हुन्छ, ध्यान गर्ने

मार्गमा हिंड्ने ध्यानी मार बन्धनबाट मुक्त हुन्छ ।

अनुमान भनेको जीवनको कुनै क्षेत्रमा पनि गर्नु हुँदैन । एउटा उदाहरणको लागि निम्नानुसारको भनाई मनन गर्न समेत उपयुक्त देखिन्छ ।[६]

ASSUME
ASS U ME
U (You) and Me become Ass

मिलिन्द प्रश्न, अनुमान वर्गमा राजाले भगवान् बुद्ध छ छैन भनेर जुन प्रश्न गर्नुभयो, त्यसबाट भगवान् बुद्धका प्रवचन शिक्षा आदि सबै नै भगवान् बुद्ध भएका प्रमाणको रूपमा मात्र नभइ त्यो शिक्षा प्रति अझ थप विश्वासिलो र जीवनमा लागू गर्नुपर्ने तथा ध्यान भावनाको अभ्यास गर्नुपर्ने आधार समेत दिन्छ । आखिरमा यी शिक्षाहरू पढ्ने, धोक्नेमात्र त कदापी होइनन् भन्ने समेत सन्देश दिन सक्षम छ । ■


*सन्दर्भ सामग्री -*

१) अमृतानन्द (अनु.) : धम्मपद (पाली- नेपाल भाषा), काठमाडौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४७

२) दुण्डबहादुर वज्राचार्य (अनु) : मिलिन्द प्रश्न (नेपाल भाषा), गावहाल, ललितपुर, वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०५६

३) नानीमैयाँ मानन्धर (अनु.) बोधिपक्खिय दीपनी, बेखागल्ली, खुसिबूँ, नयाँबजार, काठमाडौं, वि.सं. २०७९

४) कार्यालयको तालिममा प्राप्त विविध सामगी


***नोट : यो लेख परियत्ति कक्षा ९ को आवश्यकता बमोजिम तयार गरेको हुँ ।***

*फुट नोट -*

१ बज्राचार्य, दुण्डबहादुर (अनु.), मिलिन्द - प्रश्न, ललितपुर, वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०५६, पृ. ४१७

२ उही

३ उही पृ. ४१८

४ उही पृ. ४२५

५ भिक्षु, अमृतानन्द (अनु.) : धम्मपद (पाली - नेपाल भाषा), काठमाडौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४७, पृ. १०५

६ कार्यालयको तालिमको शिलशिलामा प्राप्त जानकारी ।

## भिक्षुणी प्रजापति गौतमीको ... ...

भयो र धर्मकीर्ति विहारमा प्रौढ कक्षा संचालन गरी क ख ग घ देखि अक्षर चिन्न लगाएर बौद्ध पुस्तकहरू पढ्न सक्षम पार्नु भयो । १ २ ३ ४ चिन्न लेख्न सिकाइ टेलिफोन नंबर थिच्न सिकाउनु भयो । तत्कालीन उहाँका सहयोगी गुरुमांहरू हुनुहुन्छ रत्नमञ्जरी गुरुमा, मागुणवती गुरुमां, चमेली गुरुमां र कमला गुरुमां । वि. सं २०२२ साल देखिको उहाँको अभियान जारी छ र आज थप नयाँ नयाँ योजनाहरू अगाडि ल्याइ कार्यान्वयन गर्दै हुनु हुन्छ । ९० वर्षीय गुरुमांको स्वरमा अझै उत्तिकै दम छ । मैत्री र करुणाले भरिपूर्ण उहाँको उपदेश सुन्नेहरू मोहित भइ हाल्छन् । आज धर्मकीर्ति धम्म हलभित्र जम्मा हुने उपासक उपासिकाहरूको भीड नै उहाँको अभियानको साक्षी हुन् । अझ त कति दिवंगत भइसके । तर पनि ती दिवंगत उपासक उपासिकाहरूका नाति, पनाति र अरू नयाँ पुस्ताले फेरि धम्महल भरिंदैछ । भविष्यमा पनि भिक्षुणी गौतमीको गुण स्मरण निरन्तर चलिरहोस् भन्ने हेतुले हाल गुरुमांले उक्त दिवस मनाउन स्वयंले एक कोष पनि खडा गर्नु भयो । अति दूरदर्शी गुरु 'धम्मवती गुरुमां' को कुशल पुण्य अभियानमा सबैले साथ दिने वाचा गरौं ।

साधु ! साधु !! साधु !!!

■

# म भएँ ऋषिणी



✍ **माधुरी शाक्य**

हामी गृहस्थ जीवनमा संधै व्यस्त र अल्झनमा पर्ने अवस्थाबाट केहीदिन भए पनि मुक्त र आरामको मौका खोजिरहने हाम्रो स्वभाव हुनु कुनै असामान्य कुरा हैन । त्यसमा पनि आध्यात्मिक र बौद्धिक अभ्यास गर्न पाउने केहीदिनको लागि भए पनि सुवर्ण अवसर नै मान्नु पर्दछ । यसै क्रममा श्रद्धेय गुरुमां केशावतीबाट हाम्रो श्रद्धाको कुञ्ज धर्मकीर्ति विहारका प्रमुख धम्मवती गुरुमांको ९० औं जन्मोत्सवको पावन अवसरमा ऋषिणी प्रव्रज्याको अत्यन्त महत्वपूर्ण कार्यक्रम बुद्धजन्मको पवित्र स्थल लुम्बिनीमा छैठौं प्रव्रज्या आयोजना हुने कुरा थाहा पायौं । स्वभाविक कुरा थियो, हाम्रो मन भित्रको धर्म चित्तले घच्घचाई दियो । हामी ३ जना दिदी सुभद्रा शाक्य र बहिनी माधवी शाक्य र म धर्मकीर्ति विहारमा आफ्ना नामहरू लेखाउन पुग्यौं । श्रद्धेय धम्मवती गुरुमांलाई पनि यो कुरा सुनाएँ । गुरुमांले साधुवाद प्रकट गर्नुहुँदै हाम्रो यो कुरालाई उच्च मूल्याङ्कन गर्नुको साथै यी ५ दिनको प्रव्रजित समयलाई अधिकतम सदुपयोग गर्न सल्लाह दिनुभयो । एकचित्त भएर ध्यानाभ्यास गर्न, अन्य कार्यकलापमा जस्तो बुद्ध पुजा, बौद्ध प्रवचन आदिमा विशेष मनन गर्दै आफ्नो मनको चञ्चल स्वभाव प्रति जागृत भई चित्तलाई शान्त पार्न प्रयास गर्ने र आफूलाई निस्फिक्रि रूपमा धर्म अभ्यासमा जुटाउने अत्यन्त अमूल्य सल्लाह सुझाव र अर्ति दिनुभयो ।

हुन त यो भन्दा अघि मैले सुलक्षणकीर्ति विहार र धर्मकीर्त विहारमा ऋषिणी प्रव्रज्याको अनुभव चाखिसकेकी थिएँ । जसको कारण पनि लुम्बिनी ऋषिणी प्रव्रज्या कार्यक्रममा सहभागी बन्न म अझ बढी अभिप्रेरित भएकी थिएँ । कम भन्दा कम एकपटक भए पनि दुर्लभ ऋषिणी प्रव्रज्या ग्रहण गर्न अत्यन्त पुण्यको कामको रूपमा मानिन्छ । ऋषिणी प्रव्रज्याको परम उद्देश्य भन्नु नै केहीदिनको लागि भए पनि आफूलाई सांसारिक गतिविधिबाट अलग गरी आफ्नो चित्तलाई शुद्धिकरण गरी शान्ति र सुखको अनुभव प्रदान गर्नु हो भन्ने कुरा मलाई लाग्दछ । त्यस माथि पनि पवित्र बुद्ध जन्मस्थलमा ऋषिणी प्रव्रज्या अवधिमा बौद्ध अभ्यासमा लाग्नु पाउनु सुनमा सुगन्ध थपेको रूपमा मैले अनुभव गरेको छु ।

रत्नविपश्यना विहारका श्रद्धेय भन्ते र श्रद्धेय गुरुमांहरूको धर्मदेशनाबाट हामी निक्कै लाभान्वित भएका थियौं । साँच्चै भन्ने हो भने ऋषिणी प्रव्रज्याको त्यो अवधिमा मैले घर गृहस्थीको झमेला, भौतिक सुख सुविधा, रहन सहन, खानापिना, साथीहरूसंग नानाप्रकारका गफसप, मनोरञ्जनलाई केही दिनको लागि भए पनि आफूलाई अलग्ग राख्न सकें, आफूलाई एकदम हलुको महसुस भयो । पाँच दिनको अवधिमा ध्यानभावना, एकाग्रह चित्तको अभ्यासमा आफूलाई सकेसम्म लगाउन प्रोत्साहन दिने एउटा वातावरण थियो । बुद्ध धर्म, बुद्ध जीवनी विषय बढी मात्रामा जान्ने बुझ्ने अवसर पनि थियो नै । समूहमा रहेर पनि एक्लै कुनै किसिमको बाधा अडचनबाट आफूलाई मुक्त गरी धर्म अभ्यास गर्ने क्षमता पनि आफूमा विकास भएको मैले पाएँ । आर्य मौनको अभ्यास गर्न सकें, चित्तलाई एकचित्त गरी संयमी बन्न सकेको जस्तो लागेको मात्र नभई आफू अलग्ग रही शान्त चित्तको अभ्यास र सुखको अनुभव गर्न सकेको पनि एउटा उपलब्धी नै भन्नु पर्दछ । शाकाहारी शुद्ध खानापिना पनि ऋषिणी प्रव्रज्याबाट प्राप्त अर्को उपलब्धी नै हो ।

उक्त प्रव्रजित कार्यक्रममा रत्नविपश्यना विहारबाट आउनु भएका श्रद्धेय भन्ते उ सुजन पिय, धर्मकीर्ति विहारका र गौतमी विहारका गुरुमांहरूबाट महापरित्राण पाठ गरिएको थियो । लुम्बिनीका, बर्माका भिक्षुहरूको पनि

उपस्थिति थियो । त्यतिबेला अष्टपरिष्कार दानको पनि व्यवस्था थियो । कार्यक्रमको अन्तमा प्रव्रजित र ऋषिणी भएका सबैलाई प्रमाणपत्र सहित उपहार प्रदान गरिएको थियो ।

मायादेवी मन्दिरको भ्रमण, रामग्राम, कपिलवस्तु, ककुच्छन्द बुद्धको रमणीय स्थलको भ्रमण पनि ऋषिणी प्रव्रज्या पछि प्राप्त गरेका मौका हुन् जुन अत्यन्तै उपयोगी नै साबित भएका छन् । २८ जना बुद्धहरू मध्ये २६ औं बुद्ध कोणागमन अथवा कनकमुनि बुद्धको जन्मस्थल उत्तरपूर्व तौलिहवामा भ्रमण गरेको थियो । जहाँ सम्राट अशोकले त्यहाँ भ्रमण गरेको स्मरणमा स्तम्भ खडा गरिएको थियो ।

अनुभवको हिसाबले कुरा गर्दा ऋषिणी प्रव्रज्या मेरो लागि अविस्मरणीय घटना नै साबित भएको छ । बौद्ध गृहस्थ महिलाहरूका लागि यस्तो ऋषिणी प्रव्रज्या कार्यक्रम एउटा सकारात्मक प्रभावकारी आफ्नो गृहस्थ जीवनलाई कसरी धर्ममय बनाउन सकिन्छ भन्ने एउटा व्यवहारिक ज्ञान र अभ्यासको थालनीको रुपमा लिन सकिन्छ ।

ऋषिणी प्रव्रज्याको अवधिमा श्रद्धेय भन्ते गुरुमांहरूलाई र सकल प्रव्रजित र ऋषिणीहरूलाई, बहिनी माधवी शाक्य र मेरो छोरा प्रश्यास शाक्यको जन्मोत्सवको अवसरमा जलपान भोजन दानप्रदान गर्न पाएको अवसरले मेरो भित्री मनमा प्रीति सुखको अनुभूति हुनु पनि मेरो लागि ठूलो कुरा भएको छ । यस्तै लुम्बिनी गौतमी विहारका गुरुमां विर्यवतीलाई मेरो छोरी शास्ता शाक्यबाट शिक्षामा केही मद्दत गर्ने प्रायोजन गर्न पाउनु पनि मेरो लागि सन्तोष विषय बनेको छ ।

साधुवाद दिन चाहन्छु केशावती गुरुमांको उत्कृष्ट व्यवस्थापनमा यो कार्यक्रम सफलतापूर्वक सुसम्पन्न भएको थियो । धम्मवती गुरुमांको ९० औं जन्मोत्सवको उपलक्ष्यमा छैठौं प्रव्रज्या कार्यक्रम सबैलाई मंगल भएको महसुस गर्दै श्रद्धेय भन्ते उ सुजन पिय, आयोजक केशावती गुरुमां र बिना गुरुमां, खेमावती गुरुमां, गौतमी विहार लुम्बिनीका खमेशी गुरुमां सहित सबै गुरुमांहरूलाई धेरै धेरै साधुबाद दिन चाहन्छु । साधु ! साधु !! साधु !!!

भवतु सब्ब मंगलम् ।

## आफ्नो अधिनमा छैन केही



✍ विद्याकुमारी बज्राचार्य

आफूलाई आफै भन्ने जानौं
अरू भनेको अरू नै हो भन्ने जानौं
भगवान् बुद्धको अमृत वचन
आफू आफ्नै वत्ति बन ।
शरीर आफूले भने जस्तो हुँदैन
टाउको दुख्ने, जीऊ दुख्ने नियन्त्रणमा छैन
भन्न सजिलो तर गर्न गाहारो छ
आफूले आफैलाई कुरा बुझाउन कठिन छ ।
आफू कुशल भए जगत कुशल
आफू असल भए जगत असल
त्यसैले बुद्धले आफूले आफैलाई हेर
भनुभयो बाहिरी संसारलाई नहेर ।
जसले आफ्नो बानी व्यवहार गर्छ राम्रो
उसले आफ्नो जीवन र भविष्य गर्छ राम्रो
जसले आफ्नो मनलाई जगाउँछ बुद्ध शिक्षाले
उसले पार तर्छ भव संसारलाई ज्ञानले ।

## वैशाख पूर्णिमाको महत्व

– सुभद्रा स्थापित, इन्द्रचोक

हे भगवान् बुद्ध शास्ता !
सत्व प्राणीको उद्धार गर्ने दाता !
चतुआर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग
शाक्य मुनि बुद्ध हुनुभई देखायो यो मार्ग
यस मार्गलाई पछ्याउनु छ हामीले
संसारको त्रिलक्षण स्वभाव बुझ्छ जसले
वैशाख पूर्णिमाको दिन अति अमूल्य
हाम्रा गुरु बुद्ध जन्मनु भयो जहिले
बुद्ध शिक्षाको महत्व जसले बुझ्छ,
वैशाख पूर्णिमाको महत्व पनि उसले नै बुझ्छ ।



# धर्म शब्दको अर्थः एक अध्ययन–३

✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

विद्यमान शास्ताको शासनमा । **धर अविद्धंसने । निब्बानं निच्चं धरति ।**[१४] अर्थात् – 'धर' धातु विनाश नहुने अर्थमा । निर्वाण नित्य रुपमा हुन्छ, विनाश हुँदैन । **धर अवत्थाने । धरति ।**[१५] 'धर' धातु अवस्थित हुने अर्थमा । रहिरहन्छ । **चुरादिगणमा धर धारणे । धारेति, धारयति । आधारो, आधारको, धम्मो इच्चादीनि ।**[१६] अर्थात्– 'धर' धातु धारण गर्ने अर्थमा । धारण गर्छ । आधार, आधार भएको व्यक्ति, धर्म इत्यादिहरू ।

**ग) अट्ठकथाचार्य बुद्धघोष र अभिधानप्पदीपिकाअनुसार धर्मको अर्थ व्याख्या :**

धम्मपदअट्ठकथामा भद्न्त बुद्धघोषले धर्मलाई चार किसिमले व्याख्या गरिएको छ । **धम्माति गुणदेसनापरियत्तिनिस्सत्तनिज्जीववसेन चत्तारो धम्मा नाम ।**[१७] अर्थात् – धर्म भनेको गुण, देशना, परियत्ति र निस्सत्त्वता निर्जीवताले चार धर्म हुन् । १. गुण धर्मले कुशल आचरणलाई बुझाउँछ । **"न हि धम्मो अधम्मो च, उभो समविपाकिनो । अधम्मो निरयं नेति, धम्मो पापेति सुगति"न्ति**[१८] अर्थात् – धर्म र अधर्मको समान फल हुँदैन । अधर्मले नरकमा लग्छ, धर्मले सुगति प्राप्त हुन्छ । यहाँ धर्मको अर्थ 'गुण धर्म' हो । २. देशना धर्मले भगवान् बुद्धले दिनु भएको नैतिक शिक्षालाई बुझाउँछ । **"धम्मं वो, भिक्खवे, देसेस्सामि आदिकल्याण"न्ति अयं देसना धम्मो नाम ।**[१९] अर्थात् – भिक्षुहरू, तिमीहरूलाई आदि कल्याण हुने धर्मलाई देशना गर्नेछु भनी यो देशना धर्म हो । ३. परियत्ति धर्मले नवांग धर्मलाई बुझाउँछ । **"इध पन, भिक्खवे, एकच्चे कुलपुत्ता धम्मं परियापुणन्ति सुत्तं गेय्य"न्ति अयं परियत्ति धम्मो नाम ।**[२०] अर्थात् – भिक्षुहरू, यहाँ कुनै कुनै कुलपुत्रहरू धर्मलाई अध्ययन गर्छन् सूत्र, गेय्य यो परियत्ति धर्म हो । ४. निसत्वनिर्जीव धर्मले अनात्मा (म र मेरो भन्ने भाव नभएको)लाई बुझाउँछ । **"तस्मिं खो पन समये धम्मा होन्ति, खन्धा होन्ती"ति अयं निस्सत्तधम्मो नाम, निज्जीवधम्मोतिपि एसो एव ।**[२१] अर्थात् – त्यो समयमा धर्महरू हुन्छन्, स्कन्धहरू हुन्छन् भन्ने यो निस्सत्त्व धर्म हो । यो नै निर्जीव धर्म पनि हो । यहाँ वेदना, संज्ञा र संस्कारलाई निर्जीवताको अर्थमा धर्म भनिन्छ ।

धम्मपदको यमकवग्गको पहिलो गाथा –

**मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।**
**मनसा चे पदुट्ठेन, भासति वा करोति वा ।**
**ततो न दुक्खमन्वेति, चक्कं'व वहतो पदं ।**[२२]

यहाँ धर्म शब्दलाई निस्सत्त्वनिर्जीव अर्थमा धर्मलाई प्रकाश पारिएको छ । यो गाथामा मन वा विज्ञानअरू नाम स्कन्ध वेदना, संज्ञा र संस्कार भन्दा अगाडि जान्छ । जुन विज्ञान स्कन्धमा म र मेरो भन्ने भाव रहँदैन । त्यस्तै भिक्षु बुद्धघोषले धम्मसङ्गणी अट्ठकथा अट्ठसालिनीमा धर्मलाई फेरि चार अर्थमा व्याख्या गरिराख्नु भएको छ । माथि बताए जस्तै नै देसनाको ठाउँमा हेतु को अर्थमा व्याख्या गरिएको छ । **"हेतुम्हि ञाणं धम्मपटिसम्भिदा"तिआदीसु हेतुम्हि ।**[२३] अर्थात्– हेतुमा ज्ञान हुनु धर्म प्रतिसम्भिदा भनी आदिमा हेतु अर्थमा धर्म हुन्छ ।

श्रीलंकाको मोग्गल्लान महास्थविरले अभिधान-प्पदीपिका कोस र टीकाको अनेकत्थवग्गको गाथा नं ७८४ मा धर्म शब्दको अर्थलाई १४ प्रकारले देखाउनु भएको छ ।

१४ ऐजन । १५ ऐजन, पृ. १५८ । १६ पूर्वोक्त पादटिप्पणी नं. १ ।
१७ धम्मपदट्ठकथा, पृ. १४, तिपिटक पालि रीडर एप्लिकेशन ।
१८ ऐजन । १९ ऐजन । २० ऐजन । २१ ऐजन ।
२२ धम्मपदपालि, पृ. १, तिपिटक पालि रीडर एप्लिकेशन । २३ धम्मसङ्गणीट्ठकथा, पृ. ८१, तिपिटक पालि रीडर एप्लिकेशन ।

**धम्मो सभावे परियत्तिपञ्ञा, ञायेसु सच्चप्पकतीसु पुञ्ञे ।**

**ञेय्ये गुणा'चार समाधिसूपि,**

**निस्सत्तता'पत्तिसु कारणादो ॥**[२४]

अर्थात्– धर्म (शब्दको अर्थ) स्वभाव, परियत्ति, प्रज्ञा, युक्ति, सत्य, प्रकृति, पुण्य, जान्नु पर्ने, गुण, आचरण, समाधि, निस्सत्त्व, आपत्ति, कारणको अर्थ हुन्छ ।

**सभावो अविपरीतत्थो । परियत्ति परियापुणितब्बा विनयाभिधम्मसुत्तन्ता । ञायो युत्ति, सप्पटिपदा वा मग्गादयो । ञेय्ये सङ्खारविकारलक्खणनिब्बानपञ्ञत्तिवसेन पञ्चविधे ञेय्ये । निस्सत्तता सत्तसभावस्स अभावता । आपत्तियं "पाराजिकं धम्म"न्ति । "सह धम्मेन निग्गण्हा" त्यादीसुकारणे । आदिना समयञ्ञूपमाहिंसादीसुपि धम्मो ।**[२५]

अर्थात्– धर्म शब्दको अर्थ **सभावे** विपरित नभएको स्वभाव अर्थमा, **परियत्ति विनय**, अभिधर्म र सूत्रमा परिपूर्ण हुनु पर्ने, **ञायो**युक्ति प्रतिपत्ति र मार्ग आदिमा, **ञेय्ये** संखार, विकार, लक्षण, निर्वाण, प्रज्ञप्ति धर्म भनिने पाँचवटा जान्नु पर्नेमा, **निस्सत्तता** सत्व स्वभावको भाव नहुनुमा, **आपत्तियं** (विनय)को पाराजिका दोष धर्ममा, **कारणे** धर्मसँग रोकिएको इत्यादि अर्थहरूमा । आदिबाट समय अनुसार अरू उपमा हिंसा आदिहरूमा पनि धर्म हुन्छ ।

**घ) सद्दनीति धातुमालामाधर्मको अर्थ व्याख्या :**

सद्दनीति धातुमालामा चुरादिगण अन्तर्गत धर धारणेको अर्थ व्याख्यामा अग्गवंस महास्थविरले विभिन्न प्रकारले धर्म शब्दको अर्थ प्रकाश गर्नु भएको छ । **धम्मोति अनेकविधेसु धम्मेसु लोकुत्तरो उप्पादितो सच्छिकतो च चतूसु अपायेसु संसारे वा सत्ते अपतमाने धारेतीति धम्मो ।**[२६] अर्थात्– धम्मो भनी अनेक प्रकार धर्महरूमध्ये लोकबाट उत्तीर्ण हुन उत्पन्न भएको, साक्षात्कार गरेको र संसारमा सत्त्वहरूलाई चार अपायहरूमा खस्न नदिई धारण गर्छ भनी धर्म हो । **अथ वा सोतापन्नादीहि अरियेहि धारियति, न पुथुज्जनेहीतिपि धम्मो ।**[२७] अर्थात्– त्यस्तै श्रोतापन्न आदिहरूले वा आर्यहरूले धारण गरिन्छ, पृथकजनहरूले पनि धारण गर्छ भनी धर्म हो । **चतुभूमिको पन सकलक्खणं धारेतीति धम्मो ।**[२८] अर्थात्– चार भूमिमा बस्नेहरूले पनि आफ्नो लक्षण धारण गर्छ भनी धर्म हो ।

**कक्खीत्तादिना फुसनादिना सन्ति आदिना सकसकभावेन पण्डितेहि धारियति सल्लक्खियतीतिपि धम्मो ।**[२९]

अर्थात्– खस्रो, स्पर्श, शान्ति आदिले आ-आफ्नो स्वभावद्वारा पण्डितहरूले धारण गरिन्छ, विचार गर्छ भनी पनि धर्म हो । **तेपिटको पन पाळिधम्मो सकत्थपरत्थादिभेदे अत्थे धारेतीति धम्मो ।**[३०] अर्थात्– त्रिपिटक पालि धर्मले आफ्नो र अरूको अर्थ आदि विभिन्न प्रकारले अर्थहरूलाई धारण गर्छ भनी धर्म हो । **केचि तु विदू "पापके अकुसले धम्मे धुनाति कम्पेति विद्धंसेतीति धम्मो"ति धूधातुवसेनपि निब्बचनं वदन्ति, तं मग्गधम्मे अतीव युज्जति, फलनिब्बानपरियत्तिधम्मेसु पन परियायेन युज्जति ।**[३१] अर्थात्– केही विद्वानहरूले "पाप अकुशल धर्महरूलाई टाढा राख्छ, कम्पन गर्छ र विनाश गर्छ भनी धर्म हो" भनी धू धातुको आकारले व्याख्या गरी भन्दछन् । त्यस (धर्म) मार्गधर्ममा अति नै मिल्छ, फल-निर्वाण-परियत्तिधर्महरूमा पनि पर्याय अर्थ मिल्छ ।

भिक्षु अग्गवंशले सद्दनीति धातुमालामा धर्म शब्दलाई त्रिपिटक, अर्थकथाको उद्धरण प्रस्तुत गर्नु भई विभिन्न १८ वटा अर्थहरू दर्शाउनु भएको छ । यी अर्थहरू यसप्रकार छन्–

**१. परियत्तियं**

**अयञ्हि "धम्मं परियापुणाति सुत्तं गेय्य"न्ति**[३२] **आदीसु परियत्तियं दिस्सति ।**[३३] यो नै "धर्मलाई विस्तृत अध्ययन गर्छ सुत्त, गेय्य" आदिहरूमा परियत्ति अर्थमा धर्म देखिन्छ । परियत्ति धर्मको अर्थ बुद्धद्वारा उपदेश गर्नु भएको सूत्र, विनय, अभिधर्म पालि त्रिपिटकका शिक्षाहरू

---

२४ भिक्षु धर्मगुप्त (सं.), **अभिधानप्पदीपिका अभिधानप्पदीपिकाटीका**, ललितपुरः भिक्षु धर्मगुप्त महास्थविर, २०७९, पृ. १०४ ।

२५ ऐजन, पृ.४२३ । २६ पूर्वोक्त पादटिप्पणी नं. १, पृ. ३३७ ।

२७ ऐजन । २८ पूर्वोक्त पादटिप्पणी नं. २६ ।

२९ ऐजन । ३० ऐजन । ३१ ऐजन ।

३२ अङ्गुत्तर निकाय (पञ्च), पृ.७६, तिपिटक पालि रीडर एप्लिकेशन ।

३३ पूर्वोक्त पादटिप्पणी नं. २६ ।

हुन्, जुन जान्न बुझ्न अध्ययन अनुसन्धान गर्न योग्य छन् ।[३४] भगवान बुद्ध महापरिनिर्वाण हुनु भएको ३ महिना पछि महाकाश्यप महास्थविरको नेत्तृत्वमा ५०० प्रतिसम्भिदासहित अरहन्त भएका भिक्षुहरूले धर्म र विनयको प्रथम संगायना गर्नु भएको थियो । जुन संगायना ७ महिनासम्म सप्तपर्णी गुफामा राजा अजातशत्रुको संरक्षणत्वमा भएको थियो । जुन परियत्ति धर्म संगायना गर्ने शुरुवात हो ।

मज्झिम निकायको अलगद्दूपमसुत्तमा "**इध पन, भिक्खवे, एकच्चे कुलपुत्ता धम्मं परियापुणन्ति– सुत्तं, गेय्यं, वेय्याकरणं, गाथं, उदानं, इतिवुत्तकं, जातकं, अब्भुतधम्मं, वेदल्लं ।**[३५] भिक्षुहरू, यहाँ कुनै कुनै कुलपुत्रहरूले सूत्र, गाथा सहितको सूत्र, व्याकरण, पद्यमा उपदेशित गाथा, प्रीति उद्गार, यसरी बुद्धले भन्नुभएको छ भनी शुरू गरिएको बुद्धवचन, जातक, अद्भुतधर्मको रुपमा देशना गर्नु भएको सूत्रहरू, प्रश्न उत्तरको रूपमा देशना गर्नु भएको धर्मलाई अध्ययन गर्छन । यसरी अध्ययन, छलफल, श्रवण गर्नु परियत्ति धर्म हो । परियत्ति शासनको आधारमा मात्र प्रतिपत्ति र प्रतिवेध शासन रहन सकिन्छ ।

**२. हेतुम्हि वा पच्चये :**

"**हेतुम्हि ञाणं धम्मपटिसम्भिदा**[३६]" **तिआदीसु हेतुम्हि ।**[३७] अर्थात् हेतुप्रतिको ज्ञानलाई धर्मप्रतिसम्भिदा भनी आदि हेतुको अर्थमा धर्म शब्दलाई प्रयोग गरिएको छ । **यो च हेतु, सो एव पच्चयो ।**[३८] जुन हेतु हुन्छ, त्यो नै प्रत्यय वा उपकार धर्म हुन्छ । पटिसम्भिदामग्गञाणनिद्देसमा ५ इन्द्रिय, ५ बल, ७ सम्बोध्यङ्ग, ८ आर्यअष्टाङ्गिकमार्गमा ज्ञानद्वारा विशिष्ट विशिष्ट धर्म सिक्न योग्य छ, त्यो ज्ञानद्वारा नै यी विशिष्ट विशिष्ट धर्म प्रकट हुन्छ । त्यसैले विशिष्ट विशिष्ट पालि कारणले उत्पन्न भएको प्रज्ञालाई धर्मप्रतिसम्भिदाज्ञान भनी भनिन्छ ।[३९] "**दुक्खे ञाणं अत्थपटिसम्भिदा, दुक्खसमुदये ञाणं धम्मपटिसम्भिदा, दुक्खनिरोधे ञाणं अत्थपटिसम्भिदा, दुक्खनिरोधगामिनिया पटिपदाय ञाणं धम्मपटिसम्भिदा हेतुम्हि ञाणं धम्मपटिसम्भिदा हेतुफले ञाणं दुक्खनिरोधगामिनिया पटिपदाय ञाणं अत्थपटिसम्भिदा । हेतुम्हि ञाणं धम्मपटिसम्भिदा, हेतुफले ञाणं अत्थपटिसम्भिदा ।**"[४०] अर्थात्– दुःखको ज्ञान हुनु अर्थप्रतिसम्भिदा, दुःखको कारणको ज्ञान हुनु धर्मप्रतिसम्भिदा, दुःखको निरोधको ज्ञान हुनु अर्थप्रतिसम्भिदा र दुःखनिरोधगामिनी प्रतिपदाको ज्ञान हुनु अर्थप्रतिसम्भिदा हुन्छ । हेतु वा कारणको ज्ञान हुनु धर्मप्रतिसम्भिदा हो र कारणको विपाक वा फलको ज्ञान हुनु अर्थप्रतिसम्भिदा हो । यहाँ दुःखको मूल कारण भएको तृष्णाबारेमा ज्ञान हुनु अर्थमा धर्मलाई व्याख्यान गरिएको छ ।

**३. गुणे :**

"**न हि धम्मो अधम्मो च, उभो समविपाकिनोह अधम्मो निरयं नेति, धम्मो पापेति सुग्गति"न्ति**[४१] **आदीसु गुणे ।**[४२] अधर्मले नरकतिर लग्छ, धर्मले सुगतिमा पुऱ्याइदिन्छ । आदिमा गुणको अर्थमा धर्मलाई प्रयोग गरिएको छ । "**छन्नं बुद्धधम्मान"न्ति**[४३] **आदीसु गुणे ।**[४४] ६ वटा बुद्धधर्महरूलाई आदिहरूमा गुणधर्म भनी देख्दछ । धारण परित्राणमा भगवान् बुद्धले बितेर गइसकेको, भविष्यका, वर्तमान विषयमा छेकी नराखेको ज्ञान, सम्पूर्ण शरीर, वचन र मनले गर्ने काम ज्ञानले युक्त भई पहिले अघि सर्ने भयो । ज्ञान अनुसारले पछि पछि जाने भइरह्यो । यसरी ६ गुण धर्महरूले सम्पूर्ण हुनुभएका बुद्ध हुनु हुन्छ ।

त्यस्तै बुद्धपूजा गर्दा धम्म वन्दनामा धर्मको ६ वटा गुणलाई स्मरण गरी वन्दना गरिन्छ । **स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनेय्यिको पच्चत्तं वेदितब्बो विञ्ञूही'ति**[४५] । उहाँ भगवान बुद्धले राम्रोसँग देशना गर्नु भएको, यहीँको यहीँ फल दिने,

३४ पूर्वोक्त पादटिप्पणी नं. ५, पृ. २ ।
३५ मूलपण्णासपालि (म.नि.), पृ. १८७, तिपिटक पालि रीडर एप्लिकेशन ।
३६ विभङ्गपालि, पृ. ३०७, तिपिटक पालि रीडर एप्लिकेशन ।
३७ पूर्वोक्त पादटिप्पणी नं. १२, पृ. १५३ ।
३८ पूर्वोक्त पादटिप्पणी नं. १, पृ. ३३९ ।
३९ भिक्षु ज्ञानपूर्णिक महास्थविर, **पटिसम्भिदामग्ग**, ललितपुरः अशोकरत्न, डा. प्रदीपबहादुर, अनूनरत्न बज्राचार्य, २०७३, पृ. ९८ ।
४० पटिसम्भिदामग्गट्ठकथा(प), पृ. ३, तिपिटक पालि रीडर एप्लिकेशन ।
४१ थेरगाथा, पृ. २७२, तिपिटक पालि रीडर एप्लिकेशन ।
४२ पूर्वोक्त पादटिप्पणी नं. १, पृ. ३३८ ।
४३ महानिद्देसपालि, पृ. १११, तिपिटक पालि रीडर एप्लिकेशन ।
४४ पूर्वोक्त पादटिप्पणी नं. ४२ ।
४५ महावग्गपालि (दी.नि.), पृ. ८०, तिपिटक पालि रीडर एप्लिकेशन ।

समय नबित्दै फल प्राप्त हुने, आएर हेर भनी देखाउन लायक, निर्वाणमा पुऱ्याई दिने र पण्डित विद्वानजनहरूले प्रत्यक्षरूपमा बोध गर्न सकिने भनी गुणको व्याख्या गरिएको छ । धर्ममा यी गुणहरू हुनु अनिवार्य हुन्छ । यी गुणलाई आधार मानेर धर्मको सहि मूल्यांकन गर्न सक्नुपर्दछ । धर्मको अभ्यासले राम्रो फल प्राप्त गरी सुगतिमा बास हुन्छ तथा जन्म मरणको संसार चक्रबाट सधैंको लागि मुक्त हुन सकिन्छ ।

**४. निस्सत्तनिज्जीवताय :**

“**तस्मिं खो पन समये धम्मा होन्ति ।**[४६] **धम्मेसु धम्मानुपस्सी विहरती”ति**[४७] **आदीसु निस्सत्ततिज्जीवतायं ।**[४८] त्यस समयमा धर्म हुन्छन्, धर्महरूमा धर्मानुपश्यी भई विहार गर्दछ । आदिहरूमा निस्सत्त्व निर्जीवधर्म भनी देख्दछ । **तत्र या निस्सत्तता, सा एव निज्जीवता ।**[४९] त्यहाँ जुन निस्सत्त्ता हुन्छ, त्यो नै निर्जीवता हुन्छ । भगवान् बुद्धले महासतिपट्ठानसुत्तमा सत्वप्राणीको विशुद्धिको लागि, शोक परिदेवलाई अतिक्रमण गर्नको लागि, शारीरिक दुःख र मानसिक दुःखलाई हटाउनको लागि, प्रज्ञा प्राप्तिको लागि र निर्वाणलाई साक्षात्कार गर्नको लागि चार वटा कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धर्मानुपश्यनास्मृत्तिप्रस्थान भावना बताउनु भयो । धर्मानुपश्यनामा पञ्च नीवरण, पञ्च उपादानस्कन्ध, छ आयतन, सात बोज्झङ्ग र चार सत्यधर्ममा धर्मानुपश्यी भई विहार गर्दा त्यहाँ म र मेरो, जीव वा सत्वको भाव हटेर यथाभूत भईरहेको नाम र रूपको स्वभावधर्मलाई अनुभव गरी राखेको हुन्छ । त्यसैले निस्सत्त्व वा निर्जीव अर्थमा पनि धर्म शब्दलाई बुझ्न सकिन्छ ।

त्यस्तै **सब्बे धम्मा अनत्ताति, यदा पञ्ञाय पस्सतिह अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ।**[५०] अर्थात् – जब प्रज्ञाले सबै धर्म अनात्म भनी देख्दछ । त्यसपछि दुःखमा विरक्त हुन्छ, यो विशुद्धिको मार्ग हो । यस गाथामा धर्मको अर्थ नाम र रूप धर्म हुन् । नाम र रूप अथवा पञ्चस्कन्धमा म र मेरो आत्मा भन्ने स्वभाव हुँदैन । त्यसैले यो अनात्म स्वभाव हो । जुन कुनै जीव वा सत्व होइन ।

**५. सभावे :**

अयञ्हि “**कुसला धम्मा अकुसला धम्मा अब्याकता धम्मा”ति**[५१] **आदीसु सभावे दिस्सति ।**[५२] अर्थात् यो शब्दकुशल, अकुशल र अब्याकृतधर्म भन्ने आदिहरूमा स्वभावको अर्थमा धर्म भनी देख्दछ । अभिधर्मको पहिलो प्रकरण धम्मसङ्गणीमा परमार्थ धर्मलाई थरिथरि तरिकाले संग्रह गरी देखाएको छ । धम्मसङ्गणीको अर्थ धर्मको समूह, संग्रह, विस्तृत विवरण र गणना हो । यसमा धर्मलाई २२ वटा तिकमातिका र १४२ वटा दुकमातिका भनी धर्मलाई विभाजन गरिएको छ । पहिलो तिकमातिकामा कुशल धर्म भनेको दोषरहित सुख फल दिने कुशल चित्त(२१वटा) र त्यो चित्तसँग सम्प्रयुक्त हुने चैतसिक धर्म(३८वटा) हुन् । अकुशल धर्म भन्नाले दोषसहित दुःख प्रतिफल दिने अकुशल चित्त (१२ वटा) र त्यो चित्तसँग सम्प्रयुक्त हुने चैतसिक धर्म (२७वटा) हुन् । त्यस्तै अब्याकृत भनेको कुशल, अकुशल भन्न नमिल्ने विपाक, क्रिया, रूप र निर्वाण हुन् । कुनै पनि कारणले आफ्नो स्वभावमा परिवर्तन नहुने अर्थमा धर्म शब्दलाई व्याख्या गरिएको छ ।

**६. पञ्ञायं :**

आलवकसुत्तं मा आलवक यक्षले **अस्मा लोका परं लोकं, कथं पेच्च न सोचति ।**[५३] यस लोकबाट परलोकमा जाँदा कसरी परलोकमा शोक सन्ताप हुनु पर्दैन भनी सोधेको प्रश्नमा भगवान् बुद्धले गाथाद्वारा “**यस्सेते चतुरो धम्मा, सद्धस्स घरमेसिनो । सच्चं धम्मो धिति चागो, स वे पेच्च न सोचती”ति**[५४] **आदीसु पञ्ञायं ।**[५५] जसको यी चार धर्महरू सत्य, प्रज्ञा, वीर्य, त्याग भएको श्रद्धालु गृहस्थी परलोकमा जाँदा पश्चाताप वा शोक गर्नु पर्दैन । आदिहरूमा प्रज्ञाको अर्थमा धर्म शब्द प्रयोग भएको

४६ धम्मसङ्गणीपालि, पृ. ३५, तिपिटक पालि रीडर एप्लिकेशन ।
४७ पूर्वोक्त पादटिप्पणी नं. ४५, पृ. २३१ ।
४८ पूर्वोक्त पादटिप्पणी नं. ४२ ।
४९ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
५० पूर्वोक्त पादटिप्पणी नं. २२, पृ. ५३ ।
५१ पूर्वोक्त पादटिप्पणी नं. ४६, पृ. १ ।
५२ पादटिप्पणी नं. १२, पृ. १५३ ।
५३ भिक्षु सरणंकर(अनु.), महापरित्राण, काठमाडौं: आनन्दकुटी विहार, २०७१, पृ. ५१ ।
५४ सुत्तनिपातपालि, पृ. ३०७, तिपिटक पालि रीडर एप्लिकेशन ।
५५ पूर्वोक्त पादटिप्पणी नं. ४२ ।

देखिन्छ । **"सुस्सूसं लभते पञ्ञ"न्ति एत्थ सुस्सूसपञ्ञानामेन वुत्तो धम्मो ।**[५६] सुन्नेलाई प्रज्ञा लाभ हुन्छ भनी यहाँ सुन्नेलाई प्रज्ञा भन्ने नामले धर्मलाई भनिएको हो ।

**७. पुञ्ञे :**

**"न हि धम्मो अधम्मो च, उभो समविपाकिनो । अधम्मो निरयं नेति, धम्मो पापेति सुग्गति"न्ति[५७] आदीसु पुञ्ञे ।**[५८]

अर्थात्– साँच्चै नै धर्म र अधर्म दुबैको समान विपाक हुँदैन । अधर्मले नरकतिर लग्छ, धर्मले सुगतिमा पुऱ्याइदिन्छ । आदिहरूमा पुण्य धर्म भनी देख्दछ । **"धम्मो हवे रक्खति धम्मचारि"न्ति[५९] एवमादीसु पुञ्ञे ।**[६०] अर्थात्– धर्मले धर्म आचरण गर्नेलाई रक्षा गर्दछ भनी यसरी आदिहरूमा पुण्यधर्म देख्दछ । **एत्थ च पुञ्ञन्ति अत्तनो कारकं पुनाति सोधेतीति पुञ्ञं ।**[६१] अर्थात्– पुण्य भनेको यहाँ आफ्नो कामलाई शुद्ध गर्छ भनी पुण्य हो । मनलाई सफा गर्छ भनी पुण्यलाई बुझ्नु पर्दछ ।समाजमा पुण्यको अर्को पर्यायवाची शब्दको रूपमा धर्मलाई बुझिन्छ । धर्मलाई आफ्नो जीवनको अभिन्न अंग मानी श्रद्धाका साथ सबैको हित कल्याणको लागि शरीर, वचन र मनले परोपकार गर्छन् । त्यस्तै दान दिनु, शरीर र वचनबाट दुष्कृत्य कर्म हुन नदिन शीलले संवर गर्नु तथा मनलाई शुद्ध गर्न भाविता गरी पुण्य धर्म आर्जन गर्छन् ।

**८. पञ्ञत्तियं :**

**"पञ्ञत्तिधम्मा, निरुत्तिधम्मा, अधिवचनाधम्मा"ति**[६२] आदीसु पञ्ञत्तियं ।[६३] **"पञ्ञत्तिधम्मा, निरुत्तिधम्मा, अधिवचनाधम्मा"** आदिमा प्रज्ञप्ति धर्म भनी देख्दछ । प्रज्ञप्ति भन्नाले विभिन्न प्रकारले जनाउने बुझाउने संज्ञा हो । लोक व्यवहार जीवनमा सरल र सहजताको लागि कुनै वस्तुलाई यो भन्ने भनी नाम दिई राखेको हुन्छ । जस्तैः आँखा, नाक, कान, जीउ, हात र खुट्टा भएकोलाई मानिस भनी प्रज्ञप्त गरिएको हुन्छ । जुन लौकिक सत्य मात्र हुन्छ । तर वास्तवमा जति खोजे पनि मानिस भन्ने नै भेटाउन सकिँदैन । यसरी प्रज्ञप्ति, बोली, संज्ञा वा नामकरण आदिलाई पनि धर्म भन्ने शब्द प्रज्ञप्तिको अर्थमा दर्शाएको छ ।

**९. आपत्तियं :**

**"चत्तारो पाराजिका धम्मा"[६४] तिआदीसु आपत्तियं ।**[६५] चारवटा पाराजिका धर्म भनी आदिहरूमा आपत्तिको अर्थमा धर्म शब्द देख्दछ । पाराजिकपालिमा

**मेथुनादिन्नादानञ्च मनुस्सविग्गहुत्तरि**
**पाराजिकानि चत्तारि छेज्जवत्थू असंसयाति ।**[६६]

मैथुन, चोरी, मानिसको हिंसा गर्नु र आफूमा नभएको अधिगमलाई प्रकाश गर्नु चारवटा पाराजिकाहरू बिना शंका छेद्यवस्तु हो । बुद्ध शासनमा प्रव्रजित भिक्षुहरूले यी चारवटा कार्य गऱ्यो भने भिक्षुत्व जीवनबाट च्यूत हुन्छ । र फेरि क्षमा याचना गरेर पनि भिक्षुत्व ग्रहण गर्ने अवसर प्राप्त हुँदैन । यहाँ धर्म शब्दले आपत्ति वा गल्तीलाई दर्शाएको छ ।

**१०. पच्चयुप्पन्ने :**

**"ठितावसा धातु धम्मट्ठितता धम्मनियामता"ति**[६७] **आदीसु पच्चयुप्पन्ने ।**[६८] रहिरहेको धातुमा नै धर्ममा स्थित धर्ममा भएका नियम वा कारण आदिहरूमा प्रत्ययोत्पन्न भनी देख्दछ । तथागतले भिक्षुहरूलाई जन्मको कारणले वृद्ध, रोगी र मरण हुनु पर्नेदुःख भोग गर्नु पर्ने हुन्छ भनी संसारको रितलाई देखाउनु भएको छ । प्रत्ययको कारणले उत्पन्न फल वा विपाकलाई धर्मको रूपमा दर्शाएको छ । त्यस्तै मज्झिम निकाय महाहत्थिपदोपम सूत्रमा **"यो पटिच्चसमुप्पादं पस्सति सो धम्मं पस्सति, यो धम्मं पस्सति सो पटिच्चसमुप्पादं पस्सती"ति ।**[६९] जसले प्रतीत्यसमुत्पादलाई देख्दछ, उसले धर्म देख्दछ । जसले धर्मलाई देख्दछ, उसले प्रतीत्यसमुत्पादलाई देख्दछ । यहाँ प्रत्ययको कारणले उत्पन्न भएको अर्थमा धर्मलाई प्रष्ट गरेको छ ।

---

५६ सुत्तनिपातट्ठकथा(प.), पृ. २२९, तिपिटक पालि रीडर एप्लिकेशन ।
५७ थेरगाथा, पृ. २७२, तिपिटक पालि रीडर एप्लिकेशन ।
५८ पूर्वोक्त पादटिप्पणी नं. ४२ ।
५९ सुत्तनिपातट्ठकथा (दु.), पृ. ५०, तिपिटक पालि रीडर एप्लिकेशन ।
६० पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
६१ पूर्वोक्त पादटिप्पणी नं. १, पृ. २५२ ।
६२ पटिसम्भिदामग्गट्ठकथा (प.), पृ. १७, तिपिटक पालि रीडर एप्लिकेशन ।
६३ पूर्वोक्त पादटिप्पणी नं. ४०, पृ. १७ ।
६४ पाराजिकापालि, पृ. १५०, तिपिटक पालि रीडर एप्लिकेशन ।

११. **सच्चे :**

**"दिट्ठधम्मो पत्तधम्मो"ति**[७०] आदीसु सच्चे ।[७१] देखिएको धर्म र प्राप्त गरिएको वा पुगेको धर्म भनी आदिहरूमा सत्यधर्म देख्दछ । सत्यधर्म भन्नाले चार आर्य सत्य हो । दीघनिकायको अम्बट्ठ सुत्तमा पुष्करसाति ब्राह्मणलाई भगवान् बुद्धले आनुपूर्विककथा देशना गर्दै आफूले लाभ गर्नु भएको दुःख, समुदय, निरोध र मार्ग आर्यसत्य धर्मलाई देशना गर्नु हुँदा त्यहीँ आसनमा विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो । सबै समुदय धर्म, निरोध धर्म हुन् भनी जान्नु भयो । यसरी दृष्ट धर्म, प्राप्त गरेको धर्म, विदित धर्म, धर्मप्रति आगाढ श्रद्धा राखी शंका रहित वैशारद्य भई आश्रय नचाहिने भयो । यसरी धर्मलाई सत्यको अर्थमा व्याख्या गरेको छ ।क

त्यस्तै मज्झिम निकायको महाहत्थिपदोपमासुत्तमा सारिपुत्र भन्तेले भन्नु भएको छ- जस्तै, आवुसो, जुन कुनै जंगलका प्राणीहरूको खुट्टाहरू सबै ती हात्तीको पदचिन्हमा अट्न जान्छन्, हात्तीको खुट्टा तिनीहरूको मध्ये अग्र भनी सम्झिन्छन् जुन यो ठूलो छ । यसरी नै आवुसो, जुन कुनै कुशल धर्महरू सबै ती चार आर्यसत्यहरूमा संग्रह हुन जान्छन् । त्यसैले भनिएको छ कि '**चतुसच्च विनिमुत्तो धम्मो नाम नत्थि**' अर्थात् चतुआर्यसत्यले अलग भएको धर्म भनेको अर्को छैन ।[७२]

१२. **समाधिम्हि :**

**"एवंधम्मा ते भगवन्तो अहेसु"न्ति**[७३] **आदीसु समाधिम्हि ।**[७४] यसरी धर्महरू उहाँ भगवान बुद्धले भन्नुभयो भनी आदिहरूमा समाधिधर्म देख्दछ । **एवंधम्माति एत्थ समाधिपक्खा धम्मा अधिप्पेता, मग्गसमाधिना फलसमाधिना लोकियलोकुत्तरसमाधिना, एवंसमाधयोति अत्थो ।**[७५] यसरी धर्म भनी यहाँ समाधिपक्ष धर्म अभिप्रायहरू, मार्ग समाधि, फल समाधि, लौकिक समाधि र लोकुत्तर समाधिद्वारा, यसरी समाधिहरू भनी अर्थ हुन्छ ।

**रत्न सूत्रको दुईवटा गाथाहरूद्वारा–**

**खयं विरागं अमतं पणीतं, यदज्झगा सक्यमुनी समाहितो ।**
**न तेन धम्मेन समत्थि किञ्चि, इदम्पि धम्मे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ।**[७६]

र

**यं बुद्धसेट्ठो परिवण्णयी सुचिं, समाधिमानन्तरिकञ्ञमाहु ।**
**समाधिना तेन समो न विज्जति, इदम्पि धम्मे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ॥**[७७]

धर्ममा यो प्रणीत वा उत्तम रत्नत्व हो भनी यो सत्यवचनको प्रभावले स्वस्ति होस् भनी कामना गरिन्छ । धर्ममा रहेको रत्नत्व भनेको शाक्यमुनि गौतम बुद्धले आर्यमार्गमा समाहित समाधि चित्तद्वारा क्लेशलाई क्षय गरी अमृत प्रणीत निर्वाण लाभ गर्नु भयो । जुन धर्म समान अरू कुनै धर्म छैन । त्यस्तै श्रेष्ठोत्तम बुद्ध क्लेशरहित भई जुन आर्यमार्ग समाधिलाई विभिन्न प्रकारले वर्णन गर्नु भएको छ । त्यस आर्यमार्ग समाधिले तुरून्तै फल दिनसक्ने समाधि भनी सबै बुद्धहरूले आज्ञा गर्नु भएको छ । त्यो समाधि समान अर्को कुनै समाधि छैन । धर्ममा यहि उत्तम रत्नत्व हो । यस अर्थमा धर्मलाई समाधिको रूपमा बुझ्न सकिन्छ ।

१३. **पकतियं :**

**"जातिधम्मानं, भिक्खवे सत्तान"न्ति**[७८] **एवमादीसु पकतियं ।**[७९] भिक्षुहरू, सत्वहरूको जन्म हुने धर्महरूलाई यसरी आदिहरूमा प्रकृतिधर्म देख्दछ । **महासतिपट्ठानसुत्तको दुक्खसच्चनिद्देसमा तथा सच्चविभङ्ग सुत्तमा कतञ्च भिक्खवे ! यम्पिच्छं न लभति तम्पि दुक्खं ?**[८०] भिक्षुहरू ! जुन इच्छाअनुसार प्राप्त नहुने कुन कुन दुःख हो ? जन्म हुने स्वभावका जातिधर्मका प्राणीहरूमा यस्तो इच्छा उत्पन्न हुन्छ । अहो ! हामीलाई जातिधर्म नभएको भए,

६५ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
६६ पूर्वोक्त पादटिप्पणी नं. ६४ ।
६७ निदानवग्गसंयुत्तपालि, पृ. २६४, तिपिटक पालि रीडर एप्लिकेशन ।
६८ पूर्वोक्त पादटिप्पणी नं. ४२ ।
६९ मूलपण्णासपालि, पृ. २४८, तिपिटक पालि रीडर एप्लिकेशन ।
७० सीलक्खन्धवग्गपालि, पृ. १०२, तिपिटक पालि रीडर एप्लिकेशन ।
७१ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
७२ पूर्वोक्त पादटिप्पणी नं. ५, पृ. ४ ।
७३ पूर्वोक्त पादटिप्पणी नं. ४५, पृ. ७ ।
७४ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
७५ महावग्गट्ठकथा (दी.नि.), पृ. १९, तिपिटक पालि रीडर एप्लिकेशन ।
७६ सुत्तनिपातपालि, पृ. ३१२, तिपिटक पालि रीडर एप्लिकेशन ।

मेरो लागि जन्म हुँदैन । तर यो इच्छा पनि पुरा हुँदैन । यसकारणले यो पनि इच्छा गरेको पुरा नहुनु दुःख हो । त्यस्तै वृद्धता, ब्याधि, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास नभएको भए हुन्थ्यो भनी इच्छा गर्छन् तर यो इच्छा पनि पुरा हुँदैन । प्रकृति नियम अनुसार जन्मसँगसँगै यी दुःखहरू एक पछि अर्को आइरहन्छ, हामीले जति प्रार्थना गरे पनि सबै प्राणीले यो प्रकृति धर्मसँग सामना गर्नु पर्दछ । यसरी धर्मलाई प्रकृतिको हिसाबले पनि व्याख्या गरेको छ ।

**१४. विकारे :**

**"जातिधम्मा जराधम्मा मरणधम्मा"ति**[८१] **आदीसु विकारे ।**[८२] जन्म हुनु धर्म, वृद्ध हुनु धर्म र मृत्यु हुनु धर्म आदिहरूमा विकार भनी देख्दछ । धोवन सूत्रमा भगवान बुद्धले आर्य धोवनको वास्तविकता बारेमा बताउदै जुन सर्वांशमा निर्वेद, वैराग्य, निरोध, उपशमन, अभिज्ञा, सम्बोधि अनि निर्वाणको निमित्त हुन्छ । यस धोवनले जन्म लिनपर्ने सत्व जन्म लिनबाट मुक्त हुन्छ । वृद्ध हुनुपर्ने सत्व वृद्ध हुनबाट मुक्त हुन्छ । मरण स्वभावका सत्व मरणबाट मुक्त हुन्छ । शोक गर्नु-रूनु-पिट्नु-दुःख-दौर्मनस्य र पश्चातापबाट मुक्त हुन्छ ।[८३] यहाँ धर्मलाई विकारको अर्थमा दर्शाएको छ ।

**१५. ञेय्ये :**

**"कुसला धम्मा"ति**[८४] **आदीसु ञेय्ये ।**[८५] कुशल धर्म भनी आदिहरूमा जान्न योग्यदेख्दछ । धम्मसङ्गणीको पहिलो कुसल तिकमा कुसला धम्मा, अकुसला धम्मा र अव्याकता धम्मा पर्दछ । भगवान् बुद्धको देशनामा कुशल धर्म, अकुशल एवं अव्याकृत धर्महरू के के हुन भनी जान्नु पर्दछ । यसको ज्ञानले पाप कार्यलाई टाढा राखी पुण्य कार्य गर्न अग्रसर हुन्छ । तथा हाम्रो दैनिक जीवनमा कुशल चित्त अभिवृद्धि गर्न मद्दत गर्दछ । यसले गर्दा यस जीवनमा पनि सुख र आनन्दपूर्वक जीवन बिताउन सकिन्छ । र परलोकको जीवनलाई सुधार गरी जन्म र मरणको भवचक्रबाट सधैँको लागि मुक्त हुन सकिन्छ । यसरी नै सुख वेदनासित सम्प्रयुत्त धर्महरू, दुःख वेदनासित सम्प्रयुत्त धर्म, उपेक्षा वेदनासित सम्प्रयुत्त धर्म आदि हिसाबले धर्मलाई जान्नु र बुझ्नु पर्दछ ।

**ञेय्ये सङ्खारविकारलक्खणनिब्बानपञ्ञत्तिवसेन पञ्चविधे ञेत्रये ।**[८६] अर्थात- संस्कार, विकार, लक्षण, निर्वाण र प्रज्ञप्ति हिसाबले पाँच प्रकारका जान्नु पर्ने छन् ।सङ्खार -बनाउने स्वभाव(चित्त १ र चैतसिक ५२ वटा गरी नाम धर्म ५३ र निप्फन्न रूप १८), विकार-परिवर्तन तथा नाश हुने स्वभाव (विञ्ञत्ति रूप २, लहुता, मुदुता, कम्मञ्ञता गरी विकार रूप ५वटा), लक्खण - उपचय, सन्तति, जरता, अनिच्चता भन्ने लक्षण रूप ४ वटा), निर्वाण र विभिन्न प्रकारले जनाउने बुझाउने स्वभाव भएको प्रज्ञप्तिलाई जान्नुपर्ने धर्म हो ।

**१६. युत्तियं :**

**"नेस धम्मो महाराज, यं त्वं गच्छेय्य एकको । अहम्पि तेन गच्छामि, येन गच्छसि खत्तिया"ति**[८७] **आदीसु युत्तियं वत्तति ।**[८८] महाराज, जुन तपाई एक्लै जाने भने त्यो धर्म होइन । म पनि त्यो बाटो जान्छु, जुन क्षत्रिय (महाराज) जानु हुन्छ भनी आदिहरूमा न्यायको अर्थमा धर्म रहन्छ । **नेस धम्मोति न एसो सभावो, नेतं कारणं**[८९] **नेस धम्मो** भन्नाले न यो स्वभाव हो, न यो कारण हो । भनी उचित वा न्यायपूर्ण नभएको कुरा बोधिसत्व वेस्सन्तर महाराजलाई मद्दिदेवीले विरह गरी गाथाद्वारा व्यक्त गर्नु भएको हो । यहाँ धर्मलाई न्यायको अर्थमा प्रयोग गरिएको छ । कच्चानि जातक अर्थकथामा एक वृद्ध आमालाई बुहारीको कुरा सुनी विना कारण अन्यायपूर्वक आफ्नो छोराले घरबाट निकाली दिए । ती वृद्ध आमाले लोकमा धर्म मऱ्यो भनी धर्मको श्राद्ध गरे । त्यसबेला देवराज इन्द्रले कहिले पनि उत्तम धर्म मर्दैन भनी आमालाई आफ्नो स्थान दिलाए । यहाँ न्यायको अर्थमा धर्मलाई बुझ्नु पर्दछ ।

*( क्रमशः अर्को अङ्कमा )*

७७ ऐजन ।
७८ पूर्वोक्त पादटिप्पणी नं. ४५, पृ. २४५ ।
७९ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
८० भिक्षु बुद्धघोष, **महासतिपट्ठान सूत्र**, काठमाडौंः डा. धम्मविजया गुरूमां, २०७८, पृ. २४ ।
८१ दसकनिपातपालि (अ.नि.), पृ. ४३२, तिपिटक पालि रीडर एप्लिकेशन ।
८२ पूर्वोक्त पादटिप्पणी नं. ४२ ।
८३ भिक्षु बोधिसेन, अङ्गुत्तरनिकाय, बनेपाः बोधिचर्या विहारका बौद्ध तिर्थयात्री, २०७५, पृ. १५७ ।
८४ पूर्वोक्त पादटिप्पणी नं. ४६, पृ. १, तिपिटक पालि रीडर एप्लिकेशन ।
८५ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
८६ अभिधानप्पदीपिकाटीका, पृ. ५०५, तिपिटक पालि



# तृष्णा मार खः

✍ प्रेमलक्ष्मी तुलाधर, ङत

तृष्णा भीगु जीवनय् छगू प्रकारया मार खः । मार भीगु भिंगु बानी, भिंगु ज्याय् पंगलः जुयाबी । भीसं शरीर, वचन व मनं खँल्हाःसां, ज्या याःसां थः पाखें मेपिन्त दुःख मज्वीमा, थःत नं मेपिन्त नं भिं ज्वीमा धयागु मनं तुनाः न्ह्यब्वाई । तर भतीचा स्मृति छखे लाइगु इलय् मचायक हे अकुशल चेतना वा चेतसिक (लोभ, द्वेष, मोह) तीजक वयाः भीगु चित्तयात बुलुकाः स्वार्थया बसे वनाः खँ ल्हाय्गु व ज्या याय्गु, जूवनेयो । थुगु कारणं कुशल ज्या याय् धासां अकुशल जूवनेफु । थुकीयात धाई मारं भीगु मनयात क्वथःगु । अथे जूगु कारणं भगवान् बुद्धं न्ह्यागु अवस्थाय् नं होश तय्गु लागि सल्लाह बियाबिज्याःगु खः ।

तृष्णा रूपी जालय् ततःक्यनाः मारं क्वथय्का च्वंत्तले भीगु जीवन गबलें सुखी ज्वी फैमखु । मनय् असन्तुष्टता भावना दत्तले थ्व मदु व मदु, थ्व माल व माल धाय्गु लोभं जाःगु चेतनां भीत गुबलें याउँक तईमखु । त्याग चेतना उत्पन्न याय् मफईगु मूल कारण हे लोभ चेतना खः । उकें लोभ रूपी अकुशल चेतनायात थुईकाः वनेफत धाःसा मारयात त्याकेत ताःलाई । बुद्ध शिक्षायात भीगु जीवने छ्येलेत अःपुई । मेकथं धाय्गु खःसा थःगु चित्तय् वःगु चेतसिकयात चाय्काः अकुशल कर्म लिचिलिम्ह व्यक्ति जक भिम्ह मनू ज्वीत ताःलाई । अथे जूगुलिं प्रज्ञा न्ह्यब्वाकाः खः मखु छुटे याय् फय्क्यगु भीगु कर्तव्य खः । थुकथं थ्वीके मफया च्वंगु हुनिं थौंकन्हे छम्ह मिसा व छम्ह मिजंया जीवनय् जक हे सीमित जुयाच्वंगु खनेदु । गुकी धर्म, कर्म व कर्तव्य आदि छुं नं दैमखु । भचा थम्हं धयाथे मन्त वा थःगु स्वार्थ पुरे मजुलकि सिईत व स्यायत् नं लिफः स्वईमखु । सीधुनकि सिधल धकाः च्वनी । तर वयां लिपाया गति व क्लेशं पूर्णगु चित्तं गज्याःगु गति दयकी धयागु इमिसं सियाच्वनी मखु । जोशय् होश छखे लाकाः ज्या याइपिनि गति भिनी मखु । मां बौया याकः काय्, याकः म्ह्याय् जुयाच्वनी । काय्म्ह्याय्पिं थुकथं ताले मलाना बिलकि विचरा मां बौपिं अनाथ जुयाः हाःनाः मदय्का च्वनेमालेयो । अथे जूगुलिं इलय् हे होश पूर्वक जीवनयात थ्वीका च्वनेमाः ।

भगवान् बुद्धया उपदेश कथं "पेमतो जायति सोको, पेमतो जायते भयं, पेमतो विप्पमुत्तस्स नत्थि सोको कुतो भयं" अर्थात् प्रेमं हे शोक ज्वी प्रेम हे भय उत्पन्न ज्वी, प्रेमपाखें मुक्त ज्वीफत धाःसा न शोक ज्वी, म भय हे ज्वी ।

प्रज्ञाया मिखां स्वय्मफुतल्ले मनूत कांत थें जूपिं यक्को दु । तर प्रज्ञाया मिखा दुपिं धाःसा कम हे जक दु थ्व संसारय् । उकें हे ज्वी तृष्णाया जालं मुक्त ज्वीपिं नं भतीचा जक हे दु । जाले मक्योपिं भ्रंगःत भतीचा जक जूथें सुगती वनेफुपिं मनूत नं भतीचा जक हे ज्वी ।

थौंकन्हेया वातावरणं मां बौया अपो यानाः लिमलाः । थः मचातय्त खःकथं शिक्षा बीगु ई बिइमफुतकि नं थथे ज्वीयो खनी । मां बौपिनि थः मचात आखः ब्वंवनाच्वन धकाः धुक्क जुयाच्वनी । तर मचातय्त इलय् नैतिक शिक्षा बीमफुगु कारणं इमिगु लँ मखुथाय् बेकोथाय् फहिला च्वने धुंकी । अथे जूगु कारणं भगवान् बुद्धया अमूल्य ज्ञान दुथ्याःगु परियत्ति शिक्षा मां बौ नं नं ब्वनेमाः, मचातय्त नं उगु शिक्षा इलय्हे स्यनातय्माः । थुगु शिक्षां नैतिकता स्यनाः छु याय्ज्यू छु याय्मज्यू, थःगु कर्तव्य छुखः, कर्तव्य पालन जूसा हे तिनि धर्म पालन ज्वीगु खनी, धर्म पालन जूपिन्त हे तिनि धर्म साथ बीयो खनी धयागु यथार्थतायात थ्वीके फै । थुकथं थ्वीके मफुगु कारणं तृष्णा रूपी मारं प्रेमया रूप कयाः आशक्तिया वसय् वनाः भचा थम्हं धयाथे मन्तकि हे मेगु उपाय छुं हे मखनाः आत्महत्याया उपाय छ्य्लीपिं यक्कों खनेदयाच्वंगु दु । तर बुद्ध शिक्षा थूपिसं थःगु मन क्वथ्याःथाय् मखु थःगु मैत्री क्वथ्याःथाय् मखु थःस्वयाः थथ्याःपिं मां बौया गुण

निं लुमंकी । थुजोपिं ज्ञानं सम्पन्नपिसं तृष्णारूपी प्रेम जालयात चफ्फुनाः थःत अनन्त गुणं जायकाः हुर्केयापिं मां बौयात भरोसा बीगु ज्याय् थःत तक्यंकाः कर्तव्य पालन याय्गु ज्या याई । थुकिं इपिं धर्मं थःत रक्षा याके फयाः भाग्यँ साथ बीकाः सिनानं म्वानाच्वपिं ज्वीफै । भगवान् बुद्ध परिनिर्वाण जुया विज्याःगु २६०० वर्ष दय्धुंका नं थौंतक नं वसपोल म्वानाच्वंगु हे दु भ्हीगु लागि ।

भ्हीगु थ्व शरीर पिने पिचुगु छ्यंगुलिं भुनाताःगु दुसा दुने पथवी धातुकथं, सँ, चिमिसं, लुसी, वा, छ्यंगू, ला, हिनू व सँय्प्वांय, क्वँय, स्यो, जलस्यँ नुगःचु, पिलि, अःपि, स्वँ, तपुगु आतापति, चिपुगु आतापति, प्वाः, मल, न्ह्य्पु आदि घच्चायापुगु तत्वंत जक जायाच्वंगु दु । आपो धातु धकाः न्हि, खई, ख्वबि, हि, लाः, पिशाव आदि घच्चायापुगु भिंनिता प्रकारया तरल पदार्थ जायाच्वंगु दु । वायो धातु धका खुगू प्रकारया नवःगु वायुतसें जायाच्वंगु दु सा तेजो धातुधका प्यंगू प्रकारया क्वाःजः दुःथ्व शरीरय् ।

क्वँयया नगर दय्का तल लाहिँ लेपन यानातल थज्यागु शरीरय् घच्चायापुगु ३२ प्रकारया पदार्थ जायाच्वंगु दु । थुकीयात विपश्यना ध्यान बाँलाक याना अन्तर्मुखी जुयाः मनं स्वय फुपिसं हे जक भ्हीगु शरीरया यथार्थयात खंके फै । थथे खंके फुपिसं जक थुगु शरीरयात भ्रमय् लानाः बाँलाः । यो, यइपुसेच्वं धकाः धाय्फैहै मखु । अथे खंके फुपिन्त तृष्णाया जाले तक्यंके फैहे मखु । थ्व संसारया नियति जक खः धकाः लोभ लालचया जाः ग्वयाताःगु संसारया वास्तविकतायात थ्वीकाः सत्ययात ज्वनाः संसारया अनित्य दुःख व अनात्म स्वभावयात थ्वीके फै ।

चतु आर्य सत्ययात थ्वीके फुपिसं थ्व संसारे जन्मकात्तले च्यागू प्रकारया दुःखं लिनाच्वनीगु चाय्क्य फै थुगु दुःखया परिचय थुकथं दु –

(१) जन्म ज्वीमाःगु हे दुःख खः (२) बुढाबुढी ज्वीमाःगु दुःख (३) रोगं कय्काच्वनेमाःगु दुःख (४) सीमाःगु दुःख (५) मयोपिंनाप ह्वनाच्वनेमाःगु दुःख (६) योपिंनाप बायाच्वनेमाःगु दुःख (७) थम्हं इच्छायानागु पूरा मजूगु दुःख (८) संक्षिप्तं धाय्गु खःसा पञ्चस्कन्ध धारण यानाच्वने मात्तले दुःख हे खः ।

संसारया त्रिलक्षण स्वभाव अनित्य, दुःख व अनात्म मध्ये अनात्म धयागु हे थम्हं धयाथैं तय्मफुगु थ्व संसारयात धाःगु खः । भ्हीगु थःगु शरीर हे थःम्हं धयाथें मदु । रोग ज्वीगु मयो तर रोग जुयाहे च्वनी । बुढाबुढी ज्वीगु मयो, तर बुढाबुढी जुयाहे वनी । उकें संसारया त्रिलक्षण स्वभावयात बांलाक थ्वीकाः

(१) काम तण्हा पञ्च इन्द्रिय द्वारं मन पित छ्वयाः भौतिक सुख सुविधा भोग याय्गुली बेहोश ज्वीगु बानी हटय् याय्माल ।

(२) भव तण्हा - संसारय् हानं छको जन्म कयाः ल्यासे ल्याय्म्ह ज्वीगु लोभीपना हटेयाय्गु स्वय्माल ।

(३) विभव तण्हा - मरणं लिपा हानं जन्म काय्म्वाः । भिंगु यानायानं फल मदु । मभिंगु यानाया नं फल भोग याय्म्वाः धयागु मिथ्या धारणा हटेयाय्माल ।

थुकथं बुद्ध शिक्षायात बाँलाक थ्वीकाः अभ्यास याय्त आर्य अष्टांङ्गिक मार्ग, सप्त रत्नधन, व मंगल सूत्त, आदि अध्ययन यानाः थुकीयात थःगु जीवनय् छय्ला नं यंके मालं । भगवान् बुद्धया थ्व शिक्षां आदोकल्याण, मध्य कल्याण व परयोसान थ्यंक कल्याण जुयाः जन्म मरण चक्रं हे मुक्तगु निर्वाण थ्यंकेगु लँपु खः धकाः थ्वीके फय्मा । थ्वहे जीवनया सार खः ।

## धर्मकीर्ति पत्रिका विशेष सदस्य

*क्र.सं. ९६३*

**अमिर शाक्य**

कनिबहाल, ललितपुर-६

रु. २,०००/–

*क्र.सं. ९६४*

**विमला हेरा ताम्राकार**

महाबौद्ध, काठमाडौं

रु. २,०००/–

क्र.सं. ९६५

**पार्वती चित्रकार**

न्ह्योखा, काठमाडौं

रू २०००/-





# Strengthening Peace and Happiness for Human Society

✍ **Ven. Kondanya**

**Introduction:**

Humans are naturally peace lovers. Every human being craves for happiness. Peace and happiness are the mental state which all living beings are pursuing for. Though Peace and happiness are two different terms, it is said that peace is the highest happiness. People do hard works to earn more money in pursuit of happiness. To contemplate deeply, they are actually suffering every moment either physically, mentally or emotionally for accumulation of money to be in peace and happiness . Not realizing that peace comes from the very within, they are searching outside in the materialistic world that doesn't last long.

People prefer many ways to find peace. Some read books, some watch movies, some visit many new places, take adventurous journey and some go to retreat center for meditation. But to strengthen pure peace and happiness, one should practice the three pillars of Buddhism i.e Dana (generosity), Sila (moral virtue) and Bhavana meditation. Moreover being a social being one should practice humanity, altruism and philanthropic activities. Truest Peace and happiness come from giving and sharing selflessly rather than taking and collecting a large amount of money in bank account. We should respect every human being on the earth. We should not judge others from the point of view or on the basis of birthplace, caste, creed, color, parents, family background, gender, language and so on . If we give respect and love to others, we also gain the same in return, as it is said ; 'Treat people the way you want to be treated. Talk the people in the way you want to be talked to. Respect is earned, not given.'

The Buddha has classified humankind into four groups –

01) One who works for his own good, but not for the good of others - This mean he who strives for the abolition if evil thoughts, word and action in himself but he does not encourage others to abolish greed, hatred and delusion.

02) One who works for the good of others, but no for his own - This mean he who encourages others to abolish evil thoughts, words and action but does not strive for the abolition of greed, hate and delusion in himself.

03) One who works neither for his own good, nor for the good of others - This means he who neither strives for the abolition of evil thoughts, words and actions of himself, nor does he encourage others to abolish greed, hatred and delusion.

04) One who works for his own good as well as good for others - This means he who strives for the abolition of evil thoughts, word and actions of himself and also encourages others to abolish greed, hatred and delusion. (Anguttar Nikaya)

The suitable groups for human society is one who works for his own good as well for the good of others, maintaining good relationship build on mutual trust and respect.

**Statement of the Problem:**

Humanity in today's world is unfortunately on the verge of extinction. There are many humans but no humanity. Killing, blood-shedding, stealing are common. People suffer from frustration, pain, stress and depression. When they cannot handle the situation, they start to harm others. When works are not as per their wish, they find their life useless and cannot bear any more torture, thus they commit

suicide. Many inhuman activities are being carried out in the name of protecting humanity. Now a days, if anyone get in trouble, or meets an accident, people instead of saving his life, they record the video and post the incident on social media. People press liked button to the photos to show sympathy to humanity. They would post on social media but not actually doing anything for them. This is the bitter reality of modern world .

Human beings are very proud of their knowledge but the knowledge is completely based on materialism which makes them cynical, extremely selfish and insane and full of ego . People only run after money to multiply their bank account not realizing that there is life beside that to live with children, with father, mother and other family members. They only realize their values when they have gone forever from their life. One cannot control people and circumstances every single day. Giving a little amount of money to needy one may be a simple act for us but that act can change their lives . One life affect the others. Helping others selflessly is called humanity. Humanity is defined as a virtue associated with basic ethic of altruism, kindness, benevolence, sympathy extended universally and impartially to all human beings. People should be determined to share each other's happiness and sorrow that benefit themselves. The outcome will be the prosperous society, country and gradually the whole world. Prosperity without peace is total chaos. If a little part of humanity exists anywhere, life becomes incredibly different on whole world.

**Objectives:**

To know the value of real peace and happiness, first we should know the significance of each single life. Every single life is important and have equal right to live on this earth. Like we love our life, we should respect each living creature. As it is said in Dhammapada -

"Sabbe tasanti dandassa, sabbesam jivitam piyam, Attānam upamam, katvā, na haneyya na ghātaye." (Dhammapada Verse 130)

All tremble at violence; life is dear to all . Putting oneself in the place of another, one should not kill nor cause another to kill . Through this verse, we come to know that every living being loves their life equally as we do to ourselves.

Good life means to live in a proper way, Dhammika (in righteous ) way, like practicing the generosity by giving, in charity and following the discipline , In Buddhism, five precepts constitute the basic codes of ethics. These are the fundamental principles of good conduct to be a good citizen for the benefit of all living being and to live with love and compassion in the society. Five precepts in Buddhism are -

01) Not killing **(Panātipātā veramani)** - is proportional to protecting and respecting each life.

02) Not stealing **(Adinnādānā vermani)** - is proportional to protecting and respecting others wealth and property.

03) Not indulging is sexual misconduct **(Kāmesu micchācārā veramani)** - means respecting relationship .

04) Not lying **(Musāvadā vermani)** - means beong humble, trustworthy and respectful and honest.

05) Not taking intoxicant **(Surāmerayamajja pamādatthānā vermani)** - which means to maintain clear and alert mind.

In addition to that, cultivating generosity by giving Charity to needy people, fulfilling their basic need are what the humanity is, providing food to the hungry, visiting to orphanage home, old age centre, hospitals and distribute the wanted materials. This is called **Dāna Parami** in Bddhism. Many Eye and blood donation campaigns are carried out in the society which means donating the part of the body is called as **Dana Upapārami**. Working hand is hand makes anything possible. These type of contribution to society should continue for human service. To provide service to people, one should perform the purest act of kindness. The way of life becomes extremely beautiful and free form all types of evil, if one cultivate four sublime virtues **(Chatubrahma Viharā),** These are Loving-kindness **(Mettā)**, Compassion **(Karunā)**, Altruistic joy **(Muditā)**

and Equanimity **(Upekkhā)**. Human beings are supposed to help one another, motivate one another, and give love, respect and support to one another to be perfect, physically mentally and emotionally. This is called art of living .

Our purposes should be to provide service to other human beings. We should determine ourselves to concentrate on peaceful and positive state of mind. So this is the perfect opportunity for us to do the social work as per one's potentiality. For that we have to recognize the value of every single life. We have to understand the value of humanity to respect each other with dignity. Sympathy and Empathy should be developed to understand others sufferings to help to overcome them.

The Buddha further paved the practical and systematic way out from suffering. They are Eightfold Path, which is the part of Four Noble Truth . The heart of Buddhist teaching lies in practicing these noble paths. The noble eightfold path comprises of eight different aspects to improve and monitor our physical, mental as well as spiritual life . These are the practices of –

01) Right understanding **(Sammā ditthi)**
